# नगर शिक्षा योजना

आर्थिक वर्ष २०८२/८३–२०९१/९२

**प्युठान नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

बिजुवार, प्युठान

**लुम्बिनी प्रदेश, नेपाल**

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| क) विषय प्रवेश | | १ |
| परिच्छेद १ : परिचय | | ६-१४ |
| १.१ वर्तमान अवस्था | | ६ |
| १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण | | १३ |
| ख) शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण | | १४ |
| परिच्छेद २ : दूरदृष्टि, उदेश्य , रणनीति तथा लक्ष्य निर्धारण | | १५-२४ |
| २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार | | १५ |
| २.२ दूरदृष्टि | | १८ |
| २.३ लक्ष्य | | १८ |
| २.४ उदेश्य | | १८ |
| २.५ रणनीति | | १८ |
| २.६ कार्यनीति | | १९ |
| २.७ अपेक्षित उपलब्धि | | २१ |
| २.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण | | २१ |
| परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्र | | २५-५१ |
| ३.१ प्रारम्भिक बालविकास र शिक्षा | | २५ |
| ३.२ आधारभूत शिक्षा | | २९ |
| ३.३ माध्यमिक शिक्षा | | ३५ |
| ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | | ४२ |
| ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | | ४७ |
| परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र | | ५२- ८१ |
| ४.१ पाठ्यक्रम , पाठ्यपुस्तक , सिकाइ सामग्री तथा मूल्याङ्कन | | ५२ |
| ४.२ शिक्षक व्यवस्थापन र विकास | | ५५ |
| ४.३ शैक्षिक समता र समावेशीकरण | | ६० |
| ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | ६४ |
| ४.५ विद्यालय सुरक्षा , विपत् न्यूनीकरण तथा उत्थानशीलता | | ६९ |
| ४.६ विद्यालय भौतिक पूर्वाधार विकास | | ७३ |
| ४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि | | ७८ |
| परिच्छेद ५ : अन्य उपक्षेत्र | | ८२- ८५ |
| ५.१ विद्यालय समुदाय सम्वन्ध | | ८२ |
| परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन | | ८६-९४ |
| ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | | ८६ |
| ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | | ९० |
| परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन | | ९५-९९ |
| परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन | | १००-१०३ |

# नगर शिक्षा योजना

## आर्थिक वर्ष २०८२/८३–२०९१/९२

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०१/११

### शिक्षा योजना निर्माण कार्यदल

संयोजक: श्री केशवराज गौतम (नगर शिक्षा समिति सदस्य तथा पुर्व उपसचिव)

सदस्य: श्री नरेन्द्र पुन मगर (सामाजिक विकास समिति संयोजक )

सदस्य: श्री जगन्नाथ पोख्रेल (उपप्रध्यापक)

सदस्य: श्री मुक्ति प्रसाद पोख्रेल (माध्यमिक द्वितीय)

सदस्य: श्री केशवराज पण्डित (माध्यमिक द्वितीय)

सदस्य: श्री रामचन्द्र जोशी (EGL कार्यक्रम संयोजक )

सदस्य: श्री कृष्ण प्रसाद घिमिरे (प्राथमिक तृतीय)

सदस्य: श्री बेली विश्वकर्मा (प्राथमिक तृतीय)

सदस्य: श्री प्रतिमा पौडेल (सहायक शिक्षा अधिकृत )

सदस्य सचिव : श्री बासुदेव पण्डित (शिक्षा अधिकृत)

**प्रकाशक:**

**प्युठान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
बिजुवार, प्युठान
**लुम्बिनी प्रदेश, नेपाल**

**सर्वाधिकार: प्युठान नगरपालिका**

## क) विषय प्रवेश

शिक्षा मानव विकास एवम् परिवर्तनको मुख्य आधार हो। मानव समाजको विकास तथा परिवर्तनको आधारशिला पनि शिक्षा हो। राष्ट्र विकासका लागि चाहिने सक्षम जनशक्ति तयार गर्न तथा जिम्मेवार नागरिकको विकास गर्न प्रत्येक राष्ट्रले शिक्षा विकासमा ठूलो लगानी गरेका हुन्छन। विद्यालय देखी उच्च शिक्षा सम्मको लगानी राष्ट्रले गरेको हुन्छ। हाल विद्यालय शिक्षा सबैको प्राथमिकतामा पर्दै चासो र चिन्ताको विषय पनि बनेको छ। हाम्रो प्युठान नगरपालिका पनि यसबाट अछुतो रहेको छैन। यसले नीति नियमकारी ढाँचा लगायत संरचनात्मक तथा कार्यमूलक सुधार सहित समग्र परीमार्जित र परिष्कृत शिक्षा प्रणालीको माग राख्दछ। शिक्षालाई नागरिकको मौलिक हकको रुपमा प्रत्याभूति गर्नूका साथै सङ्घीय, प्रान्तीय, र स्थानीय तहका लागि शिक्षा अधिकारका सम्बन्धमा निर्देशक सिद्धान्त प्रतिपादन गरेको छ। नेपालको संविधान (२०७२) ले धारा ३१ मा शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी अनिवार्य तथा निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गरेको छ। त्यस्तै बालबालिका सम्वन्धि हक, महिलालाई शिक्षामा समान पहुँच पुर्‍याउन शिक्षाको अधिकारहरु दिइएको छ। राष्ट्रका तीनवटै तहमा उच्च शिक्षाका लागि विद्यालय तथा विश्वविद्यालय खोल्न पाउने अधिकार अनुसुचीहरुमा प्रष्ट व्यवस्था छ।
नेपालको संविधान २०७२ ले राष्ट्रिय शिक्षा नीति २०७६ मा पनि शिक्षाको लगानीलाई प्राथमिकतामा राखी राष्ट्रिय नीति जारी गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७, सोह्रौ पञ्चवर्षिय योजना आ. व. २०८१।०८२ देखि २०८५।०८६ ले समेत पाँच वर्ष र सोभन्दा माथिको साक्षारतादर १००% शत प्रतिशत पुर्‍याउने, शिक्षण सिकाइमा इन्टरनेटको पहुँच भएका शैक्षिक संस्था शत प्रतिशत पुर्‍याउने लक्ष्य लिएको छ त्यस्तै विद्यालय शिक्षा क्षेत्र योजना २०७७ मा भएको व्यवस्थानुसार हाम्रो प्युठान नगरपालिकामा पनि शिक्षामा सुधारका लागि शिक्षा योजनाको आवश्यकता महसुस गरिएकोले यो योजना तयार पारिएको छ।

नेपाल सरकारले इन्चोन सम्मेलनमा तय गरिएका विश्वव्यापी घोषणामा हस्ताक्षर गरी सन् २०३० सम्म नेपालको सार्वजनिक शिक्षा सुदृढीकरण गर्ने प्रतिबद्धता जनाएको छ। सार्वजनिक शिक्षामा पहुँच वृद्धि भएसँगै गुणस्तरमा समेत सुधार गर्ने मुख्य लक्ष्य सहित वि.स २०७९ सम्ममा नेपाललाई अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रको रुपमा स्तरोन्नति गरी वि. स २०८७ सम्म मध्येम आय भएको मुलुकको स्तरमा पुग्ने दुरदृष्टिमा केन्द्रित रहेर नेपालमा हाल क्षेत्रगत योजनाका रूपमा विद्यालय क्षेत्र विकास योजना (SESP) निर्माण भई कार्यान्वयनमा रहेको अवस्था छ। निजी, सरकारी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने नीति लिइने जनाइएको छ। उद्यमशीलता उन्मुख स्वरोजगारका लागि व्यवसायिक तालिमको उपलब्धता सँगै सुरुवाती पुँजी लगानीमा सहयोग गर्ने, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण, ज्ञान, सीप, प्रविधिको उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने लगायतका विषय अवधारणापत्रमा राखिएका छन्। सीमान्तकृत वर्ग तथा समुदायको सशक्तीकरण र सकारात्मक विभेद मार्फत् समावेशी रोजगार प्रवर्द्धन गर्ने, आप्रवासी कामदारको नियमन गरी आन्तरिक श्रम बजारमा स्वदेशी श्रमिकलाई प्राथमिकता दिने १६ औ योजनाको मर्म अनुरुप अघि बढ्नुपर्ने देखिन्छ। प्युठान नगरपालिकाको योजनाले दिगो विकासका लक्ष्यहरु, सबैका लागि समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षाको सुनिश्चितता, जीवन पर्यन्त सिकाइका अवसर प्रवर्द्धन गर्ने ध्येयलाई पनि अङ्गको रुपमा लिईएको छ। त्यस अनुसारको नागरिक उत्पादनको लागि यस नगरपालिकाले पनि प्रयास गर्नु वाञ्छनिय भएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्च तथा दस्तावेजमा गरेका प्रतिवद्धताहरूलाई समेत आत्मसात गरी तत–तत् दस्तावेजको कार्यान्वयनमा जोड दिइरहेको छ। तर सीमित स्रोत साधन र असीमित आवश्यकताले गर्दा प्युठान नगरपालिकाले यी

सबै कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनलाई चुनौतीको रुपमा लिइरहेको छ। यसका लागि अन्य स्थानीय तह प्रदेश तथा सङ्घ सरकार र सहयोगी सङ्घसँस्थाहरूसँग निरन्तर समन्वय गरी आवश्यक सहयोग जुटाउन समेत नगरपालिका प्रयासरत रहेको छ। वर्तमान शिक्षा प्रणालीका शिक्षक, विद्यार्थी, व्यवस्थापन, प्रशासन, नेतृत्व, पाठ्यक्रम, पाठ्यपुस्तक, लगानी, पठनपाठन प्रक्रिया, मूल्याङ्कन प्रणालीमा सुधार गर्न खोज्दा पनि सोचेजस्तो सुधार हुन सकेको छैन। नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी दिइएको छ। प्राविधिक तथा व्यवसायिक शिक्षा स्थानीय, प्रदेश एवम् सङ्घीय सरकारको साझा जिम्मेवारीमा रहेको स्थितिमा शिक्षालाई कसरी व्यवहारिक प्रतिस्पर्धी वैज्ञानिक, रोजगार उन्मुख, गुणस्तरीय, जनमुखी, जीवनोपयोगी, अनुसन्धानमूलक ज्ञान यस नगरपालिकाका विविध मौलिक परम्परा, कला, संस्कृति, ज्ञान, सिप, प्रविधि आदिसँग जोड्दै आधुनिक प्रविधि, ज्ञान तथा सिपको पनि भरपूर प्रयोग गर्नसक्ने विद्यार्थी उत्पादन गर्ने भन्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ भने अर्कोतिर विविधता, समता, समावेशीता, पहुँच योग्यता र दिगो सिकाइ लाई जोड्दै शिक्षामा न्यून पहुँच भएका परिवारका बालबालिकाहरु, तह पुरा नगरी बीचैमा पढाइ छोड्ने बालबालिकाहरुका लागि शिक्षा प्रणालीको समतामूलक मूलधारमा समावेश गरी गुणस्तरीय शिक्षा प्रदान गर्न विशेष योजना र आवश्यक स्रोतको एकीकृत गर्नुपर्ने ठूलो आवश्यकता छ। राज्यको पुर्नसंरचना तथा विकेन्द्रीकरणको अवधारणा अनुसार आफ्नो सेवाक्षेत्रमा  शिक्षामा सकारात्मक परिवर्तनका लागि स्थानीय तहमा रहेर शिक्षाको गुणस्तर वृद्धि गर्दै विद्यालयको समग्र पक्षको सुधार, विद्यालय शिक्षामा लगानी तथा गुणस्तर कायम गर्न मार्ग निर्देश गर्ने शिक्षा क्षेत्रको समग्र विकासका लागि यस दिर्घकालिन १० वर्षे योजनाले मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

देशमा सङ्घीयता आइसकेपछि तीन ओटै तहको सरकारको कार्यविभाजन पश्चात निर्माण गरिएका ऐन नियम मध्ये स्थानीय सरकार सञ्चालन ऐन २०७४ जुन नेपालको संविधान २०७२ को अनुसूची ८ मा उल्लेख भए अनुसार उल्लेखित ऐनको दफा ११(ज) अनुसारका आधारभूत र माध्यमिक तहका लागि तय गरिएका २३ ओटा अधिकार कार्यान्वयनको सुनिश्चितता गर्न शिक्षा, विज्ञान, प्रविधि र संस्कृतिलाई समायोजन गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकतालाई पूरा गर्ने जनशक्ति निर्माणको आधारशीला तयार गर्न योजना निर्माणको आवश्यकता रहेको छ।
राष्ट्रिय शिक्षा नीति, २०७६, निःशुल्क तथा अनिवार्य शिक्षा ऐन तथा नियमावली, सोह्रौं पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्यले तय गरेका नीति, कार्यक्रमलाई आधार मान्दै शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्थानीय सरकारको लागि मार्ग निर्देश गरेको शिक्षा योजना निर्माणको खाका अनुरुपका विषयवस्तुहरु समावेश गरी १० वर्षीय शिक्षा योजनाको माध्यमबाट शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि भइरहेका पहलकदमीहरुमा उर्जा दिंदै योजनावद्ध ढंगले अगाडी बढ्नका लागि योजनाको आवश्यकता महसुस गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन दफा २४(१) अनुसार स्थानीय तहले पनि शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था बमोजिम शिक्षा तथा मानव स्रोत विकास केन्द्रले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan-SESP) २०७९ को परिमार्जित संस्करण २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको परिप्रेक्ष्यमा उक्त योजनाले तय गरेका उद्देश्य र रणनीतिहरुलाई आधार मान्दै शिक्षामा विविधता, समता, समावेशिता र पहुँचमा अभिवृद्धि गर्न गुणस्तरीय शिक्षाको सुनिश्चितता कायम गरी शिक्षा क्षेत्रलाई आधुनिकीकरणको गतिमा अगाडी बढाउन शिक्षा योजना निर्माणको आवश्यकता महसुस गरिएको छ।

## ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

शिक्षा योजना शैक्षिक व्यवस्थापनको एउटा अङ्ग हो । व्यवस्थित, प्रभावकारी र कुशल शैक्षिक व्यवस्थापनको लागि योजना निर्माण एउटा महत्वपूर्ण कार्य हो । उक्त शिक्षा योजनाले उपलब्ध स्रोत साधनको परिचालन गरी तोकिएको समयसीमा निर्धारित लक्ष्य, उद्देश्य र प्रतिफल हासिल गर्न मार्गचित्र प्रस्तुत गर्दछ । शिक्षा योजनाको आवश्यकतालाई देहायका बुँदाहरूबाट पुष्टि गर्न सकिन्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्थानीय तहका लागि स्वीकृत गरेको १० वर्षे शिक्षा योजनाको खाका अनुरुपका विषयवस्तुहरुलाई समावेश गरी प्युठान नगरपालिकाको शिक्षा क्षेत्रलाई अगाडि बढाउन साथै बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्न शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता देखिएको छ । भविष्यमा हासिल गर्ने लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजालाई परिभाषित गरी त्यसका लागि लिइने रणनीति, नीति, कार्यक्रम, प्राथमिकता र स्रोत साधनको समष्टिगत स्वरूप नै योजना हो । शिक्षा क्षेत्रको  योजनाले पनि विगतका अनुभवबाट प्राप्त ज्ञान र सूचनाको उपयोग गरी भविष्यको स्थिति र परिवेशको आकलन गर्दै शैक्षिक क्षेत्रमा गुणस्तर सहितको परिवर्तनको मार्गचित्र तयार गर्दछ । व्यवहारिक र नजितामूलक शिक्षा योजना तयार गर्न सान्दर्भिक सूचना, सरोकारवालासँग परामर्श, वस्तुस्थितिको विश्लेषण, योजनाको कार्यान्वयन, योजनाको अनुगमन तथा मूल्याङ्कन र पुनरावलोकन जस्ता विषयहरू समेटेर १० वर्षे बृहत योजना बनाउने जमर्को गरेको छ । सङ्क्षेपमा अहिले हाम्रो शिक्षा कस्तो अवस्थामा छ  र अबका वर्षहरुका निश्चित अवधि भित्र कस्तो अवस्थामा पुऱ्याउने भन्ने कुराको सुनिश्चितता यो योजनाले देखाउँछ ।

**औचित्य**

क. प्युठान नगरपालिका भित्र उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग र परिचालन गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न ।

ख. समय सापेक्ष र क्रमवद्ध रुपमा बालबालिकाहरुको सिकाइ उपलब्धिमा सुधार गर्ने रणनीति अवलम्बन गर्न ।

ग. स्थानीय सरकार र सरोकारवालाहरुबीच शैक्षिक गुणस्तर अभिवृद्धिका लागि संयन्त्र (mechanism) निर्माण गरी अघि बढ्न ।

घ. प्राविधिक तथा व्यावसायिक शिक्षाको सुधार, विस्तार गरी विविधता, समता, समावेशिता र पहुँचयोग्यताका लागि सिमान्तकृत समुदाय सहित सबैको पहुँच पुऱ्याउन ।

ङ. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई प्रवर्द्धन गर्न ।

च. शिक्षा प्रणालीमा सुशासन कायम गरी उत्तरदायित्व र जवाफदेहीता विकास गर्न ।

छ. सङ्घ, प्रदेश र स्थानीय तहका कार्यक्रममा दोहोरोपना हटाइ स्रोतको अधिकतम  परिचालन र उपयोग गर्न ।

## घ) शिक्षा योजना निर्माणका आधार

हाम्रो  प्युठान नगरपालिकाले  शिक्षा योजना निर्माण गर्दा निम्न लिखित दस्तावेजहरुको अध्यावधिक प्रतिलाई मूल आधार मानी शिक्षा योजना निर्माण गर्ने प्रयास गरेको छ ।

क) नेपालको संविधान

ख) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन, नियमावली,

ग) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) सन २०२२/०२३ देखि २०३१/०३२

घ) शिक्षा नीतिहरु मूलतः राष्ट्रिय शिक्षा नीति, २०७६ शिक्षाको सोचपत्र, सोह्रौँ योजना लगायत आवधिक योजना,

ङ) दिगो विकास लक्ष्य राष्ट्रिय प्रारूप

च) स्थानीय विकास योजना

छ) स्थानीय तहको मध्येमकालिन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट

ज) Recovery and Accelerated Learning (ReAL) Plan २०२३-२०२८

झ) विद्यालय शिक्षामा समता रणनीति

ञ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ट) विद्यालयगत भए गरेका आयव्यय विवरण (सकेसम्म सबै विद्यालयको)

ठ) अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाहरूको शिक्षासम्बन्धी कार्यक्रमहरू

ड) प्युठान नगरपालिकाको शिक्षा ऐन,२०७४ ( संशोधन सहित )

ढ) प्युठान नगरपालिका शिक्षा कार्यदलको प्रतिवेदन, २०७९

ण) Flash Report 2022/023

त) बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति, २०८०


थ) प्युठान नगरपालिका कृषि गणना

द) प्युठान नगरपालकाको बजेट पुस्तिका २०८१/०८२

ध) निर्देशिका,कार्यविधि तथा मापदण्डहरुको संगालो २०८१ आदि ।

**ङ) शिक्षा योजना निर्माण प्रक्रिया**

स्थानीय सरकारको कार्यक्षेत्र र अधिकारलाई प्रयोग गर्दै यस प्युठान नगरपालिकाले शिक्षा क्षेत्रलाई सुधारको बाटोमा अघि बढाउन नगर कार्यपालिका, नगर शिक्षा समिति लगायतका बिभिन्न फोरमहरुमा शिक्षा योजनाको आवश्यकता महसुस गरी छलफल गरिदै आएको छ । सोही अनुसार प्युठान नगरपालिकाले मिति २०८१ श्रावण ११ गते नगर शिक्षा समितिका संयोजक तथा नगर प्रमुख श्री बिष्णु बहादुर योगी ज्यूको अध्यक्षतामा नगर शिक्षा समितिका पदाधिकारीहरु सँग बैठक बसी शिक्षा योजना बनाउने निर्णय गरीएको थियो । उक्त कार्यशालामा नगर शिक्षा योजनामा समावेश गरिनुपर्ने विषयवस्तु माथि छलफल गरीएको थियो । नगर शिक्षा योजना तयार गर्नको लागि प्युठान नगर कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाका शिक्षा सेवाका निवृत्त उपसचिव श्री केशवराज गौतमको संयोजकत्वमा गठित १० सदस्यीय कार्यदलले विभिन्न समयमा नगर शिक्षा योजना निर्माण लेखन गरी विभिन्न मितिमा नगरपालिका स्तरीय विद्यालयका प्रधानाध्यापकहरुको बैठकबाट प्राप्त सुझावहरु, विभिन्न विद्वत वर्गहरुसँग छलफल, अन्तरक्रिया गरी यहाँहरुको अमूल्य सुझावहरुलाई यस शिक्षा योजनामा समावेश गरेको छ । उक्त योजनाको अन्तिम रुपलाई नगर शिक्षा शिक्षा समितिको बैठकको निर्णय सहित नगर कार्यपालिकाबाट पास गरी कार्यान्वयनमा लैजाने प्रक्रियाहरु अवलम्बन गरिएको थियो । यस प्युठान नगरपालिकाले शिक्षा योजना निर्माणमा सहभागितामूलक प्रक्रिया अवलम्बन गरेको थियो जुन प्रक्रियाहरु निम्नानुसार रहेका छन ।




**जोखा**

नेपालको सङ्घीय शासन प्रणाली अन्तर्गत विद्यालय शिक्षाको व्यवस्थापनका लागि तीनवटै सरकारको साझा दायित्व रहेता पनि व्यवहारिक रुपमा विद्यालय शिक्षाको सञ्चालनको समग्र जिम्मेवारी भने स्थानीय सरकारको रहेको छ l मुलुकमा सञ्चालित सामुदायिक विद्यालयहरूको व्यवस्थापन र सञ्चालनार्थ प्राय: सबै प्रकारका स्रोतहरू अन्तर सरकारी वित्तीय हस्तान्तरणका माध्यमबाट सङ्घीय सरकारबाट स्थानीय सरकारको कोषमा जाने गर्दछ र तोकिएका सर्त र आधारहरु अनुसार स्थनीय सरकारले सो कोषको व्यवस्थापन र परिचालन गरी विद्यालय शिक्षाको सञ्चालन गर्ने गर्दछ l यसका लागि मुलुकको संविधान र सोका आधारमा तय भएका तीनै तहका सरकारका सम्बन्धित नीति, ऐन, कानुन र नियमावली तथा निर्देशिकाहरुले तीनैवटै तहका सरकारहरूले आ-आफ्नो तहको शिक्षा क्षेत्रको योजना निर्माण गरी नेपालको संविधानका प्रावधानहरू र अन्तराष्ट्रिय स्तरमा नेपाल सरकारले जनाएका प्रतिबद्धताहरूलाई पुरा गर्ने गरी कार्यान्वयन गर्ने गराउने रहेको छ l यसैले तीनै तहका सरकारका तहमा शिक्षा क्षेत्र योजनाको निर्माण/विकास पहिलो प्राथमिकतामा रहेको छ। शिक्षा क्षेत्रको योजनाले एकातर्फ राष्ट्रिय, प्रदेश र स्थानीय तहको शिक्षा सुधारका लागि नीति र रणनीतिहरू प्रस्तुत गर्दछ भने अर्कोतर्फ योजनालाई प्रभावकारी कार्यान्वयन गर्न साझेदारहरूसँग समन्वय र थप आन्तरिक र बाह्य स्रोतहरू परिचालन गर्नका लागि महत्वपूर्ण माध्यमको रूपमा रहेको हुन्छ। शिक्षा क्षेत्रको योजना सबै सम्भावित लगानीकर्ताहरूलाई योजनाले अवलम्बन गरेका कार्यक्रम, रणनीति र कार्यनीतिहरू विश्वसनीय, दिगो र लगानी योग्य छन् भनी सङ्केत गर्न सम्बन्धित सरकारका लागि महत्वपूर्ण साधनको रुपमा उपयोग गरिन्छ।

**छ) योजनाको दस्तावेजको स्वरूप**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको स्थानीय तहको शिक्षा योजनाको खाकालाई स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ परिमार्जित तथा अद्यावधिक संस्करण २०८१ को अनुसूची १ अनुसार तयार गरिएको छ ।

## परिच्छेद १ : परिचय

### १. पृष्ठभूमि

प्युठान नगरपालिका नेपालको पुरानो प्रशासनिक विभाजन अनुसार मध्येपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत प्युठान जिल्लामा र हाल लुम्बिनी प्रदेश मा पर्दछ। नेपालको लुम्विनी प्रदेशमा पर्ने यस नगरपालिकामा झिमरुक नदीको वारिपारीका साविकका खलंगा, बिजुवार, धर्मावती, विजयनगर, दाखाक्वाडी, खैरा र मरन्ठाना गा. वि. स. हरु मिलेर १९ वटा वडासहितको नगरपालिका बनेकोमा स्थानीय तहको पुनर्संरचना पश्चात नेपाल सरकारले राजपत्रमा मिति २०७३ फागुन २६ को सुचना प्रकाशन गरे बमोजिम साविक प्युठान नगरपालिकाको वडा नं. ४, ६-१७, १९ तथा जुम्रीकाँढा र माझकोट गा. वि. स. हरु मिलाएर हालको प्युठान नगरपालिका स्थापना भएको हो। हाल यस नगरपालिकामा १० वटा वडाहरु रहेका र यसको केन्द्र वडा नम्बर ४ को बिजुवारमा रहेको छ। भौगोलिक हिसाबले यो नगरपालिका लुम्बिनी प्रदेशमा , प्युठान जिल्लाको मध्ये भागमा ८२ डिग्री ४६' ३०" देखि ८२ डिग्री ५७' ३०" पूर्वी देशान्तर र २८ डिग्री ३' ३०" देखि २८ डिग्री ११' उत्तरी अक्षांशसम्म फैलिएर रहेको छ।

यस पालिकामा शैक्षिक तर्फ सामुदायिक प्रा. वि. सङ्ख्या ३७, नि. मा. वि. ११, मा. वि. १६ गरी जम्मा ६४ वटा शिक्षण संस्थाहरू संचालित छन् यस मध्ये १२ निजी र १ शैक्षिक गुठी संस्था रहेका छन्। प्राकृतिक स्रोतको दृष्टिकोणले संभावनायुक्त, मानवीय स्रोतको दृष्टिकोणबाट नेतृत्व क्षमतायुक्त, राजनैतिक दल र सचेत एवम् उत्प्रेरित नगरपालिकाबासी यस नगरपालिकाको दिगो विकासका आधार स्तम्भका रूपमा रहेका छन्। यस नगरपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ।

### १.१ वर्तमान अवस्था

#### क) भौगोलिक अवस्थितिको विश्लेषण :

२८.९६ वर्ग कि.मि. क्षेत्रफल रहेको यस प्युठान नगरपालिका उत्तरमा नौबहिनी गाउँपालिका र रोल्पा जिल्ला, पश्चिमतिर स्वर्गद्धारी नगरपालिका र माण्डवी गाउँपालिका, दक्षिणमा मल्लरानी गाउँपालिका र माण्डवी गाउँपालिका र पूर्वमा झिमरुक गाउँपालिका रही संरचित छ। नेपाल सरकारको निर्णयअनुसार २०७३/११/२० साविकका गाविसहरू प्युठान न. पा.(४,६—१७,१९), माझकोट जुम्रीकाँढा गा. वि. स. हरू समेटी प्युठान नगरपालिका घोषणा गरिएको थियो। प्युठान नगरपालिकाको अधिकतम औसत तापक्रम ३२.० डिग्री सेल्सियस र न्यूनतम औसत तापक्रम ८.० डिग्री सेल्सियस रहेको पाईन्छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी क्षेत्री जाति १३५२९ जना (३२.१%), दोस्रोमा मगर ८,९७७ जना (२१.३० %) र तेस्रोमा पहाडी ब्राम्हण ४८७८ (११.६ % ) हरूको बसोबास रहेको छ। केही भाग ऐतिहासिक तथा शहरी क्षेत्रको रूपमा रहेको नगरपालिकामा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक स्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन्। औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ। यस नगरपालिकामा आधारभूतदेखि माध्यमिक तहसम्म शिक्षा प्रदान गर्ने शैक्षिक संस्था उल्लेख्य मात्रामा रहेका छन्। अध्ययनका लागि यस नगरपालिकाको शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका÷ नगरपालिकाबाट आउने गरेका छन्। ९८.२ प्रतिशत घरमा विद्युतीकरण भएको भएतापनि १.१ प्रतिशत घरमा सोलार र केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न


समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैँ, तिहार, तीज, होली, महाशिवरात्री, चैते दशै, रामनवमी, कृष्ण जन्माष्टमी, इद, छठपर्व, बुद्धजयन्ती, क्रिस्मस आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ ।

**प्राकृतिक दृश्यावलोकनका स्थानहरुः** लिस्ने पहाड-जुम्रीकाँढा, सुंगुरखाल हलहले डाँडा-विजयनगर, साततले डाँडा-मरन्ठाना, झुलेनी लेक-माझकोट, भित्रीकोट- वडा नं.४, गोरखपुरे भीर-मरन्ठाना, मरन्ठाना कोट, झिमरुक ड्यामसाईट- वडा नं. १, गाँजुरी सहिदपार्क – वडा नं. ७, युद्ध पर्यटकीय स्थल – वडा नं. ३, सिस्टर पार्क – वडा नं. १, कुटी – वडा नं. ८ हुन् भने ऐतिहासिक महत्वका स्थानहरुमा दाखाकोट दरबार-वडा नं २, रानीचौर- वडा नं. २, राजुराथान दरवार-वडा नं ७, वराहथान-वडा नं ७, भित्रिकोट – वडा नं. ४, खैराकोट – वडा नं. १ मा पर्दछन ।

**ख) प्युठान नगरपालिकाको जनसाङ्खिक संरचनाको विश्लेषण:**

जनसङ्ख्याको विवरण कुनैपनि स्थानको जनसङ्ख्या विकासको लागि महत्वपूर्ण साधन हो । विकासको लागि आवश्यक पर्ने विभिन्न साधनहरूको परिचालन मानवस्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस नगपालिकामा महिलाको साक्षरता दर ७८.८३ प्रतिशत, पुरुषको साक्षरता दर ९१.६१ प्रतिशत र जम्मा साक्षरता दर ८४.४६ प्रतिशत रहेको छ । अपाङ्गताको तथ्याक हेर्दा १३९३ जना (७४० जना पुरुष र ६६५ जना महिला ) छन । शिक्षा क्षेत्रको परिसूचकलाईं त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ । यसै अनुरूप यस नगरपालिकामा शैक्षिक शत्र २०८१/०८२ सम्म सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा नगरपालिकामा पठनपाठनका लागि आधारभूत (कक्षा १–८) विद्यालयको सङ्ख्या ४८, माध्यमिक विद्यालय १६  र स्वर्गद्धारी बहुमुखी क्याम्पस तथा झिम्रुक क्याम्पस बाग्दुला गरी जम्मा ६६ ओटा शिक्षण संस्थाहरू रहेका छन् । वर्तमान समयमा निजी क्षेत्रको संलग्नता बढ्दै गइरहेको अवस्थामा ग्रामीण क्षेत्रमा भने निजी क्षेत्रको न्यून संलग्नता देखिन्छ । राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस प्युठान नगरपालिकाको  उमेरगत जनसङ्ख्याको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| उमेर समूह | पुरुष | महिला | उमेर समूह | पुरुष | महिला |
|---|---|---|---|---|---|
| ९५ माथि | ३ | ११ | ४५-४९ | ७५९ | ११०५ |
| ९०-९४ | ५ | १४ | ४०-४४ | ९५५ | १३४९ |
| ८५-८९ | ३५ | ४३ | ३५-३९ | १०५२ | १६८६ |
| ८०-८४ | १०० | ११४ | ३०-३४ | १२४२ | १८९७ |
| ७५-७९ | २२४ | ३०० | २५-२९ | १२४१ | २१२१ |
| ७०-७४ | ३९४ | ४७३ | २०-२४ | १४१७ | २३८५ |
| ६५-६९ | ५१ | ६३३ | १५-१९ | २०७७ | २४४६ |
| ६०-६४ | ६४४ | ८४ | १४ –१४ | २४७६ | २३७० |
| ५५-५९ | ६७० | ७७० | ५–९ | २३५३ | १९४७ |
| ५०-५४ | ८४६ | १४ | ००-०४ | १८७५ | १६५० |




| जनसंख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| | २३२५१ | १८८७९ | ४२१३० |
| अल्पसंख्यक जनसख्या | लुम्बिनी प्रदेशमा ४३२ जना | | |
| अपाङ्गता प्रतिशत | २.८% | ३.९% | ३.३% |
| जनसख्या वृद्धिदर | ०.८८% | | |
| लैङ्गिक अनुपात | ८१.२० पुरुष प्रति १०० महिला | | |
| जनघनत्व | ३२७ जना प्रतिवर्ग कि.मि | | |

**ग. सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण:**

जनगणना २०७८ को तथ्याङ्कअनुसार क्षेत्री, मगर, पहाडी ब्राम्हण हरूको मिश्रित बसोबास रहेको छ । ३.७५ प्रतिशत परिवारको औसत आकार ८१.२० लैगिक अनुपात ०.८८ वार्षिक जनसख्या वृद्धिदर धार्मिक तिर्थस्थल एवम् धार्मिक मन्दिरहरुमा कालिका मन्दिर-विजुवार, भिमसेन मन्दिर-विजुवार, शिवालय मन्दिर-विजयनगर, खैराकोट-खैरा, राजुराथान मन्दिर-वडा नं. ४, क्षेत्रपाल मन्दिर-वडा नं ७, शिवगोपाल मन्दिर-वडा नं ३, जाल्पास्थान-वडा नं. ४, शिद्धमेहेलथान-वडा नं. ६, भूमिस्थान मन्दिर-वडा नं १, भूमेथान मन्दिर वडा नं ९, वृद्धिका थान मन्दिर वडा नं. ६, भित्रिकोट मन्दिर, गोरखनाथ मन्दिर वडा नं. १ र २, शिवालय मन्दिर बेलपत्रेश्वर महादेव वडा नं. १, खड्ग मन्दिर –वडा नं.४, ठाकुर बराह मन्दिर वडा नं. ५, सिद्ध फलारी – वडा नं. २ मा रहेका छन् ।

**घ. आर्थिक अवस्थाको विश्लेषण: मुख्य व्यवसाय, पेशा, व्यापार, रोजागरीका क्षेत्र (कृषि, उद्योग, पर्यटन आदि)।**

औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ। स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य स्रोतको रूपमा वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि व्यावसायको विकल्प खोजिरहेका यहाँका बासिन्दाले आधुनिक जीवनशैली समेत अपनाएका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्यधिक बढिरहेको छ। प्युठान जिल्लाका ५६१९५ घरपरिवारले साना उद्यम चलाएका छन।

| लिग | आर्थिक रुपमा सक्रिय जनसख्या १० बर्ष माथि | रोजगार | रोजगारदाता | आफ्नै ब्यापार, रोजगारी | परिवारको सदस्य लाई सहयोग गर्दै | शुरुवात नगरेको |
|---|---|---|---|---|---|---|
| पुरुष | ९२५६ | २९२९ | २१७ | ४६२७ | १४७० | १३ |
| महिला | ११८६२ | २१३६ | ६३ | ७१७१ | २४७९ | १३ |
| | २१११८ | ५०५६ | २८० | ११७९८ | ३९४९ | २६ |

**ङ शैक्षिक अवस्थाको विश्लेषण:**

वि. सं. २००८ सालमा यसै नगरपालिकामा अवस्थित मुक्ति मा. वि. रातामाटाको स्थापना सँगै प्युठानमा शैक्षिक इतिहासको शुरुवात भएको हो। भौगोलिक रुपले यो नगरपालिका दुर्गम पहाडी बस्ती, खोच टार बस्ती र समथर बेसीफाँटको बस्तीका रुपमा रहेको छ। शिक्षा क्षेत्रलाई पनि भौगोलिक स्वरुपले असर पारेको अवस्था छ। क्याम्पसहरु, प्राविधिक धारका विद्यालयहरु, निजी विद्यालयहरु र ऐतिहासिक रुपमा नाम चलेका माध्यामिक, आधारभूत र प्राथमिक विद्यालयहरु समथर बेसी फाँटमा रहेको शहर उन्मुख भौगोलिक क्षेत्रमा रहेका छन्। यहाँको समाज आर्थिक रुपले सबल र सक्षम छ। अभिभावकहरु शिक्षित र सचेत छन्। खोच टारका बस्तीहरुमा प्राथमिक र आधारभूत विद्यालयहरुको अभाव छैन। यहाँका बालबालिकाहरु शहर उन्मुख बस्तीका माध्यामिक विद्यालयमा शिक्षा आर्जन गर्न आउँछन्। भौगोलिक रुपले पहाडी दुर्गम बस्तीका लागि पनि माध्यमिक विद्यालय र प्राथमिक तथा आधारभूत विद्यालयको कमी छैन। दुर्गम गाउँ बस्तीमा पनि प्राथमिक तहका निजी विद्यालयहरु स्थापना भएको अवस्था छ। हाल यस नगरपालिकामा सामुदायिक विद्यालयको रुपमा ४ वटा प्राविधिक धारका विद्यालय, १२ वटा माध्यामिक विद्यालय ८ वटा आधारभूत विद्यालय, ३१ वटा प्राथमिक विद्यालय ७५ वटा बालविकास केन्द्र रहेका छन् भने १३ ओटा संस्थागत विद्यालयहरु छन। जनगणना २०७८ को प्रतिवेदन अनुसार यस नगपालिकामा महिलाको साक्षरता दर ७९.१६ प्रतिशत, पुरुषको साक्षरता दर ९१.८४ प्रतिशत र जम्मा साक्षरता दर ८४.७५ प्रतिशत रहेको छ भने प्युठान जिल्लाको महिलाको साक्षरता दर ७४.६१ प्रतिशत, पुरुषको साक्षरता दर ८८.२७ प्रतिशत र जम्मा साक्षरता दर ८०.६४ प्रतिशत रहेको छ तथा लुम्बिनी प्रदेशको महिलाको साक्षरता दर ७२.३६ प्रतिशत, पुरुषको साक्षरता दर ८५.६४ प्रतिशत र जम्मा साक्षरता दर ७८.६७ प्रतिशत रहेको छ त्यसैगरी नेपालको महिलाको साक्षरता दर ६९.४ प्रतिशत, पुरुषको साक्षरता दर ८३.८ प्रतिशत र जम्मा साक्षरता दर ७६.३ प्रतिशत रहेको छ।

शहर उन्मुख बस्तीमा त निजी विद्यालयहरु धेरै नै छन् । भन्दा यस नगरपालिकामा विद्यालयको कमी छैन । शहरउन्मुख बस्तीका प्राथमिक तथा आधाभूत विद्यालयमा भवन छ, शिक्षक दरबन्दी छ तर बालबालिका औंलामा गन्ने छन् र पनि ती बालबालिकाहरुको सिकाइ उपलब्धि सन्तोषजनक छैन । त्यसकारण शिक्षा योजनाले ठोस पहल कदमी चाली शिक्षाको स्तर माथि उकास्नुपर्ने अवस्थाको सिर्जना भएको छ ।

| लिङ्ग | ५ बर्ष माथिको जम्मा जनसख्या | पढ्न लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न लेख्न नसक्ने | शुरूवात नै नगरेका |
|---|---|---|---|---|---|
| पुरूष | १७००४ | १५५७७ | ३० | १३८७ | १० |
| महिला | २१६०१ | १७०२७ | ६३ | ४५०२ | ९ |
| जम्मा | ३८६०५ | ३२६०४ | ९३ | ५८८९ | १९ |

## तहगत विद्यालय विवरण

| क्र. सं. | तह | सामुदायिक | | | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | अनुमति | जम्मा | | | |
| १ | प्राथमिक १-५ | १७ | ११ | २८ | ६ | ३७ | वैकल्पिक २ |
| २ | निम्न माध्यमिक | ० | ८ | ८ | ३ | ११ | |
| ३ | माध्यमिक ९-१० | ५ | ७ | १२ | ४ | १३ | |
| ४ | प्राविधिक धार माध्यमिक | ० | १ | १ | ० | १ | |
| ५ | साविक उ. मा. वि. | ० | ३ | ३ | ० | ३ | |
| जम्मा | | २२ | २९ | ५१ | १३ | ६४ | प्राविधिक धार दोहोरो भएको |

विद्यार्थीहरु सामुदायिक तर्फ

| क्र. सं. | कक्षा | कुल विद्यार्थीहरु | | | ब्राम्हण,क्षेत्री विद्यार्थी | | | जनजाति विद्यार्थी | | | दलित विद्यार्थी | | | अन्य विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | बालविकास | ५०७ | ५७६ | १०८३ | १३० | १५२ | २८२ | २१३ | २२६ | ४३९ | १५६ | १७८ | ३३४ | ८ | २० | २८ |
| १ | १ | ३१८ | ३६३ | ६८१ | ५९ | ७८ | १३७ | १४८ | १३६ | २८४ | १०६ | १३६ | २४२ | ५ | १३ | १८ |
| २ | २ | २७८ | ३२२ | ६०० | ५८ | ७५ | ११३ | १२१ | १३० | २५१ | ८७ | १०८ | १९५ | १२ | ९ | २१ |
| ३ | ३ | ३५८ | ३१३ | ६७१ | ६१ | ६६ | १२७ | १४८ | १३१ | २७९ | १३३ | १०१ | २३४ | १६ | १५ | ३१ |
| ४ | ४ | ३५२ | ३९१ | ७४३ | ६२ | ७० | १३२ | १६१ | १५६ | ३१७ | ११६ | १५० | २६६ | १३ | १५ | २८ |
| ५ | ५ | ३७१ | ४१२ | ७८३ | ८७ | १०० | १८७ | १५३ | १६९ | ३२२ | ११९ | १३३ | २५२ | १२ | १० | २२ |
| ६ | ६ | ३७४ | ३७३ | ७४७ | ७२ | ९६ | १६८ | १५५ | १५० | ३०५ | १३६ | १०८ | २४४ | ११ | १९ | ३० |
| ७ | ७ | ३७६ | ३७५ | ७५१ | ९८ | १०२ | २०० | १३८ | १४१ | २७९ | १२० | ११६ | २३६ | २० | १६ | ३६ |
| ८ | ८ | ५२० | ३९३ | ९१३ | १३० | ११३ | २४३ | २१७ | १६१ | ३७८ | १४९ | १०९ | २५८ | २४ | १० | ३४ |
| ९ | ९ | ३९० | ३३१ | ७२१ | १३१ | ९९ | २३० | १३८ | ११५ | २५३ | १०४ | १०२ | २०६ | १७ | १५ | ३२ |
| १० | १० | ३३७ | ३३६ | ६७३ | १०१ | १२३ | २२४ | १२९ | १२० | २४९ | ९३ | ७९ | १७२ | १४ | १४ | २८ |
| ११ | ११ | ३४६ | ३२४ | ६७० | १२३ | १०७ | २३० | १२१ | ११८ | २३९ | ८० | ८१ | १६१ | २० | १७ | ३७ |
| १२ | १२ | ४२४ | २८१ | ७०५ | १४९ | १०९ | २५८ | १७० | ११२ | २८२ | ८४ | ५१ | १३५ | २१ | ९ | ३० |
| | जम्मा | **४६०३** | **४४६३** | **९०६६** | **११३८** | **११८३** | **२३२१** | **१८९१** | **१७४७** | **३६३८** | **१४०३** | **१३७१** | **२७७४** | **१७३** | **१६५** | **३३८** |

**स्रोत:** IEMIS **तथ्याङ्क -२०८१**

बाल विकास देखि कक्षा १२ सम्म (कक्षा -११ कक्षा बाहेक) ४६०३ छात्राहरु र ४४६३ जना छात्रहरु गरी जम्मा ९०६६ विद्यार्थीहरु अध्ययनरत छन् ।

## विद्यार्थीहरु संस्थागत  तर्फ

| क्र.सं. | कक्षा | कुल विद्यार्थीहरु | | | ब्राम्हण/क्षेत्री विद्यार्थी | | | जनजाति विद्यार्थी | | | दलित विद्यार्थी | | | अन्य विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | बालविकास | ४०४ | ५३० | ९३४ | २१६ | २६१ | ४७७ | ७८ | ११७ | १९५ | ८९ | १२० | २०९ | २० | ३० | ५० |
| २ | १ | २७१ | ४०१ | ६७२ | १३७ | २०४ | ३३८ | ५५ | १०२ | १५७ | ६० | ७४ | १३४ | २० | २४ | ४४ |
| ३ | २ | १६७ | ३१३ | ४८० | ७८ | १६३ | २४१ | ४१ | ७० | १११ | ४० | ६५ | १०५ | ८ | १५ | २३ |
| ४ | ३ | ११५ | २२४ | ३७९ | ७३ | १०५ | १७८ | ४० | ५९ | ९९ | २८ | ४४ | ७२ | १५ | २२ | ३७ |
| ५ | ४ | १५१ | २५६ | ४०७ | ७८ | १३५ | २१३ | ४० | ४८ | ८८ | २३ | ५३ | ७६ | १० | २० | ३० |
| ६ | ५ | ११९ | २०८ | ३२७ | ६५ | १११ | १७६ | २४ | ४० | ६४ | १५ | ३७ | ५२ | १५ | २१ | ३६ |
| ७ | ६ | १३३ | २१२ | ३४५ | ७४ | १२३ | १९७ | २५ | ५० | ७५ | १७ | २७ | ४६ | १६ | १४ | ३० |
| ८ | ७ | ९४ | १६८ | २६२ | ५५ | ९४ | १४९ | १७ | ४३ | ६० | १३ | २५ | ३८ | ९ | ६ | १५ |
| ९ | ८ | ९५ | १२० | २१५ | ५९ | ७० | १२९ | १५ | २७ | ४२ | १८ | १५ | ३३ | ३ | ९ | १२ |
| १० | ९ | ६८ | ११४ | १८२ | ४६ | ७३ | ११९ | १४ | २३ | ३७ | ६ | १२ | १८ | ३ | ६ | ९ |
| ११ | १० | ७१ | ८१ | १५२ | ४७ | ४८ | ९५ | १२ | १६ | २८ | ५ | १० | १५ | ७ | ७ | १४ |
| **जम्मा** | | १२८४ | २६२७ | ४३५५ | ९२८ | १३८७ | २३१२ | ३६१ | ५९५ | ९५६ | ३१४ | ४८२ | ७९८ | १२६ | १७४ | ३०० |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्नाः

**तालिकाः ९**

| | कूल | | आंगिक | | सम्बन्धन प्राप्त | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा |
| **TSLC १८ महिने** | ३३ | १३ | - | - | ३३ | १३ | - | - |
| डिप्लोमा ३६   महिने | ३४ | १० | - | - | ३४ | १० | - | - |
| अन्य | | | | | | | | |

## स्वीकृत शिक्षक दरबन्दी, राहत/शिक्षक अनुदान विवरणः

| क्र.स | किसिम | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | दरबन्दी | ५४ | ३२ | ९८ | १८४ | विद्यालयगत दरबन्दी राहत समेत |
| २ | राहत | २३ | १० | ३९ | ७२ | |
| ३ | सघीय अनुदान | ० | ७ | १३ | २० | |
| ४ | नगरपालिका अनुदान | ५१ | २४ | १२ | ८७ | |
| ५ | साविक उ.मा.वि दरबन्दी | ० | ० | ७ | ७ | दरबन्दी ५, अनुदान २ |
| ६ | प्राविधिक धार माध्यमिक | ० | २ | ६ | ८ | मा. वि. द्वितीय ४, मा. वि. तृतीय २ र नि. मा. वि. तृतीय २ |
| ७ | नगरपालिका बाल विकास | ११ | | | | |
| जम्मा | | १२८ | ७५ | १७५ | ३८९ | |


## स्थायी र श्रेणीगत शिक्षक विवरण

| क्र.स | तह | प्रथम | द्वितीय | तृतीय | राहत | करार | रिक्त | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक १-५ | ३ | ६४ | ७७ | ४९ | ० | ० | १९३ | |
| २ | निम्न माध्यमिक १-८ | १ | ० | १७ | १९ | ० | १ | ३८ | १ स्थायी दरबन्दी रिक्त |
| ३ | माध्यमिक ९-१० | १ | ३ | १६ | ४ | ० | १ | २५ | १ स्थायी दरबन्दी रिक्त |
| ४ | साविक उ.मा.वि दरबन्दी | ० | ७ | ० | ० | ० | ० | ७ | दरबन्दी ५,अनुदान २ |
| ५ | प्राविधिक धार माध्यमिक | ० | ४ | ४ | ० | ० | ० | ८ | मा.वि. द्वितीय ४, मा.वि. तृतीय २ र नि.मावि तृतीय २ |
| ६ | सङ्घीय अनुदान | ० | ० | १९ | ० | ० | १ | २० | नि. मा. वि. ७, मा. वि. १३ (१ मा. वि. दरबन्दी रिक्त) |
| ७ | नगरपालिका अनुदान | ० | ० | ८५ | ० | ० | २ | ८७ | २ नि. मा. वि. दरबन्दी रिक्त |
| ८ | नगरपालिका बाल विकास | | ११ | | | | | | |
| जम्मा | | ५ | ७८ | २१८ | ७२ | ० | ५ | ३८९ | |

| क्र. सं. | शिक्षक विवरण | आधारभुत तह (कक्षा १–५) | | | आधारभुत तह (कक्षा ६–८) | | | माध्यमिक तह (कक्षा ९–१०) | | | माध्यमिक तह (कक्षा ११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | स्थायी शिक्षक | ८६ | ५८ | १४४ | ५ | १३ | १८ | २ | १८ | २० | ० | ० | ० |
| २ | करार शिक्षक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ | ५ |
| ३ | राहत शिक्षक | ३३ | १६ | ४९ | ४ | १५ | १९ | ० | ४ | ४ | ० | २ | २ |
| ४ | नगरपालिका अनुदान शिक्षक | ३७ | १४ | ५१ | १७ | ५ | २३ | ९ | ३ | १२ | ० | ० | ० |
| ५ | संस्थागत विद्यालय शिक्षक | ७४ | ३१ | १०५ | १६ | २३ | ३९ | २ | २५ | २७ | ० | ० | ० |
| जम्मा | | २३० | ११९ | ३४९ | ४२ | ५६ | ९९ | १३ | ५० | ६५ | ० | ७ | ७ |

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

क) समस्या वृक्ष (Problem tree) र विश्लेषण



सबल पक्षहरु (Strong points)

क) आमा बुवा नभएका २७ जना बालबालिकाहरुलाई कक्षा १२ सम्म आवासिय सुविधा सहितको पूर्ण निःशुल्क शिक्षा दिंदै आएको छ।

ख) विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठन हुनु।

ग) कक्षा १ देखि १० सम्म निःशुल्क शिक्षा लागु भएको।

घ. तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु।

ङ) सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु।

कमजोरी (weakness)

क) शिक्षकले पढाउनुपर्ने विषय, विद्यार्थी र सिकाइ उपलब्धि/ नतिजाको सीमा तोक्न नसकिएको।

ख) प्रत्येक विद्यालयमा स्रोत कक्षा उपलब्ध गराउन र त्यस्ता कक्षालाईई स्रोतपूर्ण बनाउन नसकिएको।

ग) शिक्षकले कक्षाकोठामा शिक्षण गर्न छुट्याएको समयको पूर्ण उपयोग नहुनु।

# SWOT Analysis

अवसरहरु (Opportunities)

क) सहपाठी सहयोग र सिकाइ आदानप्रदानका फाइदा सुझाउने र उत्प्रेरणा जगाउने कार्यक्रम विद्यालयले सन्चालन गर्ने।

ख) हरेक वडामा सरकारी एवम् निजी क्षेत्रको संयुक्त लगानी भित्राउने।

ग) शिक्षकको बौद्धिक सक्षमता र विद्यार्थी सिकाइ उपलब्धिका आधारमा शिक्षकलाई थप सेवा सुबिधाको ब्यवस्था मिलाउने।

घ) विद्यालयमा सरोकारवाला सबैको लगानी र चासो बढाउने।

ङ) भौतिक पूर्वाधार र पूर्णकालिन जनशक्ति भित्राउने।

चुनौतीहरु (Threats)

क) कक्षा १-१२सम्मको विद्यालयमा उत्कृष्ट विज्ञान ल्याब नहुनु।

ख) कक्षाकोठामा आधारित सुपरिवेक्षण नहुनु।

ग) शिक्षकलाई उत्प्रेरित गर्ने योजना नहुनु।

घ) विद्यालय शिक्षामा लगानी कम हुनु।

ङ) परीक्षा प्रणालीमा सुधार, पास फेलमा केन्द्रित हुनु भन्दा विद्यार्थीहरुले जानेको कुरामा कति सक्षम छन भनी परीक्षण नगरिनु।

च) तालिम प्राप्त, मेधावी विद्यार्थीलाई शिक्षण पेशाप्रति आकर्षित गर्ने रणनीति नहुनु।

छ) कक्षाकोठाबाट जीवनोपयोगी सिप दिन नसकिनु।

ज) विद्यालय शिक्षामा पहुँच र गुणस्तर बढाइ वर्गीयता हटाउने चुनौती

झ) लैङ्गिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति आदिः विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न नसकिनु।

## परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ प्युठान नगरपालिकाको  शिक्षा योजना निर्माण गर्दा लिइएका आधारहरू:-

यस प्युठान नगरपालिकाको नगर शिक्षा योजनाको परिच्छेद एकमा उल्लेख गरिएको नगरपालिका स्तरीय शैक्षिक परिवेशको समीक्षा सहित उठान गरीएका मुख्य चुनौती तथा वर्तमान अवस्थाको समीक्षा समेतको आधारमा यस नगरपालिकाको  १० वर्षे शिक्षा योजना तयार गरिएको छ। वर्तमान संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतमा माथि उल्लेखित विभिन्न सन्दर्भ स्रोतहरुलाई आधार मान्दै शिक्षा सम्बन्धी अधिकारहरु कार्यान्वयन गर्न, अनिवार्य तथा निःशुल्क आधारभ ूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्न वि. सं. २०९० (सन् २०३०) सम्म प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरी यस परिच्छेदमा नगर शिक्षा योजनाको दुरदृष्टि (Vision), ध्येय (Mission), उद्धेश्यहरु Objectives), रणनीतिहरु (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key Indicators) प्रस्तुत गरिएको छ। शिक्षा योजना निर्माणको कार्यका लागि हाम्रा नीति, ऐन, नियम र अन्य सम्बन्धित दस्तावेजहरु मध्ये केहीमा उल्लेख भएका प्रावधानहरुलाई निम्नानुसार प्रस्तुत गरिएका छन् l

#### २.१.१) संवैधानिक प्रावधानहरु:

**धाराः ३१**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
३. अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा  बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

**धारा ५१ राज्यका नीतिहरु: (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः**

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,
२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,
३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,
४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,

यसैगरी धारा ३८ को महिलाको हक सम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हक सम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हक सम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हक सम्बन्धी उपधारा २ र ५ मा पनि लक्षित समूहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ।

**२.१.२) स्थानीय सरकार सञ्चालन  ऐन, २०७४ (शिक्षासम्बन्धी अधिकारः गाउँ/नगर स्थानीय तह)**

**दफा ११ (२) ज**

६. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,

७. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

८. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्यांकन र नियमन,

९. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन,

१०. गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

११. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

१२. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

१३. विद्यालयको नामाकरण,

१४. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

१५. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

१६. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

१७. विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

१८. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

१९. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

२०. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,

२१. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

२२. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

२३. स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्र्धन र स्तरीकरण,

२४. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

२५. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

२६. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

२७. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

२८. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

**२.१.३) सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):**

**क) आयोजना तर्जुमा र कार्यान्वयनः**

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ।

- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु पर्नेछ ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नु पर्नेछ ।

**२.१.४) अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ अनुसार रहनु पर्ने विषयहरू**

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ ।

२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नु पर्नेछ ।

३. दफा १४ अनुसार वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने । आधारभूत तह

४. दफा १५ अनुसार अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने । माध्यमिक तह

५. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने ।

६. दफा १७ मा प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था ।

७. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा ।

८. दफा २०  माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने ।

९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था ।

१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकता अनुसार क) सामुदायिक सिकाइ केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम । (नियम ३)

११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्दछ (नियम ४)

१२ . माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाइ शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम । (नियम ५)

१३ . छात्रवृत्ति तथा विशेष व्यवस्था । (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुविधा सहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री, आदि) । (नियम ६)

१४ . जनआन्दोलन, सशस्त्र सङ्घर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेसनरी बापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्नेछ ।

**२.२ दूरदृष्टि:**

गुणस्तरीय शिक्षा आदर्श बालबालिका, समृद्ध समुन्नत प्युठान नगरपालिका ।

**२.३ लक्ष्य:**

नैतिक मूल्य सहितको समतामूलक, जीवनोपयोगी , प्रविधिमैत्री, विविधतायुक्त गुणस्तरीय शिक्षा मार्फत समृद्ध प्युठान नगरपालिका निर्माणको आधार तय गर्नु ।

**२.४ उद्धेश्य:**

स्थानीय तहको शिक्षा योजना तर्जुमा प्रक्रियाबाट समग्र शिक्षा क्षेत्रमा सुधार गरी सीमान्तकृत बालबालिकाहरुको विद्यालय शिक्षामा पहुँच, समानता, समता र सहजता कायम गर्नु प्रमुख उद्देश्य रहेको छ । यसका निर्दिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन :-

१) सबै बालबालिकाहरुको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

२) बालबालिकाहरुको सिकाइ उपलब्धि वृद्धि गर्नु ।

३) प्राविधिक, व्यवसायिक तथा प्रविधियुक्त शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नु ।

४) बालमैत्री,अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास तथा निर्माण गरी सिकाइ वातावरणमा सुधार गर्नु ।

५) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गर्नु ।

६) शैक्षिक क्षति न्यूनीकरणका लागि वैकल्पिक सिकाइको सुनिश्चितता गर्नु ।

७) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।

८) अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसरहरु सुनिश्चित गर्नु।

**२.५ रणनीति:**

**उद्देश्य नं १ सँग सम्बन्धित रणनीतिहरु**

१) निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा गुणस्तरीयता ल्याई सरोकावाला सबै निकायलाई जागरुक र जवाफदेही बनाउने ।

२) कक्षा छोड्ने, दोहोऱ्याउने र विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सो अनुरुप लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने ।

३) दिवाखाजा तथा छात्रवृति कार्यक्रमलाई थप प्रभावकारी बनाउने ।

**उद्देश्य नं २ सँग सम्बन्धित रणनीतिहरु** ।

१) शिक्षकको आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रमहरु गर्ने ।

२) शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने ।

३) बालमैत्री सिकाइ वातावरण बनाउने ।

**उद्देश्य नं ३ सँग सम्बन्धित रणनीतिहरु**

१) प्राविधिक शिक्षामा सबैको पहुँच विस्तार गर्ने माग र आवश्यकताको आधारमा प्राविधिक धारको कार्यक्रमहरु सञ्चालन गर्ने ।

२) हाल सञ्चालित प्राविधिक कार्यक्रमहरुलाई भौतिक पूर्वाधार र पूर्णकालिन जनशक्तिको व्यवस्थापन गर्ने ।

**उद्देश्य नं ४ सँग सम्बन्धित रणनीतिहरु**

१) बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्ने ।

२) अपाङ्ग तथा कक्षामा कमजोर बालबालिकाहरुका लागि थप स्रोत कक्षाहरु सञ्चालन गर्ने ।

३) भिन्न क्षमता भएका बालबालिकाहरुका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

**उद्देश्य नं ५ सँग सम्बन्धित रणनीतिहरु**

१) शिक्षकलाई शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गर्न अभिप्रेरित गर्ने।

२) प्रविधिको प्रयोग सँगै विद्यार्थीहरुलाई व्यवहारिक सिप सिकाउने ।

**उद्देश्य नं ६ सँग सम्बन्धित रणनीतिहरु**

१) वैकल्पिक सिकाइ कार्यक्रमलाई प्रभावकारी बनाउन विभिन्न उपायहरुको खोजी गर्ने ।

२) सामुदायिक सिकाइ केन्द्रको स्रोत साधनको सदुपयोग गरी शैक्षिक क्षति कम गर्ने ।

**उद्देश्य नं ७ सँग सम्बन्धित रणनीतिहरु**

१) स्थानीय पाठयक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।

२) स्थानीय पाठ्यक्रममा जीवनोपयोगी व्यवहारिक सिपहरु अभिवृद्धि गर्ने खालका विषयवस्तुहरु समावेश गर्ने ।

**उद्देश्य नं ८ सँग सम्बन्धित रणनीतिहरु**

१) बिचैमा कक्षा छोडेका वा विविध कारणले समस्यामा रहेका बालबालिकाहरुको खोजी गर्ने ।

२) खुला शिक्षामा आबद्ध गराइ आयआर्जनका कार्यक्रममा अवसर दिनु ।

३) सामुदायिक सिकाइ केन्द्रमा स्रोत साधन उपलब्ध गराई केन्द्रलाई थप सुदृढ बनाउनु।

**२.६ कार्यनीति**

प्युठान नगरपालिकाले माथि उल्लेखित लक्ष्य, उद्धेश्य र रणनीतिहरुलाई कार्यान्वयनको सुनिश्चिताको लागि निम्नानुसारको मुख्य कार्यनीतिहरु तय गरेको छः

१.१) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवाक सङ्घ, अभिभावकहरु लगायत सबै सरोकारवालाहरु सँग अन्तरक्रिया गरिनेछ ।

१.२) विद्यार्थी भर्ना अभियान कार्यक्रमलाई व्यापक बनाउन लघु नाटक, घरदैलो कार्यक्रम गरिनेछ ।

१.३) सीमान्तकृत समुदायका आर्थिक, शारिरीक रुपले कमजोर बालबालिकाहरूलाई निःशुल्क पाठ्यपुस्तक, पूर्ण छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण गरिनेछ ।

१.४) कक्षा छोड्ने र दोहोऱ्याउने विद्यार्थीका अभिभावक सँग अन्तरक्रिया गरी विद्यालयमा भर्ना गर्न सहयोग गरिनेछ ।

१.५) शिक्षा क्षेत्रमा लगानीका स्रोतको खोजी गरिनेछ ।

२.१) शिक्षकको क्षमता विकास अन्तर्गत सूचना प्रविधि, शिक्षण गर्ने विषय एवम् अन्तरसम्बन्धित विषयको तालिम दिइनेछ ।

२.२) शिक्षकहरुलाई आफुले पढाउने विषयका शिक्षक निर्देशिका र पाठ्यक्रमको अध्ययन अनिवार्य रुपमा गर्न लगाइनेछ ।

२.३) शिक्षकले आफ्नो विषयको सिकाइ उपलब्धिको लक्ष्य निर्धारण गरी प्रधानाध्यापक सँग कार्य सम्पादन करार सम्झौता गर्न लगाइनेछ ।

३.१) प्राविधिक तथा व्यवसायिक धारका पठन पाठन हुने विद्यालय र विषयहरु थप गरिनेछ ।

३.२) प्राविधिक शिक्षामा भौतिक एवम् जनशक्ति व्यवस्थापन गरिनेछ ।

३.३) सीमान्तकृत समुदायका बालबालिकाहरुलाई प्राविधिक शिक्षा अध्ययन गर्न छात्रवृत्ति, आवास सहितको सुविधा उपलब्ध गराइनेछ ।

३.४) प्राविधिक शिक्षालाई स्रोतपूर्ण बनाइनेछ ।

४.१) हाल प्रयोगमा रहेका भौतिक पूर्वाधारलाई बालमैत्री, अपाङ्गमैत्री बनाइ cosmatic renovation गरिनेछ ।

४.२) नयाँ बन्ने संरचनाहरू भवन आचारसंहिता बमोजिम बालमैत्री अपाङ्गमैत्री तरिकाको बनाइनेछ ।

४.३) छात्रामैत्री स्यानिटरी पिट सहितको शौचालय र खानेपानीको सुविधा उपलब्ध गराइनेछ ।

४.४) शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ ।

४.५) विद्यार्थी सिकाइ सामग्रीको व्यवस्थापन गरिनेछ ।

५.१) शिक्षकहरूलाई प्रविधिमैत्री बनाउन शिक्षक तालिमको व्यवस्था गरिनेछ ।

५.२) ICT lab स्थापना गरी उपयोगमा ल्याइनेछ ।

५.३) पुस्तकालयको स्थापना गरी सबैखालका विद्यार्थीहरुको पाठ्यसामाग्री, सन्दर्भ सामाग्री, एवम् स्रोत सामाग्रीमा पहुँच पुर्‍याइनेछ ।

५.४) सबै विद्यालयहरुमा इन्टरनेट सुविधाको विस्तार गरिनेछ ।

६.१) सामुदायिक सिकाइ केन्द्रले समेटेको भूगोलको अध्ययन गरिनेछ ।

६.२) आवश्यकताको आधारमा सेवा विस्तार गरिनेछ ।

६.३) सामुदायिक सिकाइ केन्द्रलाई ज्ञानको स्रोतको रुपमा विकास गरी आयमूलक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

६.४) विभिन्न कारणले विद्यालय पुग्न नसक्ने विद्यार्थीहरुलाई घुम्ती शिक्षक, शिक्षक बैंक वा आवासीय विद्यालयमा अध्ययनको व्यवस्था गरिनेछ ।

७.१) बालबालिका लक्षित विषयवस्तुहरु समेटेर स्थानीय पाठ्यक्रम बनाइनेछ ।

७.२) विद्यार्थीहरुलाई जीवनोपयोगी सिपहरु सिकाउने र त्यस्तो सिपको बजारीकरण गरिनेछ ।

७.३) पाठ्यपुस्तकलाई सिपहरुको स्रोत पुस्तकको रुपमा विकास गरिनेछ ।

७.४) पालिकामा रहेका विभिन्न सङ्घ संस्थाहरुसँगको सहकार्यमा अभिभावकीय शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

८.१) बिचैमा कक्षा छोडेका, विभिन्न खालका अपाङ्गता भएका, समस्यामा परेका बालबालिकाहरुलाई छोटो अवधिका आयमूलक सिपहरु सिकाइनेछ ।

८.२) लघु उद्यमका लागि आर्थिक सहयोग वा सो को लागि प्रोत्साहनमुलक कार्यक्रमहरु ल्याउन पहल गरिनेछ।

८.३) त्यस्ता जनशक्तिको सिकाइलाई सिपको आधारमा तह १,२, ३ को तालिम र सिप परीक्षणमा सहभागी गराई स्वरोजगारीको अवसर सिर्जना गरिनेछ।

**२.७ अपेक्षित उपलब्धि**

१) सबै बालबालिकाहरुको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

२) प्राविधिक, व्यवसायिक तथा प्रविधियुक्त शिक्षा प्राप्त गर्ने अवसर प्राप्त भएको हुनेछ।

३) बालबालिकाहरुको सिकाइ उपलब्धि वृद्धि भएको हुनेछ ।

४) बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास तथा निर्माण गरी सिकाइ वातावरणमा सुधार भएको हुनेछ।

५) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग भएको हुनेछ।

६) शैक्षिक क्षति न्यूनीकरणका लागि वैकल्पिक सिकाइको सुनिश्चितता भएको हुनेछ।

७) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ।

८) अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसरहरु सुनिश्चित भएको हुनेछ।

**२.८ स्थानीय तह तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः**

शैक्षिक योजनामा लक्ष्य निर्धारण गर्ने विभिन्न विधिहरू हुन्छन्। लक्ष्यहरुको प्रकृति अनुसार विधिको प्रयोग गर्नुपर्दछ। त्यसैले सबै लक्ष्यको निर्धारण कुनै एक विधिको प्रयोगले मात्र सम्भव हुँदैन l उक्त योजनाको कार्यान्वयनबाट नगरपालिकाले केके प्राप्त गर्ने भनी मुख्यमुख्य कार्यसम्पादन सूचकहरुको विकास र तिनको लक्ष्यहरू निर्धारण गरेको छ l आगामी २ वर्ष, ३ वर्ष र ५ वर्षहरुका लागि तोकिएका ती सुचकगत राष्ट्रिय लक्ष्यहरू सहितको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ l

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | १०७.२ | १०५ | १०३ | १०२ | |
| | | प्रदेश | १०६.८ | | | | |
| | | राष्ट्रिय | **९९.९** | **१००** | **१०१** | **१०२** | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ९७.९ | ९९ | १०० | १०० | |
| | | प्रदेश | ८४.३ | | | | |
| | | राष्ट्रिय | **७६.९** | **८०.०** | **८५.०** | **९५.०** | |
| २. | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ८०.०३ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९५.७** | **९६.५** | **९७.५** | **९८.५** | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको | स्थानीय | १३४..३ | १३५.२ | १३६.१ | १३७.२ | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | कूल प्रवेश दर (%) | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **११५.९** | **११८** | **१२०** | **१२५** | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.८ | ९६.५ | ९७.५ | ९९ | |
| | | प्रदेश | ९५.५ | | | | |
| | | राष्ट्रिय | **९५.६** | **९६.०** | **९८ .०** | **१००** | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | **१३५.४** | १३७ | १३८.२ | १३९.५ | |
| | | प्रदेश | **१२८.४** | | | | |
| | | राष्ट्रिय | **१२४.८** | **१२१.०** | **१२०** | **११९** | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | **९६.२** | ९७ | ९८ | ९९ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९८.३** | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | **१११** | १०९ | १०६ | १०५ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **११३** | **११०** | **१०७** | **१०५.०** | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | **९२** | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९३.०** | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | **८५.२** | ९१.५ | ९५ | ९९ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **८५.८** | **९३.१** | **९५.५** | **९९.५** | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | **२२** | २० | १४ | १० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **२२.२** | **२०.०** | **१५.०** | **१०.०** | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | **१.०५** | **१.०४** | **१.०२** | **१.०१** | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **१.०६** | | | **१.०१** | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | **९३.२** | **९५** | **९८** | **१००** | |
| | | प्रदेश | **९५.१** | | | | |
| | | राष्ट्रिय | **९३.४** | **९९.०** | | **१००** | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | **१०८** | १०६ | १०४ | १०२ | |
| | | प्रदेश | १२३.८ | | | | |
| | | राष्ट्रिय | **११०.४** | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८६.०९ | ८८ | ९२ | ९५ | |
| | | प्रदेश | ८६.२ | | | | |

| क्र.सं. | सूचक | | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | **७९.३** | | | **९५.०** | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ७२.१ | ८० | ९० | ९८ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **७२.७** | | | **९५.०** | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | **०.९०** | **०.९१** | **०.९२** | **१.००** | |
| | | | प्रदेश | **०.९१** | | | | |
| | | | राष्ट्रिय | **१.०१** | **१.०१** | | | |
| २.१६ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४४ | ५१ | ५९ | ७० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | |
| | | गणित | स्थानीय | २८ | ३८ | ५७ | ६८ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | |
| २.१७ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको (%) | नेपाली भाषा | स्थानीय | ६५ | ६८ | ७१ | ७५ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | |
| | | गणित | स्थानीय | ५२.५ | ५९ | ६४ | ७० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | |
| | | विज्ञान | स्थानीय | ४२.८ | ४९ | ५९ | ७० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | |
| २.१८ | विद्यालय बाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | ० | ० | ० | ० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **२.९** | **१.०** | **०.५** | **०** | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | ० | ० | ० | ० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **६.६** | | **१.०** | **०** | |
| २.१९ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | | | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **४३.७** | **४५.०** | **५०.०** | **५०.०** | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ४६.५ | ४८.५ | ६० | ७० | |
| | | | प्रदेश | ५५.२ | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | **४७.६** | | **६५.०** | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | **७०.५** | **७८.२** | **८४** | **९९** | |
| | | प्रदेश | **८०.९** | | | | |
| | | राष्ट्रिय | **७१.४** | | | **९९.०** | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १.०२ | १.०० | १.०० | १.०० | |
| | | प्रदेश | ०.९३ | | | | |
| | | राष्ट्रिय | **१.०२** | **१.००** | **१.००** | **१.००** | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | ९७ | ९८ | ९९ | १०० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९७.५** | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ५९.५ | ६५ | ७० | ८० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **६०.३** | | | | |
| **४.** | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ५७ | | ९५ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **५८.०** | | **९५.०** | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ८१.५ | | ९५ | १०० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **८२.०** | **८९.०** | **९५.०** | **१००** | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ९१ | | ९८ | ९९ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९२.०** | | **९९.०** | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.६४ | ०.७४ | ०.८० | ०.८२ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **०.६५** | | | **०.८०** | |
| ५. | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति * (वार्षिक सङ्ख्या) | स्थानीय छात्रा | ३८ | ४८ | ६० | ७४ | |
| | | छात्र | १८ | ३६ | ५० | ७४ | |
| | | प्रदेश छात्रा | | | | | |
| | | छात्र | | | | | |
| | | राष्ट्रिय छात्रा | | | | | |
| | | छात्र | | | | | |
| **६.** | **शिक्षामा लगानी** | | | | | | |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित | स्थानीय | २०.४५ | २१ | २२ | २५ | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | बजेट*(%) | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | |

## परिच्छेद ३ शिक्षाका मुख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

मानव विकासको सुरुवातको चरण प्रारम्भिक बाल विकास हो । चार वर्ष उमेर पूरा भई पाँच वर्ष नपुगेका बालबालिकालाई दिइने शिक्षा प्रारम्भिक बालविकास शिक्षा हो । यस उमेर समूहका बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक, सामाजिक विकास गराउने उद्देश्यले स्थापना गरिएका बालविकास केन्द्रहरु विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरुको सर्वाङ्गीण विकासका थलोहरु हुन् । यस्ता केन्द्रहरुमा बाल मनोविज्ञान बुझेका महिला सहयोगी कार्यकर्ताहरुसँग ४.५ ( साढे चार ) घण्टा समय बालबालिकाहरुले बिताउँछन् । विभिन्न सीपहरु आधारभूत सीप सिकाइ ( ६ ) , विषयगत सीप सिकाई ( १२ ) र मनोरञ्जन खेल आराम ( ८ ) गरी जम्मा २६ पाठ्यघण्टा = ८३२ कार्यघण्टा समय बालबालिकाहरुले बालविकास केन्द्रमा व्यतित गर्छन्, जुन आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । यो उमेरमा बालबालिकालाई पठन लेखन भन्दा बढी सर्वाङ्गीण व्यक्तित्व विकास र सन्तुलित विकास गराउने अपेक्षा रहेको हुन्छ ।

नेपालको शिक्षा प्रणालीमा प्रारम्भिक बालविकासलाई सुरुवाती चरण मानिएको छ । यो आधारभूत शिक्षाको जग हो जसमा बालविकासको बीज रोपिने भएकोले यस शिक्षालाई विशेष प्राथमिकतामा राख्न अति आवश्यक छ । त्यसैले प्युठान नगरपालिकाले यसलाई दश वर्षे शिक्षा योजनाको मुख्य अङ्गको रुपमा नगर शिक्षा योजनाको आधारशीला निर्माण गर्न यस सम्बन्धी योजना तयार गरेको छ । प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमको मुख्य ध्येय पारिवारिक वातावरणमा रहेको न्यानो अवस्थाबाट बालक विद्यालय तर्फ आकर्षित भई विद्यालय जान रुचाउने बालमैत्री वातावरण तयार गर्नु हो ।

#### ३.१.१ वर्तमान अवस्था

प्युठान नगरपालिकामा सञ्चालित बालविकास केन्द्रहरुको विवरणको अवस्थालाई केलाउदा सङ्घीय स्रोतमा सञ्चालित बालविकास केन्द्र जम्मा ६४ वटा रहेका छन । जसमा विद्यालयमा आधारित ४४ र समुदायमा आधारित २० वटा छन । नगरपालिका स्रोतमा सञ्चालित बालविकास केन्द्रहरु मध्ये ६ वटा विद्यालयमा आधारित र ५ वटा समुदायमा आधारित गरी ११ वटा छन संस्थागत विद्यालयहरुमा भने ३ वर्षमा भर्ना हुने kindergarten कक्षाको व्यवस्था छ । यसरी २०८१ को IEMIS को तथ्याङ्क अनुसार बालविकास केन्द्रहरुमा जम्मा अध्ययन गरेका विद्यार्थी सङ्ख्या सामुदायिक तर्फ ५०७ छात्रा र ५७६ छात्रहरु गरी १०८३ बालबालिकाहरु रहेका छन भने संस्थागत तर्फ ४०४ छात्रा र ५३० छात्रहरु गरी ९३४ बालबालिकाहरु अध्ययनरत छन।

| क्र.सं. | बाल विकास विवरण | सङ्ख्या |
|---|---|---|
| १ | प्युठान नगरपालिकामा सञ्चालित बालविकास केन्द्र | ८८ |
| २ | सङ्घीय सरकारबाट सञ्चालित बालविकास केन्द्र | ६४ |
| ३ | प्युठान नगरपालिकाको आन्तरिक स्रोतबाट सञ्चालित बालविकास केन्द्र | ११ |
| ४ | संस्थागत विद्यालयमा सञ्चालित बालविकास केन्द्र | १३ |

**SWOT Analysis**

| **सबल पक्षहरु ( Strong points )** | **सुधार गर्नुपर्ने पक्षहरु ( Weak points )** |
|---|---|
| क. बालविकासको लागि छुट्टै कक्षाकोठा हुनु<br>ख. धेरैजसो कक्षाकोठाहरु छापामय, सहजीकरण सामग्रीको व्यवस्था र बसाइ व्यवस्थापन हुनु<br>ग. दिवा खाजाको व्यवस्था भएको<br>घ. सबै बालविकास सहजकर्ताको क्षमता विकास गरिएको छ<br>ङ. सामुदायिक ECD को व्यवस्थापन र सञ्चालनमा तीनै तहका सरकारको आर्थिक र प्राविधिक सहयोग भएको<br>च. विद्यालयमा आधारित सबै ECD हरू तोकिएको समय (दैनिक ४.५ घन्टा) सम्म सञ्चालन हुनु | क. बालविकास सहजकर्ता अझै पनि कतै SEE/SLC भन्दा कम योग्यताको हुनु<br>ख. बालविकासका लागि बालमैत्री शौचालय नहुनु<br>क. बालविकास सहजकर्ताको पारिश्रमिक थप गर्न नकिएको<br>ख. सबै बालविकासमा बालमैत्री बसाइ व्यवस्थापन नहुनु<br>ग. पुनर्ताजगी तालिमको व्यवस्था थप गर्न नकिएको<br>घ. सिकाइ श्रव्य दृश्य सहितको मनोरञ्जनात्मक नहुनु<br>ङ. ४ वर्षभन्दा कम ( उमेर नपुगेका ) बालबालिका पनि बालविकासमा समावेश हुनु |
| **अवसर ( Opportunities )** | **चुनौतीहरु ( Threats )** |
| क. नीति नियम कार्यान्वयनको जिम्मा स्थानीय सरकारलाई हुनु<br>ख. बालविकास सहजकर्ता यथेष्ट उपलब्ध हुनु<br>ग. स्थानीय सरकारबाट कार्यक्रमको support हुनु<br>घ. छुट्टै भवन, कोठा व्यवस्था प्रायः हुनु<br>ङ. सङ्घीय सरकारबाट खाजाको व्यवस्था हुनु<br>च. बालबालिकाको सर्वाङ्गीण विकासलाई महत्व दिनु<br>छ. बालविकास केन्द्र प्रति अभिभावकको चासो बढ्नु<br>ज. न्यूनतम मापदण्ड पूरा गर्न स्थानीय तह क्रियाशील हुनु | क. बालविकास केन्द्रमा बालबालिकाको सङ्ख्या बढाउनु ।<br>ख. सुपरीवेक्षण पृष्ठपोषण नियमित गर्नु ।<br>ग. सहजकर्ताको काम गर्ने समय र पारिश्रमिक बढाउनु ।<br>घ. सहजकर्तालाई मन्टेश्वरी तालिमको व्यवस्था गर्नु ।<br>ङ. स्थानीय सामाजिक संस्थासँग हातेमालो गर्नु ।<br>च. पेशागत स्थायित्व र सुरक्षाको सुनिश्चितता गर्नु ।<br>छ. आयाको व्यवस्था गर्नु ।<br>ज. बालविकासलाई पूर्वाधार सहित मन्टेश्वरी कक्षा सञ्चालनमा ल्याउनु । |

### ३.१.२ उद्देश्य

प्रारम्भिक बालविकास र शिक्षा सम्वन्धी उद्देश्यहरु निम्न बमोजिम तय गरिएका छन् :-

क) आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच र सहभागिता बढाउने ।

ख) प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्ने ।

ग) चार वर्ष उमेर पुगेका सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउने ।

घ) बालविकास केन्द्रहरुको आर्थिक विकास तथा मानवीय स्रोत व्यवस्थापन गरी संस्थागत सक्षमता विकास गर्ने ।

### ३.१.३ रणनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सबै खालका बालबालिकाहरुका लागि पहुँच सुनिश्चित गर्ने ।<br>२. अनुदान रकमहरुको सहज उपलब्धता गर्ने<br>३. बालविकासको प्रभावकारिता र दक्षता अभिवृद्धि गर्न विद्यालय तथा अन्य क्षेत्रलाई जिम्मेवार बनाउने ।<br>४. मापदण्डमा एकरुपता कायम गर्ने र सहजकर्ताको पूरा समय काम, पारिश्रमिक तोक्ने ।<br>५. सबै बालबालिकालाई प्रारम्भिक बाल शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउने<br>६. बालविकास केन्द्रहरुको आर्थिक, भौतिक तथा मानवीय स्रोत व्यवस्थापन गरी संस्थागत सक्षमता विकास गर्ने | १. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाको पहुँच सम्बन्धी विभिन्न कार्यक्रहरु सञ्चालन गर्ने ।<br>२. विकासका साझेदार संस्थाहरुसँग बालविकासको सहयोगको लागि समन्वय, सहयोग र सहकार्य गर्ने ।<br>३. प्रारम्भिक बालविकास समूहका बालबालिकाहरुको अभिलेखीकरण गर्ने ।<br>४. बालविकास सहजकर्ताको वृत्ति विकास गर्ने, पुनर्ताजगी तालिम दिने ।<br>५. प्रारम्भिक बालविकासमा शारीरिक, मानसिक, सामाजिक, भावनात्मक सुरक्षाको निम्ति सामाजिक परामर्शदाता तथा संस्थाहरुसँग समन्वय गर्ने ।<br>६. बालविकास केन्द्रहरुमा वर्तमान सूचना तथा प्रविधिका शैक्षिक सामग्रीहरुको व्यवस्थापन गर्ने । |

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू निम्न बमोजिम हुनेछन् :-

१. सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

२. प्रारम्भिक बालविकास तहको कूल भर्नादर १०० प्रतिशत पुगेको हुनेछ ।

३. प्रारम्भिक बालविकास तहमा न्यूनतम योग्यता पुगेका शिक्षक शत प्रतिशत पुगेको हुनेछ ।

४. कक्षा १ मा प्रवेश गर्ने प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त गर्ने बालबालिका १०० प्रतिशत पुगेको हुनेछ ।

५. सबै बालविकास केन्द्रका कक्षाकोठाहरु छापामय भएका हुनेछन् ।

**नतिजा**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू यस प्रकार हुनेछन :-

| क्र. सं. | सूचकहरु | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | १०७.२ | १०६ | १०५ | १०४ | १०३ | १०२ |
| २ | कक्षा दोहोऱ्याउने दर | ५ प्रतिशत | ४.५ प्रतिशत | ४ प्रतिशत | ३.५ प्रतिशत | ३ प्रतिशत | २ प्रतिशत |
| ३ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास केन्द्रको सख्या | ५६ | ६० | ६४ | ६८ | ७२ | ७५ |
| ४ | बालविकास सहजकर्ता हरुको क्षमता विकास | ७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ |
| ५ | प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर अभिवृद्धि | ७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ |

### ३.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

तलको तालिकामा प्युठान नगरपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | ५ | १ | १ | १ | ० | ८ | १० |
| २ | योग्यता पुगेका सहजकर्ताहरुको व्यवस्था | प्रतिशत | २० | १० | १० | १० | १० | ६० | १०० |
| ३ | प्रारम्भिक बालविकासको न्यूनतम मापदण्ड सम्वन्धि प्रबोधिकरण | पटक | १ | १ | ० | ० | १ | ३ | ५ |
| ४ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ५ | बालविकास केन्द्रहरुको अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | बालबालिकाहरुको स्वास्थ्य परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | सहजकर्ताहरुको क्षमता विकास कार्यक्रम | जना | ७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ |

### ३.२ आधारभूत शिक्षा

आधारभूत शिक्षालाई शिक्षाको आधार मानिन्छ । व्यक्तिको शैक्षिक, व्यवहारिक, सामाजिक जीवनलाई सफल तुल्याउनका लागि आवश्यक पर्ने ज्ञान प्राप्त गरी जीवन निर्वाह गर्न र सहज रुपमा जीवनयापन गर्न आवश्यक पर्ने प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा भनिन्छ ।

नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षा ऐन २०२८ तथा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन २०७५ ले समेत आधारभूत शिक्षा अनिवार्य र निःशुल्क भन्ने व्यवस्था अनुसार आधारभूत शिक्षालाई मौलिक हक अन्तर्गत राखी मौलिक अधिकारको रुपमा स्थापित गरिएको छ । सिकाइ उपलब्धि दर बढाउने, विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या न्यून पार्ने, कक्षा छाड्ने दर घटाउने र कक्षा दोहोर्‍याउने दरमा कमी ल्याउने लक्ष्य लिएको छ । प्युठान नगरपालिकाले पनि आधारभूत शिक्षाको राष्ट्रिय लक्ष्य अनुरुप नगर भित्रको विद्यार्थी भर्ना र सिकाइ उपलब्धि दरमा वृद्धि गरी कक्षा दोहोर्‍याउने र कक्षा छोड्ने दरमा कमी ल्याउने लक्ष्य लिएको छ । आधारभूत शिक्षालाई मौलिक अधिकारको रुपमा नेपालको संविधानमा स्थापित गरिएको छ । शिक्षामा सबैको पँहुचका लागि राजनैतिक प्रतिवद्धताको कमी रहेको र गरिएका प्रतिवद्धताहरु पनि कार्यान्वयनमा आएको देखिदैन । शिक्षाले ज्ञान र सीपको प्रयोगात्मक परिवर्तन ल्याउने पिछडिएको विपन्न र अभावग्रस्त पक्षको पक्षपोषण गर्ने, अबोध बालबालिका एवम् आवाजविहीनका पक्षमा रही शैक्षिक योजना बनाउने र ती समूहको समेत पहुँच बढाउन आवश्यक देखिन्छ ।

शिक्षाको माध्यमबाट व्यक्तिमा व्यवहारिक परिवर्तन ल्याउने श्रमप्रति आस्था जगाउने, जीवनोपयोगी खोज अनुसन्धान गर्न सघाउने संस्कार र संस्कृति प्रति लगाव गराउने, नैतिक आचरण र जिम्मेवारी बोध गराउने, मौलिक रुपमा विज्ञान प्रविधि एवम् परिवर्तनलाई स्वीकार र उपयोग गर्न सक्ने गरी गुणस्तरीय आधारभूत शिक्षा प्रदान गर्ने उद्धेश्यमा केन्द्रित भइ (कक्षा १ देखि ८ ) को आगामी १० वर्षका लागि विभिन्न क्रियाकलाप तयार गरी योजनामा समावेश गरिएको छ ।

#### ३.२.१ वर्तमान अवस्था

प्युठान नगरपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा कक्षा १-३ पढाइ हुने विद्यालयहरु १२ वटा, कक्षा १-५ पढाइ हुने विद्यालयहरु २५ वटा र कक्षा १-८ सम्म पढाइ हुने विद्यालयहरु ११ वटा र मा. वि. हरु १६ वटा रहेका छन् यस स्थानीय तहमा शैक्षिक सत्र २०८१ मा आधारभूत तहमा जम्मा १०९८८ विद्यार्थीहरु अध्ययनरत रहेका छन । प्युठान नगरपालिकाको वर्तमान अवस्था नियालेर हेर्दा आधारभूत तह कक्षा १- ८मा खूद भर्नादर ९१.८ प्रतिशत र कूल भर्ना दर ११६.५२ प्रतिशत रहेको छ । हाल कक्षा ८ को टिकाउदर ८६.९ प्रतिशत रहेको छ ।

विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । दिवा खाजा कार्यक्रमलाई सिकाइ तथा विद्यार्थीको स्वास्थ्यसँग प्रभावकारी ढङ्गले जोड्नुपर्ने आवश्यकता देखिन्छ । आधारभूत तहमा विद्यालय छोड्ने र दोहोर्‍याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले कक्षा १ देखि ३ का विद्यार्थीहरुको पठन सीपमा सहयोग गरेको भएतापनि अन्य विषयहरु र अन्य सीपहरुमा त्यति जोड दिएको देखिदैन र सो कार्यक्रम कक्षा ४ र ५ मा पनि लागु हुनु आवश्यक देखिन्छ । पाठ्यक्रमको

सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु अति आवश्यक देखिन्छ। शिक्षण सिकाइ विधि सुधारका लागि सम्पुर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु  आवश्यक छ।

| | |
|---|---|
| सबल पक्षहरू | क) आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था हुनु।<br>ख) स्थानीय सरकारले आधारभूत तहको शिक्षाको जिम्मेवारी बहन गर्नु।<br>ग) दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न पहल गर्नु<br>घ) कक्षा १ देखि ३ मा सहजीकरण गर्ने शिक्षकहरुलाई एकीकृत पाठ्यक्रम सम्बन्धी तालिमको व्यवस्था हुनु।<br>ङ) आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपातको अधारमा दरबन्दी मिलानको थालनी हुनु। |
| सुधार गर्नुपर्ने पक्षहरू | क) कक्षा १ मा भर्नाहुने सबै बालबालिकाहरुसँग बालविकासको अनुभव ।<br>ख) एकीकृत पाठ्यक्रम र माथिल्लो कक्षाको पाठ्यक्रमको मर्म अनुरुप शिक्षण सिकाइ क्रियाकलाप।<br>ग) सबै विद्यालयका ( कक्षा १ देखि ३) कक्षाहरुमा बालमैत्री बसाइ व्यवस्थापन।<br>घ) शिक्षणको क्रममा प्रविधिको प्रयोग।<br>ङ) आधारभूत तहमा शिक्षण सामग्री, सन्दर्भ सामग्रीहरुको व्यवस्था।<br>च) अभिभावकहरुमा आफ्ना बालबालिकाको सिकाइ प्रति उत्तरदायित्व। |
| अवसरहरु | क) आधारभूत तहका विद्यार्थीहरुका लागि छात्रवृत्तिको व्यवस्था हुनु।<br>ख) अभिभावकको चासो बढ्नु।<br>ग) आधारभूत तहका शिक्षकहरु  तालिम प्राप्त हुनु।<br>घ) विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी कम भएका विद्यालयहरुमा नगरपालिकाद्वारा अनुदान शिक्षक कोटाको व्यवस्था गर्नु।<br>घ) अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितता हुनु।<br>ङ) स्थानीय पाठ्यक्रम निर्माणको चरणमा हुनु। |
| चुनौतीहरु | क) पहुँच तथा सहभागिता वृद्धि गर्नु।<br>ख) निःशुल्क तथा अनिवार्य शिक्षाको लागि अनुदान वृद्धि गर्नु।<br>ग) गुणस्तर सुधार गरी सिकाइ उपलब्धि वृद्धि गर्नु<br>घ) खुद भर्ना दर १०० प्रतिशत पुऱ्याइ कक्षा दोहोऱ्याउने र कक्षा छोड्नेदर ० प्रतिशतमा झार्ने<br>ङ) आवश्यक भौतिक पूर्वाधार निर्माण गर्नु<br>च) बालमैत्री एवम् प्रविधिमैत्री वातावरण सिर्जना गर्नु<br>छ) शिक्षक दरबन्दी मिलान गर्नु<br>ज) शिक्षक, अभिभावक, विद्यार्थी सहायता प्रणाली निर्माण गर्नु<br>झ) परीक्षा तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु। |

### ३.२.२ उद्देश्य

यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्न लिखित उद्धेश्यहरु राखेको छ :-

१. आधारभूत तहको विद्यालय उमेर समूहका सीमान्तकृत, विविधतायुक्त, समतामूलक, समावेशी र पहुँचयोग्यतालाई ख्याल गर्दै सबै बालबालिकाहरुलाई आधारभूत शिक्षा पुरा गर्ने अवस्था सुनिश्चित गर्नु ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयनबाट शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

३. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु ।

४. सिकाइलाई व्यवहारिक, प्रविधिमैत्री र बालमैत्री बनाइ आधारभूत तहको न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु ।

### ३.२.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि अपनाउने रणनीतिहरु :-

१. कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने दर घटाउने र खुद भर्नादर, तह पार गर्ने दरमा वृद्धि गर्न बालबालिकाहरुको पहिचान गरी लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने ।

२. शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षकको दरबन्दी मिलान गर्ने, विद्यालय गाभ्ने र उक्त कार्य गर्न कार्यविधि बनाउने ।

३. अभिभावक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरुलाई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

४. विद्यालयमा प्रविधिमैत्री, सुरक्षित, बालमैत्री एवम् अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी सूचना तथा प्रविधिको भरपूर प्रयोग मार्फत बालबालिकाहरुको सिकाइमा थप टेवा पुऱ्याउने ।

५. छापामय कक्षा कोठा निर्माण र बसाइ व्यवस्थापन गर्ने ।

६. आधारभूत तहको उमेर समूहका सीमान्तकृत बालबालिकाहरु समेत समावेश हुने गरी पहुँच अभिवृद्धि हुने कार्यक्रम सञ्चालन गर्ने ।

७. नगरपालिका भित्र सञ्चालित विषेश कक्षा (स्रोत कक्षा) आवासीय शैक्षिक कार्यक्रमलाई थप सुधार गर्दै क्षमता विकासमा जोड दिने ।

८. गणित, विज्ञान लगायतका शिक्षकहरुलाई विद्यालयमा टिकाइ राख्न नगरपालिकाले थप प्रोत्साहन भत्ताको व्यवस्था गर्ने ।

९. विद्यार्थीलाई न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा मूल्याङ्कन गर्ने ।

१०. शिक्षकहरुलाई विषयगत दक्षता अभिवृद्धिका लागि तालिमको अवसर प्रदान गर्ने ।

११. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको पहिचान गरी विद्यालयमा भर्ना गर्न सहयोग गर्ने ।

१२. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमको मर्म अनुसार बालबालिकाहरुमा व्यवहारकुशल सिपको विकास गर्ने ।

१३. प्रारम्भिक कक्षाहरूमा पठन तथा गणितीय सीप प्रवर्द्धन गर्ने ।

१४. विद्यालयमा दिवा खाजा कार्यक्रम र विद्यालय सरसफाइ कार्यक्रमको अनुगमन गर्ने ।

१५. शिक्षकको वार्षिक कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने ।

१६. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

१७. विद्यालयमा पढाइ मेला एवम् प्रारम्भिक सिकाइ कार्यक्रम मार्फत बालबालिकाको सिकाइमा वृद्धि गर्ने ।

१८. विषय शिक्षकहरुको सिकाइ समूह बनाइ मासिक रुपमा शिक्षणको क्रममा आइपरेका समस्याहरुको बारेमा सुधारका उपाय अवलम्बन गर्न सहयोग गर्ने ।

१९. खुला आधारभूत विद्यालयको स्थापना गर्ने ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू :-

१.अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भइ गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

२. कक्षा १ मा सबै बालबालिकाहरु बालविकासको अनुभव सहित भर्ना भएका हुनेछन् ।

३. आधारभूत तहको कूल भर्नादर १०० प्रतिशत पुगेको हुनेछ ।

४. विद्यालयहरु समायोजन  गरी आधारभूत तहमा दक्ष शिक्षकको व्यवस्थापन भएको हुनेछ ।

५. कक्षा ८ सम्म प्रविधिमैत्री कक्षाकोठा हुने विद्यालयहरु १०० प्रतिशत पुगेको हुनेछ ।

६. बालमैत्री अपाङ्गमैत्री सुरक्षित भौतिक पूर्वाधार विकास भएको हुनेछ ।

७. बालमैत्री बसाइ व्यवस्थापन भएका विद्यालय सङ्ख्या ५० प्रतिशत पुगेको हुनेछ ।

८. सत प्रतिशत विद्यार्थीहरुले कम्तिमा D ग्रेड प्राप्त गरेका हुनेछन् ।

**नतिजा**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र. स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६ /८७ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | ० | सबै | सबै | सबै | सबै | सबै |
| २ | आधारभूत तह मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ४.९ | ४ | ३.६ | ३.२ | ३ | २.५ |
| ३ | आधारभूत तहमा तालिम प्राप्त शिक्षकको प्रतिशत | ९६ | ९७ | ९८ | १०० | १०० | १०० |
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | २१ | १० | ५ | ४ | १० | १ |
| ४ | बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने दर | ९७.९ | ९८ | ९८.५ | ९८.७ | ९८.९ | ९९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | कक्षा ३ को सिकाइ उपलब्धि परीक्षण गर्ने विद्यालय सङ्ख्या | ० | १० | १० | १० | १० | ११ |
| ६ | बालमैत्री बसाइ व्यवस्थापन भएका विद्यालय सङ्ख्या | २० | ५ | ५ | १० | ५ | ६ |
| ७ | छापामय कक्षा कोठा भएका विद्यालय सङ्ख्या | १५ | १० | ५ | १० | ५ | ६ |
| ८ | कक्षा ५ मा सबै विषयमा कम्तीमा D ग्रेड प्राप्त गर्ने विद्यार्थी प्रतिशत | ४८ | ६० | ७० | ८० | ९० | १०० |
| ९ | कक्षा ८ मा सबै विषयमा कम्तीमा D ग्रेड प्राप्त गर्ने विद्यार्थी प्रतिशत | ५३ | ६५ | ७५ | ८५ | ९५ | १०० |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

प्युठान नगरपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यार्थी भर्ना तथा निरन्तरता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | मापदण्ड अनुसार प्र.अ. व्यवस्थापन | जना | ५ | १० | १० | १० | १० | ४५ | सबै | |
| ४ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ५ | वि. व्य. स., शि.अ.सं. का पदाधिकारीहरूको क्षमता विकास | जना | ५१ | ५१ | ५१ | ५१ | ५१ | २०५ | सबै | |
| ६ | शिक्षकको क्षमता विकास कार्यक्रम | जना | ५१ | ५१ | ५१ | ५१ | ५१ | २०५ | ४१० | |
| ७ | बालबालिकाहरुको स्वास्थ्य परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | कक्षा कोठामा आधारित मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | अतिरिक्त क्रियाकलाप कार्यक्रम | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० | |
| १० | विषय शिक्षकहरुको सिकाइ समूहको बैठक | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० | |
| ११ | Wash सुविधा सहितको बालमैत्री, अपाङ्गमैत्री तथा छात्रामैत्री शौचालय निर्माण | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १२ | बालमैत्री, अपाङ्गमैत्री शौचालय मर्मत | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १३ | शुद्ध खानेपानीको व्यवस्था भएका विद्यालय | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १३ | कक्षाकोठा निर्माण | वटा | १ | २ | २ | २ | १ | ८ | १६ | |
| १४ | कक्षाकोठा मर्मत | वटा | १ | २ | २ | २ | १ | ८ | १६ | |
| १५ | सूचना प्रविधिमा पहुँच पुगेका विद्यालय | प्रतिशत | ७० | ७५ | ७८ | ८३ | ८५ | ८५ | १०० | |
| १६ | सुरक्षित खेलमैदान भएका विद्यालय | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | सबै | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | विद्यालय घेरावार | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | सबै | |
| १८ | पुस्तकालयको व्यवस्था | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | सबै | |
| १९ | ICT प्रयोगशाला | वटा | १ | १ | १ | १ | १ | ५ | सबै | |
| २० | विज्ञान प्रयोगशाला | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.३ माध्यमिक शिक्षा

विद्यालय शिक्षा संरचना अन्तर्गत उपल्लो तहको शिक्षा माध्यमिक शिक्षा हो। कक्षा ९ देखि १२ सम्म चार वर्षमा १३/१४ देखि १६/१७ वर्ष उमेर समूहले अध्ययन गर्ने तह हो। विद्यमान शैक्षिक प्रणाली अन्तर्गत माध्यमिक शिक्षा साधारण, परम्परागत/धार्मिक र प्राविधिक तथा व्यावसायिक गरी तीन धारमा विभाजित छ। यो तहको शिक्षाको मूल उद्देश्य विद्यार्थीहरुलाई उच्च शिक्षा तथा श्रमको संसारमा प्रवेशको लागि तयार गर्नु हो। त्यसैगरी यो तहको शिक्षाले विद्यार्थीहरुमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबीच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गरी स्वरुपान्तरण हुँदै ज्ञान, सीप र क्षमतालाई अद्यावधिक गर्ने क्षमता विकास गर्नु पर्दछ।

आधारभूत तह उत्तीर्ण विद्यार्थीहरु मध्ये कक्षा ९ मा भर्ना हुने प्रतिशत र सङ्ख्या वृद्धि हुँदै गइरहेको अवस्थालाई हेर्दा विगत वर्षहरुमा माध्यमिक शिक्षाको विस्तार राम्रै भएको देखिन्छ। परन्तु कक्षा ८ को उत्तीर्ण दर कम हुँदै जाँदा माध्यमिक शिक्षा लिने विद्यार्थीहरुको सङ्ख्यामा गिरावट आउने सम्भावना छ। अर्को तर्फ माध्यमिक तह उत्तीर्ण विद्यार्थीहरुलाई कामको संसारमा जोडेर उत्पादनमा लगाउन नसकिएको अनुभवले यो तह उत्तीर्ण विद्यार्थी शैक्षिक बेरोजगार बन्ने तथा विदेश पलायन हुने सम्भावना बढ्दै गइरहेको छ। आगामी शैक्षिक योजनाले माध्यमिक शिक्षालाई सैद्धान्तिक ज्ञान सँगसँगै जीवनोपयोगी प्राविधिक, व्यावसायिक, व्यवहारिक तथा स्थानीय सीपहरुलाई संयोजन गरी अघि बढ्नेतर्फ ध्यान दिन आवश्यक छ। तब मात्र प्युठान नगरपालिकाबाट उत्पादित उक्त जनशक्तिले सभ्य, सुसंस्कृत एवम् समतामूलक समाज निर्माणका लागि राष्ट्रलाई योगदान पुऱ्याउन सक्दछ।

### ३.३.१ वर्तमान अवस्था

हाल यस प्युठान नगरपालिकामा १२ सामुदायिक र ४ संस्थागत गरी जम्मा १६ माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन। सामुदायिक र संस्थागत गरी ९०० छात्रा र ११४३ छात्र गरी जम्मा २४३३ विद्यार्थीहरु माध्यमिक तहमा अध्ययनरत छन। विषयगतरुपमा शिक्षकहरुको दरबन्दी अभाव भएका कारण गुणस्तरीय माध्यमिक शिक्षाको सुनिश्चित गर्न समस्या रहेको छ। यस नगरपालिकाको माध्यमिक शिक्षाको तथ्याङ्कलाई तलको तालिकामा हेर्न सकिन्छ।

प्युठान नगरपालिका अन्तर्गत वि. सं. २०८१ सुरुवात सम्म प्रत्येक वडामा निम्न प्रकारका माध्यमिक विद्यालयहरु, विद्यार्थी सङ्ख्या, शिक्षक सङ्ख्या रहेको छ।

माध्यमिक विद्यालयहरु

| क्र. स. | वडा नं. | विद्यालय सङ्ख्या/ प्रकार | विवरण | विद्यार्थी सङ्ख्या | शिक्षक सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | १ सामुदायिक | प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म ( साधारण धार ) | ३५३ | १७ | |
| २ | २ | १ सामुदायिक<br>१ संस्थागत | प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म ( साधारण धार )<br>नर्सरी देखि कक्षा १० सम्म | १२२९ | ४७ | |
| ३ | ३ | १ सामुदायिक<br>१ सामुदायिक | प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म ( साधारण धार, विज्ञान, सिभिल इन्जिनियरिङ-प्राविधिक धार )<br>प्रारम्भिक बालविकास देखि कक्षा १० सम्म | १४८२ | ३९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ४ | १ सामुदायिक<br>१ संस्थागत | प्रारम्भिक बालविकास देखि कक्षा १० सम्म<br>नर्सरी देखि कक्षा १० सम्म | १६४६ | ५२ | |
| ५ | ५ | २ सामुदायिक | प्रारम्भिक बालविकास देखि कक्षा १० सम्म | ७०२ | २७ | |
| ६ | ६ | १ सामुदायिक | प्रारम्भिक बालविकास देखि कक्षा १० सम्म | ५१७ | १६ | |
| ७ | ७ | १ सामुदायिक<br>१ संस्थागत | प्रारम्भिक बालविकास देखि कक्षा १० सम्म<br>नर्सरी देखि कक्षा ९ सम्म | ८२६ | ४५ | |
| ८ | ८ | १ सामुदायिक<br>१ संस्थागत | प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म ( साधारण धार )<br>नर्सरी देखि कक्षा १० सम्म<br>प्रारम्भिक बालविकास देखि कक्षा ९ सम्म | २५१२ | ६७ | |
| ९ | ९ | १ सामुदायिक | प्रारम्भिक बालविकास देखि कक्षा १० सम्म | ४५२ | १८ | |

## SWOT Analysis

प्युठान नगरपालिका अन्तर्गत माध्यमिक तहमा देखिएका सबल पक्ष ( Strengths ), सुधार गर्नुपर्ने पक्ष ( Weakness ), अवसरहरु ( Opportunities ) एवम् चुनौतीहरु ( Threats ) हरुलाई निम्न रुपमा औंल्याउने कोशिस गरिएको छ ।

| | |
|---|---|
| सबल पक्षहरु ( Strengths ) | १. कक्षा ९ र ११ मा भर्नादर बढ्दै जानु।<br>२. माध्यमिक तहका विद्यालय सङ्ख्या वृद्धि हुँदै जानु।<br>३. कक्षा १० सम्म निःशुल्क शिक्षा पूर्ण रुपमा कार्यान्वयन हुनु<br>४. आमाबाबु नभएका बालबालिकालाई आवासीय सुविधासहित कक्षा १२ सम्म निःशुल्क शिक्षाको प्रबन्ध गरिनु<br>५. स्रोत कक्षाका विद्यालयहरु सञ्चालन हुनु<br>६. नगरपालिकाले विद्यालयलाई थप अनुदान शिक्षकको व्यवस्था गर्नु<br>७. दलित, जनजाति एवम् सिमान्तकृत बालबालिकाहरुको विद्यालयमा पहुँच वृद्धि हुँदै जानु<br>८. प्रत्येक माध्यमिक विद्यालयमा इन्टरनेटको सुविधा हुनु<br>९. कक्षा १२ सञ्चालित ४ ओटा विद्यालय मध्ये एउटा विद्यालयमा प्राविधिक धार सञ्चालन हुनुका साथै विज्ञान सहित अन्य विषय पनि अध्ययन गर्ने अवसर प्राप्त हुनु<br>१०. पुस्तकालय तथा खाजाघरको व्यवस्था हुनु<br>११. नगरपालिकाबाट अनुदान सहयोग उपलब्ध हुनु<br>१२. कोभिड महामारीको समयमा वैकल्पिक शिक्षण विधि अपनाइनु |
| सुधार गर्नुपर्ने पक्षहरु ( Weakness ) | १. पर्याप्त भौतिक संरचनाको अभाव<br>२. विषयगत तालिम प्राप्त शिक्षकको अभाव<br>३. माध्यमिक तथा निम्न माध्यमिक तहमा शिक्षक दरबन्दीको अभाव<br>४. सिकाइ उपलब्धि न्यून<br>५. नगरपालिकाबाट SEE उत्तीर्ण अधिकांश विद्यार्थीहरु जिल्लाबाहिर जाने गरेको |
| अवसरहरु (Opportunities ) | १. कक्षा १० सम्म पूर्ण निःशुल्क भएकाले विपन्न बालबालिकाहरुले पनि शिक्षा लिन सक्ने<br>२. अभिभावकहरुको शिक्षा प्रति चासो बढ्नु |

| | |
|---|---|
| | ३. सङ्घ, प्रदेश तथा स्थानीय सरकार शिक्षामा लगानी गर्न तत्पर देखिनु<br>४. स्रोत कक्षाका विद्यालयहरु सञ्चालनमा रहेको हुँदा विशेष आवश्यकता भएका बालबालिकाहरुले पनि शिक्षाको अवसर पाउनु<br>५. शिक्षा क्षेत्रमा लगानी, दान तथा सहयोग गर्न चाहने व्यक्ति तथा संस्थाहरु उपलब्ध हुनु। |
| चुनौतीहरु<br>( Threats ) | १. SEE उत्तीर्ण शत प्रतिशत बालबालिकाहरुलाई कक्षा ११ मा भर्ना गराउनु<br>२. माध्यमिक तह उत्तीर्ण नगर्दै कक्षा छाड्ने प्रवृत्तिको अन्त्य गर्नु<br>३. सामाजिक एवम् राजनैतिक परिवर्तन सँगै माध्यमिक शिक्षालाई जीवनोपयोगी बनाइ श्रम बजारसँग जोड्नु<br>४. विविध आवश्यकता भएका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा सहभागी गराउनु<br>५. शिक्षकहरुलाई प्रविधिसँग जोडी शिक्षालाई खोजमूलक गराउनु<br>६. विद्यार्थीहरुलाई शिक्षण सिकाइ क्रियाकलाप प्रति अभिरुचि जगाउनु<br>७. विद्यार्थीमा भएको प्रविधिको ज्ञानलाई सिकाइ क्रियाकलापसँग जोड्नु<br>८. प्राकृतिक विपत्तिबाट विद्यालय परिवारलाई सुरक्षित राख्नु |

### ३.३.२ उद्देश्य

माध्यमिक शिक्षा तह सँग सम्बन्धित प्युठान नगरपलिकाले तय गरेका उद्देश्यहरु :-

१) आधारभूत तह उत्तीर्ण सम्पूर्ण बालबालिकालाई माध्यमिक तहमा निःशुल्क एवम् गुणस्तरीय शिक्षा प्रदान गर्ने।

२) माध्यमिक तहको शैक्षिक एवम् भौतिक वातावरणलाई बालमैत्री, सिकाइ मैत्री, समावेशी, समतामूलक एवम् सुरक्षित बनाउने।

३) कक्षा १० र १२ को अन्तिम परीक्षाको नतिजालाई सुधार गरी कक्षा ९ र ११ मा भर्नादर उच्च बनाउने।

४) शिक्षक एवम् कर्मचारीहरुको पेसागत दक्षता अभिवृद्धि गर्ने।

५) विद्यालय व्यवस्थापन एवम् प्रशासनलाई पारदर्शी, जवाफदेही, सबल एवम् सक्षम बनाइ सुशासन कायम गर्ने।

६) समुदाय एवम् अभिभावकहरुलाई विद्यालय र बालबालिका प्रति जिम्मेवार बनाउने।

### ३.३.३ रणनीति

माध्यमिक तहको शिक्षाले निर्दिष्ट गरेका उद्देश्यहरु पूरा गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ :-

१) आधारभूत तह उत्तीर्ण गरेका सबै बालबालिकाहरुलाई भर्ना गर्न, विद्यालयमा टिकाइ राख्न विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालनमा ल्याउने।

२) विद्यालयमा आउन नसक्ने बालबालिकाहरुलाई वैकल्पिक माध्यमबाट माध्यमिक तह स्तरको शिक्षा उपलब्ध गराउने।

३) असहाय एवम् अनाथ बालबालिकाहरुलाई छात्रावासमा राखी सम्पूर्ण सुविधा सहित माध्यमिक तहको शिक्षा उपलब्ध गराउने।

४) विद्यालय भवन एवम् अन्य संरचनाहरु निर्माण एवम् मर्मत, पुनर्निमाण गर्दा बालमैत्री, अपाङ्गमैत्री तथा छात्रा (किशोरी ) मैत्री बनाउने।

५) सम्पूर्ण माध्यमिक विद्यालयहरुमा प्रविधिमैत्री इ पुस्तकालय, विज्ञान, कम्प्युटर एवम् गणित प्रयोगशाला निर्माण गर्ने।

६) मूल्याङ्कनका विभिन्न तरिकाहरु अपनाइ शिक्षक तथा विद्यार्थीहरुलाई नियमित पृष्ठपोषण दिने ।

७) विषयगत शिक्षकहरुको आवश्यकता पहिचान गरी तालिम, गोष्ठी, सेमिनार एवम् अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

८) कक्षागत रुपमा विषयगत दक्ष शिक्षकहरु उपलब्ध गराउने ।

९) सम्पूर्ण माध्यमिक विद्यालयमा छापामय कक्षाकोठा बनाउने ।

१०) माध्यमिक विद्यालयका प्रधानाध्यापकहरुलाई व्यवस्थापन तालिम र अभिमुखीकरणको व्यवस्था गर्ने ।

११) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई आवश्यकताको आधारमा तालिम, गोष्ठी तथा सेमिनारको व्यवस्था गर्ने ।

१२) समुदाय तथा अभिभावकहरुलाई जिम्मेवार बनाउन अभिभावक शिक्षा एवम् उत्प्रेरणाका कार्यक्रम सञ्चालन गर्ने ।

१३) विभिन्न प्राकृतिक प्रकोप, विपत्ति, महामारी तथा जलवायु परिवर्तनको असरबाट बच्न त्यसका उपायहरु अवलम्बन गर्न सक्षम बनाउने ।

१४) कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन गर्नका लागि विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने ।

**कार्यनीतिहरु**

१. शैक्षिक सत्रको सुरुवातमा माध्यमिक तह उमेरका आधारभूत तह पूरा गरेका सम्पूर्ण बालबालिकाहरुलाई माध्यमिक तहमा भर्ना गराउने उद्देश्यले भर्ना अभियान सञ्चालन गर्ने

२. विद्यालयमा टिकाइ राख्न र माध्यमिक तह पूरा गराउन विद्यार्थी केन्द्रित विभिन्न कार्यक्रम सञ्चालन गर्ने

३. सामुदायिक तथा संस्थागत विद्यालयहरुमा भइरहेका असल अभ्यासहरु आदानप्रदान गरी कार्यान्वयनमा ल्याउने

४. लक्षित विद्यार्थीहरु पहिचान गरी विशेष सहयोग कार्यक्रम सञ्चालन गर्ने

५. विद्यालय भवन, खेल मैदान, खानेपानी, शौचालय, प्रयोगशालाहरु निर्माण गर्दा अपाङ्गमैत्री, बालमैत्री, किशोरीमैत्री बनाउने

६. अनाथ एवम् असहाय बालबालिकाहरुलाई पारिवारिक वातावरण सहितको छात्रावासको व्यवस्था गरी सेवा प्रदानलाई निरन्तरता दिंदै विस्तार गर्ने

७. अति विपन्न दलित एवम् कतिपय जनजाति र सिमान्तकृत बालबालिकाहरुलाई थप छात्रवृत्ति, खाजा, पोसाक लगायतका लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने

८. विद्यालयका नीति निर्माण तथा कार्यान्वयन प्रक्रियामा शिक्षकहरुको संलग्नतालाई सुनिश्चित गरी शिक्षकहरुलाई जिम्मेवार एवम् मर्यादित गराउने

९. शिक्षकहरुलाई विषयगत रुपमा तालिम प्रदान गरी कार्यकुशलता अभिवृद्धि गर्ने

१०. विषयगत शिक्षकहरुको भेला, छलफल, गोष्ठी, सेमिनार गराइ समस्या पहिचान गर्न तथा समस्या समाधान गर्न प्रोत्साहन गर्ने

११. शिक्षा नीति तथा प्युठान नगरपालिकाको शिक्षा सम्बन्धी नीति अनुरुप प्रधानाध्यापकको छनोट तथा नियुक्ति प्रक्रिया अघि बढाउने र जिम्मेवार बनाउने

१२. प्रशासनिक कार्यलाई सुव्यवस्थित गरी विद्यालयमा सुशासन कायम गर्न गराउन प्रधानाध्यापकलाई आधुनिक प्रविधि सम्बन्धी तालिम दिने

१३. अभिभावक एवम् समुदायका सदस्यहरुलाई विभिन्न अभिप्रेरणा कक्षाहरु, तालिम एवम् गोष्ठीहरुमा सहभागी गराउने

१४. नीति निर्माणमा अभिभावकहरुको सहभागितालाई सुनिश्चित गर्दै स्रोतको खोजी र निर्माणमा सहभागी गराउने ।

१५. विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरुका लागि तालिम सञ्चालन गर्ने

१६. शैक्षिक विकासमा सहयोग पुऱ्याउन चाहने व्यक्ति, संस्था, व्यापारिक तथा औद्योगिक घरानाहरुलाई अभिप्रेरित गरी सहयोग जुटाउन संयन्त्र निर्माण गर्ने

१७. विद्यार्थीहरुको स्वास्थ्य अवस्थामा आउने समस्याहरुको हल गर्न तथा प्राथमिक उपचार गर्न माध्यमिक विद्यालयहरुमा स्वास्थ्य कार्यकर्ता सहितको घुम्ती टोली मार्फत स्वास्थ्य सेवा प्रदान गर्ने ।

१८. बाढी पहिरो, जलवायु परिवर्तन, आगलागि जस्ता प्राकृतिक प्रकोपबाट विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई जोगाउन विद्यालय नक्साङ्कन र नयाँ निर्माण गर्दा विशेष ध्यान दिने

१९. संस्थागत माध्यमिक विद्यालयहरुलाई नियमन, निर्देशन, अनुगमन, सुपरिवेक्षण गरी शिक्षकहरुलाई तालिम तथा क्षमता विकास कार्यक्रमहरुमा सहभागी गराउने

२०. प्राविधिक एवम् व्यावसायिक शिक्षालाई आकर्षक एवम् समय सान्दर्भिक तथा व्यवहारिक बनाउन विभिन्न प्रयोगशाला तथा नव प्रवर्तन केन्द्रहरु स्थापना गर्ने

२१. स्थानीय आवश्यकताका आधारमा साधारण एवम् प्राविधिक विषयहरु थप गर्ने तथा विविधीकरण गर्ने

२२. नवीनतम विधि प्रविधि, शैक्षिक रणनीति एवम् तरिकाहरु अपनाइ शिक्षण र मूल्याङ्कन पद्धतिको विकास गर्ने

२३. प्रत्येक माध्यमिक विद्यालयमा CCTV जडान गरी प्रशासन, सुरक्षा व्यवस्थालाई चुस्त बनाउने ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू :-

१) कक्षा ८ उत्तिर्ण सबै बालबालिकाहरु कक्षा ९मा भर्ना भइ माध्यमिक तह पुरा गरेका हुनेछन् ।

२) कक्षा १० उत्तिर्ण गरी जिल्ला बाहिर जाने विद्यार्थीहरुको सङ्ख्या न्युन हुनेछ ।

३) उत्तीर्ण प्रतिशत  १०० प्रतिशत पुगेको हुनेछ ।

४) प्युठान नगरपालिका माध्यमिक शिक्षाको लागि शैक्षिक हबको रुपमा विकास भएको हुनेछ ।

५) कक्षा छोड्ने दर शून्य मा झरेको हुनेछ ।

६) प्राविधिक विषयहरुको पठनपाठन हुने विद्यालयहरुको सङ्ख्या बढेको हुनेछ ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू :-*

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | ० | सबै | सबै | सबै | सबै | सबै |
| २ | माध्यमिक तह (९-१०)मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ० | ० | ० | ० | ० | ० |
| ३ | माध्यमिक तह (९-१०) मा तालिम प्राप्त शिक्षकको सङ्ख्या ( प्रतिशत ) | ९५ | ९८ | ९९ | ९९ | ९९ | १०० |
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक तहका विद्यालयको सङ्ख्या | ५ | ५ | ६ | ८ | १० | १२ |
| ४ | कक्षा १० मा सबै विषयमा कम्तीमा D ग्रेड प्राप्त गर्ने विद्यार्थी | ४० | ४२ | ४५ | ५० | ५५ | ६० |
| ५ | कक्षा १२ मा सबै विषयमा कम्तीमा D ग्रेड प्राप्त गर्ने विद्यार्थी | ४० | ४२ | ४५ | ५० | ५५ | ६० |
| ६ | अति विपन्न र सिमान्तकृत बालबालिकाहरुलाई थप छात्रवृत्ति, आवासीय प्रबन्ध लगायतको कार्यक्रमहरु सञ्चालन गर्ने | ५५ | १०० | १०० | १०० | १०० | १०० |
| ७ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | ० | ५ | ५ | ५ | ५ | ५ |
| ८ | मापदण्ड अनुसार विषयगत शिक्षक व्यवस्था प्रतिशत | ३३ | ४० | ५० | ६० | ८० | १०० |
| ९ | विद्यालय भवन एवम् अन्य संरचनाहरु निर्माण तथा मर्मत, पुनर्निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री तथा छात्रा (किशोरी ) मैत्री बनाउने । | सबै | सबै | सबै | सबै | सबै | सबै |

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरू :-

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | ० | १ | ० | १ | ३ | ८ | |
| २ | मापदण्ड अनुसार प्र. अ. व्यवस्थापन | जना | ३ | ३ | ९ | १२ | १२ | १२ | १२ | |
| ३ | वि. व्य. स., शि. अ. सं. का पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | शिक्षकको क्षमता विकास कार्यक्रम | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | ३०० | |
| ५ | विपन्न वर्ग, फरक पहिचान भएका विद्यार्थीका लागि विशेष छात्रवृत्ति | जना | ५५ | १०० | १०० | १०० | १०० | ४५५ | ९५५ | |
| ६ | बालबालिकाहरुको स्वास्थ्य परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | संस्थागत माध्यमिक विद्यालयहरुको अनुगमन, सुपरिवेक्षण | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| ८ | अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ९ | विषय शिक्षकहरुको सिकाइ समूहको बैठक | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० | |
| १० | Wash सुविधा सहितको बालमैत्री, अपाङ्गमैत्री तथा छात्रामैत्री शौचालय निर्माण | वटा | २ | २ | २ | २ | २ | १० | २० | |
| ११ | शुद्ध खानेपानीको व्यवस्था भएका विद्यालय | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १२ | कक्षाकोठा निर्माण | वटा | २ | २ | २ | २ | २ | १० | २० | |
| १३ | कक्षाकोठा मर्मत | वटा | २ | २ | २ | २ | २ | १० | २० | |
| १४ | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग भएका विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १५ | सुरक्षित खेलमैदान भएका विद्यालय | वटा | ५ | ६ | ७ | ८ | १० | १२ | १२ | |
| १६ | विद्यालय घेरावार | वटा | ५ | ६ | ७ | ८ | १० | १२ | १२ | |
| १७ | पुस्तकालयको व्यवस्था | वटा | ० | ० | ० | ० | १२ | १२ | सबै | |
| १८ | ICT प्रयोगशालाको अधिकतम प्रयोग | वटा | १ | ० | ० | ० | ० | ० | सबै | |
| १९ | विज्ञान प्रयोगशालाको अधिकतम प्रयोग | वटा | १ | ० | ० | ० | ० | ० | सबै | |
| २० | जु. रे. स.,यु. रे. स. स्काउट, बाल क्लब परिचालन | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० | |
| २१ | विपत् न्यूनीकरण तथा व्यवस्थापनका लागि पूर्व तयारी तथा अभ्यास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २१ | लागु पदार्थ दुर्व्यसन तथा बाल विबाह न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २२ | प्रत्येक माध्यमिक विद्यालयमा CCTV जडान | वटा | ० | १ | १ | १ | १ | ९ | १२ | ५ आधार वर्ष |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

"विद्वान प्रशस्यते लोके विद्वान गछति गौरवम्, विद्यया लभते सर्व विद्या सर्वत्र पूज्यते" अर्थात संसारमा जे जति पनि परिवर्तन, खोज र आविष्कारका कार्यहरु सम्भव भएका छन् ती विद्वानहरु कै प्रयासले सम्भव भए, यसरी विद्वानहरु सीपयुक्त व्यक्ति उत्पादन गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षा आफैमा महान छ। विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक सीप प्रदान गरी रोजगार तथा स्वरोजगार बनाउनको लागि साधारण विषयको अतिरिक्त कृषि, निर्माण, कटाई, बुनाई तथा हस्तकला जस्ता व्यावसायिक विषयहरु सामुदायिक विद्यालयहरुमा समावेश गरी आधारभूत विद्यालय बाट व्यवसायिक शिक्षा दिने व्यवस्था गरिनु जरुरी छ । नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यावसायिक सीप र ज्ञान सिकाउने प्रयास वि.सं २००४ साल देखि नै सुरु भएको पाइन्छ। यसरी हेर्दा नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको इतिहास ६ दशक भन्दा लामो भएको पाइन्छ। ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमले हालसम्म विभिन्न चरणहरु पार गरेका छन्।

सीपयुक्त दक्ष जनशक्ति नै विकासको प्रमुख स्रोत हो। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमले गरिबी र बेरोजगारी कम गराई आर्थिक विकासको राष्ट्रिय लक्ष्य हासिल गर्न टेवा पुऱ्याउने तथ्य निर्विवाद छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमले व्यक्तिलाई **"बोली खाने भन्दा गरी खाने"** बनाउँदछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् इ.सं १९८९ (विक्रम संवत २०४५) मा स्थापना भएको हो। देशमा विद्यमान प्राविधिक जनशक्तिको विकास हेतु प्राविधिक तथा व्यावसायिक शिक्षाको नीति निर्माण तथा समन्वय गर्ने एक मात्र सरकारी निकायको रूपमा यो संस्था रहेको छ । यस संस्थाले देश भित्र स्तरीय प्राविधिक जनशक्ति निर्माण, पाठ्यक्रम विकास, सीप प्रमाणीका निर्माण साथै अध्ययन र अनुसन्धानका कार्यहरु गर्दै आएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले नेपालको लागि युनेस्को-यूनिभोक केन्द्रको रूपमा समेत काम गर्दै आएको छ।

प्राविधिक तथा व्यवसायिक शिक्षाको परिकल्पना गर्दै नेपालको संविधान, शिक्षा ऐन (नवौं संशोधन) २०२८ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले प्राविधिक तथा व्यवसायिक त्यस्तै विद्यालय तहको पाठ्यक्रममा समेत प्राविधिक शिक्षा जोडेको अवस्थाले वालवाललिकालाई कामको संसारमा लैजानु तथा प्राविधिक शिक्षा प्रति आर्कषण बढाएको छ।

### ३.४.१ वर्तमान अवस्था

प्राविधिक शिक्षा कुनैपनि प्रविधि सँग सम्बन्धित भएर हासिल गरिने व्यावसायिक ज्ञान हो। यो त्यस्तो शिक्षण प्रशिक्षण हो जसले रोजगारीका लागि ज्ञान र सिप प्रदान गर्दछ। प्राविधिक शिक्षामा औपचारिक र अनौपचारिक दुबै शिक्षा पर्दछन जसले व्यक्तिलाई दैनिक जीवनयापनका साथै कार्यस्थलमा आवश्यक ज्ञान र सिपहरु प्रदान गर्दछ। प्राविधिक शिक्षा र व्यावसायिक तालिम सामाजिक समानता, समावेशीकरण र दिगो विकासका लागि महत्वपूर्ण माध्यम बन्न सक्दछ। व्यवहारिक सिप ज्ञानलाई व्यक्ति, समाज र देशको विकासको कोसेढुंगाको रुपमा लिन सकिन्छ। युनेस्कोले शिक्षालाई विकासको ढोका र प्राविधिक तथा व्यावसायिक तालिम विकासको मूल ढोकाको रुपमा परिभाषित गरेको छ। "सीपयुक्त नेपाल, समृद्ध जनता" भनेर प्राविधिक तथा व्यावसायिक तालिम परिषदको दूरदृष्टि अनुरुप प्राविधिक शिक्षा युवाको रोजाइमा परेको छ।

प्युठान नगरपालिकामा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको स्वीकृतिमा सर्वप्रथम शैक्षिक शत्र २०७३ सालमा मा. वि. सिभिल इञ्जिनियरिङ तर्फ पठनपाठनकोलागि कक्षा ९ स्वीकृत गरीएको थियो । त्यसपछि क्रमशः २०७४ मा कक्षा १० मा, २०७५ मा कक्षा ११ र २०७६ मा कक्षा १२ सञ्चालन भएको थियो । हाल मुक्ति मा. वि. रातामाटामा कक्षा ९ देखि १२ सम्म सिभिल इञ्जिनियरिङको पठनपाठन भइरहेको अवस्था छ । यो शैक्षिक सत्र २०८१ मा कक्षा ९ देखि १२ सम्म जम्मा ८६ जना विद्यार्थीहरुले सिभिल इञ्जिनियरिङको अध्ययन गरीरहेका छन। यसैगरी २०७५ सालमा CTEVT बाट सम्बन्धन प्राप्त गरी यस नगरपालिकाको वडा नं. ९ को बाल विद्या मा. वि. मजुवा र वडा नं ७ को क्षेत्रविकास मा. वि. पुण्यखोलामा कृषि तथा बाली विज्ञान सम्बन्धी व्यावसायिक शिक्षा पठनपाठनका लागि कक्षा ११ र १२ मा सुरु गरिएको थियो ।

जनता माध्यमिक विद्यालय प्युठान जिल्लाको प्युठान नगरपालिका वडा नं. ८ बाग्दुलामा रहेको एक नमुना विद्यालय हो । उक्त विद्यालय शिक्षाको दृष्टिकोणले जिल्लाकै प्रमुख केन्द्रको रुपमा मानिन्छ । यस जनता माध्यमिक विद्यालय २०१४ सालमा स्थापना भएको सामुदायिक विद्यालय हो । यस विद्यालयमा बालविकास देखि कक्षा १२ सम्म विभिन्न संकायमा पठनपाठन हुनुको साथै खुल्ला विद्यालय, विशेष कक्षा र प्राविधिक शिक्षा तर्फ CTEVT द्वारा सम्बन्धन पाप्त Pre-Diploma in Computer Engineering कार्यक्रम विगत २०६८ सालदेखस सञ्चालन हुँदै आएको छ । उक्त कार्यक्रम समाजमा पिछडिएका, गरिब, आर्थिक रुपमा विपन्न, भौगोलिक हिसाबले टाढा रहेका सबै नेपालीले प्राविधिक शिक्षाको पहुँचमा रहुन् भनी नेपाल सरकारले सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा लागु गरी प्राविधिक शिक्षालाई नै आजको आवश्यकता भन्ने उद्धेश्यका साथ नेपाल सकार र CTEVT को सहकार्यमा उक्त Pre-Diploma कार्यक्रम सञ्चालन भएको हो। उक्त कार्यक्रम यहाँको समाज, बुद्धिजिवी शिक्षा प्रेमी लगायत समयको माग अनुसार यस विद्यालयमा २०६८ साल देखि Pre- Diploma in Computer Engineering विषयमा पठनपाठन हुँदै आएको छ ।

यस कार्यक्रमको पठनपाठन अवधि सैद्धान्तिक तथा प्रयोगात्मक गरी १२ महिना र कार्यगत तालिम (ओ.जे.टी.) ६ महिना गरी जम्मा १८ महिने कार्यक्रम हो। यस कार्यक्रममा अध्ययन गर्नको लागि SCL/SEE र माथिल्लो तह पास गरेको हुनु पर्दछ उक्त कार्यक्रममा अध्ययन गर्नको लागि सीमित कोटा सिस्टम भएकोले जम्मा ४० जना प्रशिक्षार्थीले मात्र अध्ययन गर्न पाउने छन् । सुरुको वर्ष उक्त शिक्षा अध्यन गर्नको लागि ८४ जनाले आवेदन फारम भरि प्रवेश परिक्षामा सामेल भई ४० जना विद्यार्थिलाई उत्कृष्टताको आधारमा छनोट गरिएको थियो । विगतका वर्षहरुमा पनि यसै गरि विद्यार्थीहरु भर्ना छनोट गरी भर्ना भई अध्ययन गरेको र हाल पनि यसै गरि नै छनोट गरि पठनपाठन गराउदै आएको छ । यस कार्यक्रममा भर्ना भई उतिर्ण भएका प्रशिक्षार्थीहरु विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा संलग्न भई रोजगारी, स्वरोजगारी तथा वैदेशिक रोजगारको लागि समेत विदेश जाने गरेका छन् । यस कार्यक्रमको मुख्य उद्धेश्य भनेको सिपमूलक दक्ष जनशक्ति उत्पादन गर्नु हो ।

दुई विद्यालयको दूरी नजिक हुनु, आवश्यक साधन स्रोत उपलब्ध हुन नसक्नु र दक्ष जनशक्तिको अभाव जस्ता कारणले २०७८ साल देखि बालविद्या मा. वि. मा सञ्चालित व्यावसायिक शिक्षा बन्द भइ त्यहाँ भर्ना भएका विद्यार्थीहरु क्षेत्र विकास मा. वि. मा स्थानान्तरण भएका र हाल क्षेत्रविकास मा. वि. मा ८ जना विद्यार्थीहरु कृषि तथा बाली विज्ञान विषयमा अध्ययन गरीरहेको अवस्था छ । यसरी हेर्दा वर्तमानको आवश्यकता प्राविधिक तथा

व्यावसायिक शिक्षा रहेको भएपनि यो क्षेत्रको विकास अपेक्षाकृत रुपमा हुन नसकेको अवस्था छ। यति हुँदा हुँदै पनि हाल सम्म मुक्ति मा. वि. मा सञ्चालित प्राविधिक शिक्षाबाट १२३ जनाले १२ कक्षा उत्तिर्ण गरेका र ति मध्ये ९ महिला र १४ पुरुष गरी २३ जनाले अन्य क्षेत्रमा रोजगारी प्राप्त गरेको अवस्था छ।

| | |
|---|---|
| सबल पक्षहरू | क) स्थानीय तहमा माध्यामिक शिक्षा सम्मको अधिकार प्राप्त हुनु।<br>ख) प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्व बारे सचेतना बढ्नु।<br>ग) प्राविधिक तथा व्यावसायिक शिक्षा बाट उत्पादित जनशक्तिले अरु क्षेत्रको भन्दा छिटै कामको अवसर प्राप्त गर्नु। |
| सुधार गर्नुपर्ने पक्षहरू | क) प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच पुग्न नसक्नु।<br>ख) प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि दक्ष प्रशिक्षकको अभाव हुनु।<br>ग) प्राविधिक तथा व्यावसायिक शिक्षासँग सम्बन्धित आवश्यक स्रोत साधन र सामग्रीको अभाव हुनु।<br>घ) प्रशिक्षकहरुलाई आवश्यक तालिमको व्यवस्था नहुनु। |
| अवसरहरु | क) सरकारले पनि प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिनु।<br>ख) स्थानीय तहमा प्राविधिक जनशक्तिको माग बढ्दै जानु।<br>ग) प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फ आकर्षण बढ्दै जानु। |
| चुनौतीहरु | क) सञ्चालनमा आएका प्राविधिक शिक्षामा विद्यार्थीको सङ्ख्या बढाउनु।<br>ख) आवश्यक दक्ष प्रशिक्षकको परिपूर्ती र प्रशिक्षकलाई टिकाउनु।<br>ग) पालिकामा कस्तो प्राविधिक तथा व्यावसायिक शिक्षाको आवश्यकता पर्छ भनी अध्ययन गर्नु।<br>घ) प्राविधिक शिक्षामा सीमान्तकृत, समावेशी समूहका बालबालिकाहरुको पहुँचमा अभिवृद्धि गरी अवसरहरु सुनिश्चित गर्नु। |

**३.४.२ उद्देश्य**

क) प्राविधिक शिक्षामा सीमान्तकृत र समावेशी समूहका बालबालिकाहरुको पहुँचमा अभिवृद्धि गर्न अवसरहरु सुनिश्चित गर्ने।

ख) प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम सम्पन्न गरेका जनशक्तिहरुलाई स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना गर्ने।

ग) नगरपालिका भित्र एवम् विश्व बजारमा खपत हुने खालका क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्न विद्यार्थीहरुलाई परामर्श दिने र त्यस्ता विद्यालयहरुको स्थापनाको लागि सहयोग गर्ने।

घ) प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्न दक्ष प्रशिक्षकहरु नियुक्ति गर्ने।

ङ) प्राविधिक धार अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको संस्थागत क्षमता विकास गरी न्यूनतम मापदण्ड पुरा गर्ने।

### ३.४.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि प्युठान नगरपालिकाले निम्न लिखित रणनीतिहरु अवलम्बन गर्नेछ :-

क) प्युठान नगरपालिका भित्र सञ्चालित प्राविधिक शिक्षालाई थप व्यवस्थित बनाउदै विद्यार्थीहरुको आकर्षणको केन्द्र बनाउने।

ख) प्राविधिक शिक्षामा सीमान्तकृत र समावेशी समूहका बालबालिकाहरुको पहुँच अभिवृद्धि गर्न अवसरहरु सुनिश्चित गर्ने।

ग) पालिकाको आवश्यकता एवम् बालबालिकाहरुको रुचि अनुसार दक्षता अभिवृद्धि गर्ने खालका प्राविधिक तथा व्यावसायिक शिक्षा थप गर्ने साथै तालिम सम्पन्न गरेका जनशक्तिहरुलाई स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना गर्ने।

घ) प्राविधिक तथा व्यावसायिक शिक्षामा २० प्रतिशत विद्यार्थीहरुलाई विशेष प्रोत्साहन र छात्रवृत्तिको व्यवस्था गर्ने। प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम सम्पन्न गरेका जनशक्तिहरुलाई स्थानीय स्तरमै रोजगारीमा प्राथमिकता दिने।

ङ) श्रम बजार सँगको सम्बन्ध बिस्तार गर्ने।

च) पठनपाठनलाई प्रभावकारी बनाउन ल्याब, प्रयोगशाला र उचित तालिमको व्यवस्था गर्ने र प्राविधिक धार अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको संस्थागत क्षमता विकास गरी न्यूनतम मापदण्ड पुरा गर्ने।

छ) प्राविधिक तथा व्यावसायिक शिक्षा व्यवस्थापनको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने।

ज) प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्न दक्ष प्रशिक्षकहरुको व्यवस्थापन गर्ने।

झ) कक्षा ९ देखि नै प्राविधिक धारका कक्षाहरु सञ्चालन गर्न अभिप्रेरित गर्ने।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि निम्नानुसार हुनेछन :-

क) स्थानीय स्रोत, साधनको अधिकतम उपयोग र प्रयोग गरी प्राविधिक शिक्षाको विस्तार गर्ने र नगरपालिका भित्र आवश्यक पर्ने मध्येम स्तरको प्राविधिक जनशक्ति उत्पादन भएका हुनेछन्।

ख) यस योजनाको अन्तिम सम्ममा प्राविधिक शिक्षामा सीमान्तकृत समुदायका बालबालिकाहरुको पहुँचमा ५० प्रतिशतले वृद्धि भएको हुनेछ।

ग) प्राविधिक तथा व्यावसायिक शिक्षा पुरा गरेका जनशक्तिहरुले स्थानीय तथा अन्य क्षेत्रमा रोजगारी प्राप्त गरेका हुनेछन।

घ) स्थानीय तहमा बहुप्राविधिक धारका विद्यालयहरु स्थापना भइ विद्यार्थीहरुको आकर्षणको केन्द्र भएका हुनेछन्।

ङ) स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरुबाट सञ्चालन हुने कार्यक्रमहरुको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरुः

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | ११८ | १५० | १६० | १६० | १६० | १६० |
| ३ | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण | ० | १ | १ | १ | १ | १ |
| ४ | प्राविधिक धार सञ्चालनका लागि शिक्षक व्यवस्था | ८ | १० | १२ | १२ | १२ | १२ |
| ५ | प्राविधिक धारको सस्थागत क्षमता अभिवृद्धि | २ | १ | १ | १ | १ | १ |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*प्युठान नगरपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरुः*

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्याङ्क सङ्कलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ३ | विपन्न तथा दलित बालबालिकालाई प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान | जना | १० | १० | १० | १८ | २० | ८३ | १५० | |
| ४ | छोटो अवधिका सिपमूलक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्द्धन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

### ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

कुनैपनि क्षेत्रको विकासका लागि शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ। सिकाइ मानव जीवनको जन्म देखि मृत्यु सम्म चलिरहने निरन्तर प्रक्रिया हो। शिक्षालाई औपचारिक घेरामा मात्रै सीमित राखिनु हुँदैन। सबै नेपालीलाई शिक्षा प्राप्त गर्न सहज तुल्याउन नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। औपचारिक र विद्यालय शिक्षालाई शिक्षाको मेरुदण्डका रुपमा लिने गरिए पनि अनौपचारिक र आजीवन सिकाइको त्यत्तिकै महत्व रहेको हुन्छ। औपचारिक शिक्षाबाट बञ्चित हुन पुगेका वा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न, जीविकोपार्जनमा सहयोग पुऱ्याउन साथै विश्व परिवेश सुहाउँदो मानव संसाधनको विकासका लागि निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ एवम् ती लक्षित समूहहरुलाई समेटेर अघि बढ्नु आवश्यक छ।

मान्छेले त्यसै सिक्न खोज्दैन। त्यसबाट केही आशा गरेको हुन्छ। किनभने शिक्षा भनेको जीवनको लागि लगानी हो, लगानीपछि मान्छेले शिक्षालाई उपभोग गर्ने कार्य गर्दछ। सिकेपछि सिकारुले केही गर्न सक्षम हुनुपर्दछ, जान्न वा बुझ्न सक्षम भएर मात्र हुँदैन त्यसैले निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइका अवसर प्रदान गरी शिक्षालाई सीप र आम्दानीसँग जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक, निरन्तर, खुला एवम् जीवयपर्यन्त शिक्षाले काम गर्दछ। संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकास लक्ष्य तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा सँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ।

#### ३.५.१ वर्तमान अवस्था

**समृद्ध नेपाल सुखी नेपाली** को साझा राष्ट्रिय आकाङ्क्षा तथा नागरिकको शिक्षा पाउने संवैधानिक अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो। दिगो विकास लक्ष्य प्राप्ति, मानव अधिकार तथा बाल अधिकारलगायतका अन्य अधिकारमा आधारित अन्तर्राष्ट्रिय महासन्धि तथा अभिसन्धिमा नेपालले जनाएका प्रतिबद्धता पूरा गर्नुपर्ने अवस्था रहेको छ। यसका लागि औपचारिक, अनौपचारिक तथा आजीवन सिकाइलाई थप व्यवस्थित गर्नुपर्ने हुन्छ। अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसँग सम्बन्धित विद्यमान कानुन, नीति, योजना तथा कार्यक्रममा भएको प्रावधानलाई देहा यबमोजिम उल्लेख गरिएको छ :-

नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा परिभाषित गर्दे आधारभूत शिक्षामा सबै नागरिकको पहुँचको विस्तार, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहको शिक्षा निःशुल्क, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक सुनिश्चित गरेको, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले संविधान प्रदत्त शैक्षिक अधिकार सुनिश्चित गरेको, तोकिए बमोजिमको परीक्षामा सहभागी भई प्रमाणपत्र पाउन वैकल्पिक र अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्नुपर्ने कानुनी व्यवस्था गरिएको छ। ऐनको दफा १९ (१) मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रूपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनका लागि समवत् २०८५ साल वैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति राज्यबाट प्रदान गरिने अवसरबाट बञ्चित हुने कुरा उल्लेख गरिएको

छ, त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ ले स्थानीय तहले कुनै कारणले विद्यालयमा अध्ययन गर्ने अवसर नपाएका वा अध्ययन गर्ने क्रममा बिचैमा पढाइ छाडेका विद्यालय उमेर समूहका बालबालिकालाई राष्ट्रिय पाठ्यक्रम प्रारूपको आधारमा तयार पारिएको वैकल्पिक शिक्षाको पाठ्यक्रमको आधारमा आधारभूत तहको वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ जसमा तह एक, तह दुई र तह तीनमा स्तरीकरण गरीएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६, सोह्रौ योजना, राष्ट्रिय पाठयक्रम प्रारुप २०७६, अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८० को उद्देश्य अनौपचारिक विधि तथा प्रक्रिया अवलम्बन गरी लचकताका साथ शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने रहेको छ । साथै वैकल्पिक रूपमा हासिल गरेका ज्ञान, सिप तथा दक्षता परीक्षण गरी समकक्षता प्रदान गर्ने, विभिन्न कारणबाट औपचारिक शिक्षाको शैक्षिक अवसरबाट बञ्चित नागरिकतालाई सहज शैक्षिक अवसर प्रदान गरी प्रमाणीकरणको अभावमा हुने शैक्षिक विभेदको अवस्थालाई अन्त्य गर्ने, अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षा वा प्राविधिक शिक्षामा र औपचारिक शिक्षाबाट अनौपचारिक शिक्षामा प्रवेशको अवसर खुला गर्ने उद्देश्य यस प्रारूपमा रहेको छ । विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२१ देखि२०३०) मा सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर उपलब्ध गराउने उद्देश्य लिएको छ। यो उद्देश्य प्राप्तिका लागि योजनाले राष्ट्रिय योग्यता प्रारूपको आधारमा अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञान र सिपको परीक्षण गर्ने र औपचारिक र अनौपचारिक शिक्षाबिचको अन्तरसम्बन्ध विस्तार गर्ने रणनीति तय गरेको छ । र दिगो विकास लक्ष्यले पनि सन् २०३० सम्ममा सबै युवा र उल्लेख्य अनुपातमा महिला र पुरुष प्रौढले साक्षरता र गणितीय सिप हासिल गरेको सुनिश्चित गर्ने लक्ष्य ४ मा समावेश गरेको छ । त्यसैगरी साक्षर नेपाल वर्ष, २०७६ को अवधारणापत्रले पन्ध्र वर्ष र सोभन्दा माथिको उमेर समूहका सबै नेपाली नागरिकलाई न्यूनतम साक्षरताको अवसर प्रदान गरी साक्षर नेपाल घोषणा गर्ने र सबै नेपाली नागरिकका लागि आजीवन सिकाइको आधार तयार गर्ने उद्देश्य साक्षर नेपाल वर्ष, २०७६ को अवधारणापत्रमा उल्लेख गरेको अवस्थामा हाम्रो प्युठान नगरपालिकाले पनि सो अनुरुपका कार्यक्रमहरुको कार्यान्वयन गर्नुपर्ने छ । हाम्रो नगरपालिका क्षेत्रमा १ वटा खुला माध्यमिक विद्यालय रहेको छ जसबाट शैक्षिक सत्र २०८१ मा ९ जना विद्यार्थीहरु लाभान्वित भएका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित तथ्याङ्क अनुसार हाल सम्म राष्ट्रिय युवा साक्षरता १५ देखि २४ वर्ष ९५.८ प्रतिशत र राष्ट्रिय प्रौढ साक्षरता १५ वर्षमाथिको ७६.३ प्रतिशत तथा ५ वर्ष माथिको ७६.४ प्रतिशत रहेको छ । हाल प्युठान नगरपालिकाको ५ वर्ष माथिको साक्षरता दर ८४.३ प्रतिशत, १५ देखि २४ वर्षको साक्षरता दर ९८.९ प्रतिशत र १५ वर्ष माथिको साक्षरता दर ७९.४ प्रतिशत रहेको छ । त्यसैगरी विगतमा निरक्षरहरुलाई साक्षर गराउन उल्लेखनीय भुमिका खेल्ने सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या ५ रहेको छ। आधारभुत तह पुरा नगरी विद्यालय छोड्ने दर ३.७ प्रतिशत रहेको छ । **प्युठान जिल्ला २०७२ असार २० गते पूर्ण साक्षर घोषणा भइसकेको छ** यद्यपि वर्तमान अवस्थालाई विश्लेषण गर्दा निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा क्षेत्रमा निम्न चूनौतिहरु देखिएका छन ।

| | |
|---|---|
| चूनौतिहरु | १) साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको अवसर दिन ।<br>२) साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमलाई दैनिक व्यवहारसँग जोड्न ।<br>३) साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिहरूले सिकेका ज्ञान र सीपलाई दैनिक जीवन तथा रोजगारसँग जोड्न ।<br>४) साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमहरु कुनैपनि गैर सरकारी र समुदायमा आधारित संस्थाहरु मार्फत |

| | |
|---|---|
| | सञ्चालन।<br>६) साक्षर भएकाहरूमा सीप र अभ्यासको निरन्तर प्रयोग ।<br>७) नगरपालिका साक्षर घोषणा भएता पनि दूरदराजका समुदायमा अझै निरक्षरता कायम।<br>८) शैक्षिक सत्र पुरा नगरी बिचैमा छोड्ने र नियमित नहुने बालबालिकाको सङ्ख्या कायम।<br>९) विविधता, समता, समावेशीता र पहुँचयोग्यताको आधारमा समुदायमा जीवनोपयोगी सीप, रोजगारीको अवसर दिने जस्ता कार्यक्रमहरु सञ्चालन। |
| अवसरहरू | १) सबै सामुदायिक सिकाइ केन्द्रमा कम्प्युटर र इन्टरनेटको सुविधा हुनु।<br>२) सामुदायिक सिकाइ केन्द्रमा सहजकर्ताहरुको व्यवस्था गरी दैनिक सेवा प्रवाहमा सहजता।<br>३) समुदायका व्यक्तिहरुले आफ्नो अनुभव साटासाट गर्ने र ज्ञान गुनका कुरा गर्ने चौतारी हुनु।<br>४) समय समयमा सहजकर्ताको क्षमता विकास कार्यक्रम हुनु। |

### ३.५.२ उद्देश्य

यस योजनाले निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्धेश्यहरु राखेको छः

१) निरक्षरताको अवस्थामा रहेको जनसङ्ख्यालाई साक्षर बनाउनु।

२) आवश्यकता अनुसार उक्त जनसङ्ख्यालाई प्राज्ञिक तथा व्यवहारीक ज्ञान, सिप र सूचना प्रदान गर्ने गरी अनौपचारिक शिक्षाको क्षेत्र विस्तार गर्नु।

३) हाल नगरपालिका क्षेत्रमा रहेका सामुदायिक सिकाइ केन्द्रलाई विद्यालयको आधारशीलाको रुपमा विकास गर्नु।

४) निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ, खुला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम सञ्चालन गर्नु।

५) विभिन्न कारणले विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छोडेका बालबालिकाहरुलाई वैकल्पिक कक्षा मार्फत सिकाइ गर्न प्रेरित गर्नु।

६) सामुदायिक सिकाइ केन्द्रको विस्तार गर्नु।

### ३.५.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि प्युठान नगरपालिकाले तपसिलका रणनीतिहरु अपनाउने छ :-

क) निरक्षर व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गर्ने।

ख) पालिकाले प्रचलित ऐन कानुनमा आधारित भएर सामुदायिक सिकाइ केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका तयार गर्ने।

ग) सिकाइ केन्द्रको पदाधिकारीलाई सार्वजनिक शिक्षा केन्द्र सञ्चालन गर्नका लागि क्षमता अभिवृद्धि गर्ने।

घ) प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको स्थापना गर्ने।

ङ) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम सञ्चालन गर्ने सङ्घ संस्था बीच समन्वय गर्ने।

च) निरन्तर, जिवनपर्यन्त र खुला शिक्षाका कार्यक्रम आयोजना गर्ने।

छ) स्थानीय परिवेश र आवश्यकता अनुसार आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने।

ज) सीप सिकेकाहरुलाई काम गर्न आर्थिक स्रोत जुटाउने कार्यक्रम सञ्चालन गर्ने।

झ) सामुहिक तरकारी खेती, बत्ति कात्ने तालिम, सरसफाइ अभियान, आफ्नो टोल वस्तीमा पुष्प रोपण जस्ता अभियान सञ्चालन गर्ने ।

ञ) सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय सङ्घसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू  सञ्चालन गर्ने र सो माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरण गरी प्रमाणपत्रको व्यवस्था मिलाउने ।

### ३.५. ४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार हुनेछन :-

क) हरेक वडाको समुदायका सबै निरक्षर नागरिकहरु साक्षर भइ निरन्तर शिक्षा र आजीवन  सिकाइका अवसर प्राप्त गरेका हुनेछन ।

ख) बीचैमा विद्यालय  छोडेका विद्यार्थीहरु मध्ये ३० प्रतिशतले खुला विद्यालय मार्फत अध्ययन गरेका हुनेछन ।

ग) सामुहिक तरकारी खेती, पशुपालन लगायतका कार्यबाट आय आर्जन गर्नेहरुको सङ्ख्या ३० प्रतिशतले वृद्धि भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता नभएका व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गर्ने | - | १५० | ३०० | ४५० | ६०० | ७५० |
| २ | आधारभूत सुविधा सहितको सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | २ | ३ | ५ | ५ | सबै | सबै |
| ३ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ६ | ६ | ७ | ८ | ९ | १० |
| ४ | निरन्तर, जीवनपर्यन्त र खुला शिक्षाको कार्यक्रम आयोजना गर्ने | १५० | ३०० | ४५० | ६०० | ७५० | १५० |
| ५ | लक्षित  समूहका प्रौढहरू लाई जीवनपयोगी सीपको विकास गरी सिकाइमा सहयोग गर्ने | १५० | ३०० | ४५० | ६०० | ७५० | १५० |
| ६ | स्थानीय परिवेश र आवश्यकता अनुसार आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने | १५० | ३०० | ४५० | ६०० | ७५० | १५० |
| ७ | अभिभावकहरु सँगसँगै अभियान मार्फत सबैलाई विद्यालय शिक्षामा सहभागी गराउने | सबै | सबै | सबै | सबै | सबै | सबै |

### ३. ५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

प्युठान नगरपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलापहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| | नयाँ सामुदायिक सिकाई केन्द्रको स्थापना | वटा | ० | ० | ० | १ | १ | २ | ५ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन | वटा | ५ | ५ | ५ | ६ | ७ | ८ | १० | |
| ४ | आय आर्जन कार्यक्रम गर्नेहरुको सङ्ख्या | जना | १५० | १५० | १५० | १५० | १५० | १५० | ७५० | |
| ५ | सिपको प्रमाणीकरण | जना | ५० | ५० | ५० | १०० | १०० | ३५० | ८५० | |

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

पाठ्यक्रम भनेको शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक योजना हो । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले स्थानीय सरकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तु समावेश गरी निर्माण गरी कार्यान्वयनमा ल्याएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । पाठ्यक्रमले बालबालिकाको बौद्धिक शारीरिक तथा सांस्कृतिक विकासको साथसाथै सृजनशील विश्व बजारमा काम गर्न सक्ने जनशक्ति विकासको ध्येय राखेको हुन्छ । स्थानीय तहले आफ्नो परिवेश सुहाउँदो पाठ्यक्रम तयार गरी बालबालिकामा मौलिक मूल्य तथा स्थानीय वस्तुस्थितिको अवगत गराउन स्थानीय भाषा कला संस्कृति परम्परा पर्यटनको क्षेत्रमा बालबालिकाको ज्ञान सिप अभिवृद्धि गर्नु तथा संरक्षण संवर्द्धन तथा प्रचारप्रसारमा टेवा पुर्‍याउनु स्थानीय पाठ्यक्रम निर्माणको औचित्य रहेको छ । पाठ्यक्रम अनुसार परिवर्तन एवम् परिमार्जन हुँदै जान्छ । त्यसै अनुसार नेपालको विद्यालय स्तरको पाठ्यक्रम परिवर्तन एवम् परिमार्जन हुँदै आएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार पाठ्यक्रम कार्यान्वयन गर्न सङ्घीय, प्रादेशिक र स्थानीय सरकारको प्रमुख जिम्मेवारी रहेको छ । पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन विद्यार्थीको मार्गदर्शन गर्ने महत्वपूर्ण साधन हो । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले स्थानीय पाठ्यक्रम तयार गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ ।

यस नगरपालिकामा आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माणको चरणमा छ लेखन कार्य हुँदै आएको छ । भने आधुनिक विज्ञान प्रविधिको बढ्दो प्रचारप्रसार र आधुनिक सूचना प्रणालीसँग बालबालिकालाई आबद्ध बनाउन कम्प्युटर शिक्षालाई पनि समावेश गरिएको अवस्था छ । मूल्याङ्कन प्रणालीमा निरन्तर मूल्याङ्कन आवधिक मूल्याङ्कन जस्ता दुवै पद्धतिहरू अपनाउँदै आइरहेको छ भने पाठ्यक्रमले तोकेको न्यूनतम सिकाई उपलब्धि मापनको लागि ग्रेडिङ सिस्टमबाट परीक्षा नतिजा साथै कक्षा upgrading  गर्ने गरिएको छ । आधारभूत तहको अन्तिम परीक्षा माध्यमिक शिक्षा परीक्षा र कक्षा १२ को अन्तिम परीक्षाको मूल्याङ्कनबाट सिकाई उपलब्धि अधिकतम बनाउने प्रयास गरिएको छ ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ वर्तमान अवस्था

यस नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरूमा निम्न विषय क्षेत्रको आधारमा पाठ्यक्रम पाठ्यपुस्तक सिकाई सामग्री तथा मूल्याङ्कनको सम्बन्धमा भएको व्यवस्था विश्लेषण गरिएको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तक उपलब्धता र कार्यान्वयन भइरहेको छ । स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक समेत उपलब्ध गराएको छ । स्थानीय तहको पाठ्यक्रममा विज्ञान प्रविधि जस्ता विषयवस्तु समेत समावेश गरेको छ । पाठ्यक्रमले तोके अनुरुप सिकाई उपलब्धि पूरा गराउने नीति अवलम्बन गरेको छ । विद्यार्थी मूल्याङ्कनमा निरन्तर मूल्याङ्कन तथा आवधिक मूल्याङ्कन दुवै प्रविधिको उपयोग गरिरहेको छ । आधारभूत तहको परीक्षा पालिका स्तरीय गर्दै आइएको छ । विद्यार्थी प्रोत्साहनको लागि पुरस्कारको व्यवस्था गरिएको छ स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माणको क्रममा वातावरणीय दिगोपनका लागि वृक्षारोपण वातावरण संरक्षणका साथै रैथाने ज्ञानसिपलाई समावेश गरी हरित विद्यालय हरित वडा हरित समुदायको अवधारणा जस्तै

विषयवस्तु समावेश गरिएको छ। विश्व बजारमा प्रतिस्पर्धा गर्नको लागि आवश्यक पर्ने वित्तीय साक्षरता उद्यमशील संसार सिपहरुलाई स्थानीय पाठ्यक्रममा राख्ने प्रयास गरिएको छ।

**४.१.२ उद्देश्य**

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनसँग सम्बन्धित उद्देश्य हरु निम्नानुसार छन् :-

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु।

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु।

**४.१.३ रणनीति**

माथि उल्लेखित उद्देश्यहरू हासिल गर्नका लागि यस नगरपालिकाले अपनाउनुपर्ने रणनीति यस प्रकार छन् :-

१. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन गर्ने

२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्य सामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालाहरुलाई प्रबोधीकरण गर्ने

३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि गर्ने

४. विपत् महामारी तथा संकटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाई सिकाई क्रियाकलाप सञ्चालन गर्ने

५. कक्षा आठको आधारभूत तहको परीक्षालाई थप प्रभावकारी र व्यवस्थित गर्दै लगिने

६. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्रीको स्रोत अध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चित गर्ने

७. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाई क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने

८. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने

९. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता लैङ्गिक पक्ष हरित विद्यालय निर्माण जलवायु परिवर्तन वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकता साथ समावेश गर्ने

१०. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण मिलाउने

११. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको रुपमा प्रयोग गर्ने

**४.१.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार हुनेछ हुनेछन् :-

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्वारा सिकारुमा ज्ञान सीप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ।

२. स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ।

३. निरन्तर आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाई उपलब्धिमा सुधार भएको हुनेछ।

४. पाठ्यक्रम विकास केन्द्रद्वारा तोकिएको पाठ्यक्रम अनिवार्य रुपमा लागु हुनेछ।

५. सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरेको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

*योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू*

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ |
| २ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने | ० | १० | २० | ३० | ४० | ५१ |
| ३ | विज्ञ समूहको गठन गरी शिक्षक पेशागत सहयोग | ० | १ | १ | १ | १ | १ |
| ४ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | ० | १ | १ | १ | १ | १ |
| ५ | विभिन्न online portal, स्रोत सामग्रीहरु को प्रयोग गरी शिक्षण गर्ने | १२ | २० | २५ | ३० | ४० | ५१ |

## ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रम अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागि शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ५ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण | वटा | १० | २० | ३० | ४० | ५० | ५१ | ५१ | |
| ६ | विद्यालय वर्गीकरण | वटा | ६४ | ६४ | ६४ | ६४ | ६४ | ६४ | ६४ | |
| ७ | विद्यालय सुपरिवेक्षण तथा अनुगमन | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

विद्यालय औपचारिक शिक्षा प्राप्त गर्ने पवित्र मन्दिर हो । औपचारिक, अनौपचारिक वा अनियमित तवरले शिक्षा प्राप्त गर्न सकिन्छ । शिक्षण सिकाइका सिद्धान्त, विधि र प्रक्रिया तथा विषयवस्तुको जानकार भइ बाल मनोभावना अनुरुप क्रियाकलाप गरी सिकाइ गर्ने व्यक्तित्व शिक्षक हो । शैक्षिक गुणस्तर समय, स्थान र सामाजिक विकासको सापेक्ष हुन्छ । तहगत, कक्षागत, विषयगत रुपमा शिक्षकको व्यवस्थापन गरिन्छ । शिक्षकको योग्यता, क्षमता र दक्षताले सिकाइमा प्रभाव पार्दछ । पेशागत क्षमतामा निखारता ल्याउने क्रिया पेशागत विकास हो । नेपालमा विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षकको पेशागत विकासको कार्य सञ्चालन गर्दै आएका छन् भने शैक्षिक योग्यता दिलाउने कार्यमा विद्यालय विश्वविद्यालयहरुको भूमिका महत्वपूर्ण रहेको छ ।

शिक्षक अध्यापन अनुमति पत्र तथा शिक्षक नियुक्तिका लागि परीक्षा सञ्चालन गर्ने र सिफारिस गर्ने काम शिक्षक सेवा आयोगले गर्दछ । साथै शिक्षकको बढुवा तथा वृत्ति विकासको प्रबन्ध मिलाउन तीनै तहका सरकार क्रियाशील रहेका छन् । दिगो विकासको लक्ष्य, शिक्षा ऐन, शिक्षा नियमावली आदि मार्फत् शिक्षकको व्यवस्थापन तथा तालिम, पेशागत विकासको सुनिश्चितता गर्ने प्रयास भएको छ । गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षक व्यवस्थापन र विकास अपरिहार्य आवश्यकता हो, जसलाई प्युठान नगरपालिकाले विशेष चासोका साथ अगाडि सारेको छ । सकारात्मक सामाजिक परिवर्तनका लागि शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ । पेशाप्रति समर्पित र लगनशील निष्ठावान शिक्षकबाट मात्र गतिशील शिक्षा प्राप्त हुन सक्छ । समय, श्रम र साधनको लगानी गरी योग्यता, क्षमता र प्रविधिले निखारता पाएका व्यक्तित्व छनौट गरी शिक्षा क्षेत्रमा आकर्षण गर्न सके मात्र समग्र देश विकासको ढोका खुल्न सक्छ । शिक्षक हुनका लागि शिक्षक अध्यापन अनुमति पत्र भएका योग्यता पुगेका व्यक्तिबाट शिक्षक सेवा आयोगले रीतपूर्वक छनौट गरी सिफारिस गर्ने र स्थायी शिक्षक बढुवाका लागि निश्चित मापदण्ड निर्धारण गरेको छ । शिक्षण पेशाप्रति आकर्षण बढाउन, अब्बल जनशक्ति शिक्षा क्षेत्रमा भित्र्याउन देशको चौतर्फी विकास गर्न शिक्षामा लगानी बढाउनु पर्छ, जसको प्रत्यक्ष अप्रत्यक्ष सकारात्मक प्रतिफल समाजमा अवश्य पर्दछ । शैक्षिक परिवर्तनको बाहक शिक्षकलाई पेशागत सहयोग पुऱ्याएर शैक्षिक क्षेत्रमा फड्को मार्न विभिन्न समयमा सुपरिवेक्षण, निरीक्षण, तालिम र क्षमता विकास कार्यक्रम सञ्चालन गरिदै आएको भएतापनि प्रभावकारी रुपमा नियमित हुन सकेका छैनन । माध्यमिक तहसम्मको शिक्षा व्यवस्थानको जिम्मा स्थानीय तहमा आए सँगै शिक्षक पेशागत सहयोग पद्धतिको विकास स्थानीय स्तरमा हुन आवश्यक छ ।

### ४.२.१ वर्तमान अवस्था

शिक्षण पेशा आफैमा मर्यादित र सम्मानित पेशा भएर पनि यस प्रति आकर्षण कम छ । शिक्षकहरुको सेवा, सर्त, सुविधा र वृत्ति विकासको मार्ग फराकिलो गर्दै शिक्षकलाई खुसी र उत्प्रेरित गर्न सके देशको शिक्षा प्रणाली मजबुत बन्दछ । शिक्षाको सर्वपक्षीय विकास गर्न शिक्षक व्यवस्थापन र विकासमा जोड दिनु आवश्यक छ । यस प्युठान नगरपालिकामा प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी कक्षाकोठामा पढाउनुको सट्टा अन्तरक्रियात्मक, खोजमूलक सिकाइ सञ्चालनका साथै विद्यार्थीहरुलाई जागरुक बनाउन, निष्ठावान, बाल मनोविज्ञानयुक्त उत्प्रेरित शिक्षक हुनु आवश्यक छ । अनुशासित, सुसँस्कृत, जिज्ञासु उनीहरुको रुची, क्षमता, तत्परता, उमेर अनुसारको शिक्षण सिकाइ क्रियाकलाप गरेमा विद्यार्थीमा पठनसीपको विकास हुन्छ । स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गरी शिक्षकहरुलाई तालिमको व्यवस्था गर्ने र बालविकास देखि कक्षा ३ सम्म महिला शिक्षक, कक्षा शिक्षण, बहुकक्षा शिक्षण, विषय शिक्षणका साथै अतिरिक्त क्रियाकलाप सञ्चालन गरी यस पालिकालाई

समृद्ध बनाउने सबैको जम्मेवारी हो । धेरै प्रकारका  शिक्षकहरुको अवस्था न्यूनीकरण गरी विद्यालयमा शैक्षिक जनशक्ति आपूर्ति हुने र उचित दरबन्दी स्थापना गरी परिपूर्ति गर्नु आवश्यक देखिन्छ । शैक्षिक गुणस्तर अब्बल बनाउन विद्यार्थीको आकर्षण, अभिभावकको विश्वास र समयानुकूल सुसँस्कृत र प्रविधियुक्त शिक्षा दिने विद्यालयका शिक्षकलाई पुरस्कृत गर्ने तथा अतिरिक्त सेवा सुविधाको व्यवस्था गर्नाले पनि शिक्षण पेशामा आकर्षण गर्न सकिएला । यसका अतिरिक्त निम्न तरिकाले शिक्षण पेशामा आकर्षण बढाउन सकिने देखिन्छ ।

क) विद्यालय सञ्चालनको अनुमति सँगै विषयगत दरबन्दीको व्यवस्था ।

ख) एउटै प्रकारका शिक्षकको व्यवस्था ।

ग) समान पारिश्रमिक, वृत्ति विकास, तालिमको व्यवस्था ।

घ) शिक्षण सिकाइमा प्रविधिको प्रयोग ।

शिक्षक पेसागत सहयोग पद्धतिलाई सुदृढ गर्न तहगत इन्चार्जको व्यवस्था र तालिम, शिक्षकलाई शिक्षण सिकाइमै संलग्न रहन प्रोत्साहन, शिक्षकलाई विद्यालयको भौतिक निर्माणमा भूमिका जिम्मा नदिने, प्रधानाध्यापकलाई व्यवस्थापकीय, प्रशासकीय तालिमको व्यवस्था, शिक्षण सिकाइलाई प्रविधिसँग जोड्न पुनर्ताजगी तालिमको अवसर प्रदान गर्ने एवम पेशागत सम्मान, पुरस्कृत तथा अभिप्रेरित गर्नुका साथै नमूना विद्यालय तथा शैक्षिक अवलोकन भ्रमण र शिक्षकलाई मनोसामाजिक उत्प्रेरणात्मक तालिमको व्यवस्था यस पालिकामा गर्न आवश्यक छ । Mc Gregor का अनुसार x अर्थात नकारात्मक स्वभाव भएका व्यक्तिहरुलाई उत्प्रेरित गर्न नकारात्मक परम्परागत वा तानाशाही (आस र त्रासको वातावरण ) को दृष्टिकोण अपनाउनु भन्दा **y** अर्थात कामलाई विश्राम वा खेल जस्तै स्वभाविक रुपमा लिने, स्व निर्देशन र नियन्त्रणमा काम गर्ने, उत्तरदायित्व स्वीकार गर्ने जस्ता प्रवृत्तिका मानिसहरुलाई उत्प्रेरित गर्न पालिकाले सकारात्मक सहभागितामुलक र प्रजातान्त्रिक दृष्टिकोण अपनाउनु पर्दछ । शिक्षक र प्रधानाध्यापकको अभिभावक, सम्बन्धित निकायबीच अन्तर्क्रिया गरी कक्षाकोठामा शिक्षकले अधिकतम समय व्यतीत गर्दै शिक्षकको सिकाइ उपलब्धिलाई कार्यसम्पादनसँग जोड्नु पर्ने दायित्व यस पालिकाको काँधमा आएको छ । शिक्षा नियमावलीमा भएको व्यवस्था अनुसार बालविकासमा १, प्राथमिकमा २ जना ( ५० भन्दा कम विद्यार्थी भएमा ), ३-५ जना ( ५० भन्दा बढी विद्यार्थी भएमा),कक्षा ६-८ मा ४ जना र कक्षा ९-१२ मा ८ जना र शिक्षक विद्यार्थी अनुपात हिमाल, पहाड, तराई १:४०, १:४५, १:५० अनुसार कार्यान्वयन गर्नु पनि उत्तिकै चुनौती छ ।

| | |
|---|---|
| सबल पक्षहरु | १. विद्यालयमा अनुदान मार्फत न्यूनतम शिक्षक सङ्ख्या रहने व्यवस्था गरिएको छ ।<br>२. स्थानीय तहबाट विद्यार्थी सङ्ख्या बढी भएको विद्यालयमा थप शिक्षक व्यवस्था गरिएको छ ।<br>३. कक्षा ११, १२ तर्फ न्यूनतम दरबन्दी र शिक्षक अनुदान दिईएको छ ।<br>४. समुदायको विद्यालय सँग पहुँच पुगेको भनेर पालिकाले घोषणा गरेको छ ।<br>५. आधारभूत तहमा महिला शिक्षकको सङ्ख्या वृद्धि हुँदै गएको छ । |
| सुधार गर्नुपर्ने पक्षहरु/चुनौतीहरु | १. शिक्षण पेशातर्फ मेधावी विद्यार्थी आकर्षण गर्नु ।<br>२. पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल गराउनु ।<br>३. बालमैत्री, विद्यार्थी केन्द्रित शिक्षण सिकाइ सञ्चालन गर्नु ।<br>४. विषयगत, सिकाइ उपलब्धि र कार्यसम्पादन बीच तादाम्यता मिलाउनु । |

| | |
|---|---|
| | ५. विषयगत शिक्षक दरबन्दी मिलान गर्नु।<br>६. विद्यालय सञ्चालन अनुमति र यथेष्ट विषयगत दरबन्दी वितरण। |

**४.२.२ उद्देश्य**

शिक्षक व्यवस्थापन र विकाससँग सम्बन्धित प्युठान नगरपालिकाले तय गरेका उद्देश्यहरु :-

१) सबै तहमा शिक्षकहरुको योग्यता पहिचान गरी क्षमतावान शिक्षकको सुनिश्चित गर्नु।

२) शिक्षकको पेशागत विकास र सहायता प्रणाली अद्यावधिक गर्नु।

३) समसामयिक तथा पुनर्ताजगी तालिमको अवसर प्रदान गर्नु।

**४.२.३ रणनीति**

शिक्षक व्यवस्थापन र विकास सम्बन्धी उद्देश्यहरु हासिल गर्न आवश्यक रणनीतिहरु निम्नानुसार हुनेछन :-

१) शिक्षक विद्यार्थी अनुपात र न्यूनतम अनुदान सर्त अनुसार पहिलो वर्ष तहगत विषयगत शिक्षक दरबन्दी वितरण गर्ने।

२) रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्न कार्यपालिकाबाट स्वीकृत गर्ने।

३) हरेक तीन महिनामा विद्यार्थीको सिकाइको नतिजा विश्लेषण गर्ने।

४) निर्धारित मापदण्ड बमोजिमको नगरपालिका अनुदान शिक्षक नियुक्ति गर्ने।

५) शिक्षक पेसागत सहयोग प्रणाली मार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धति कार्यान्वयनमा ल्याउने।

६) शिक्षकको कार्यसम्पादन, निष्ठता र नियमितताको आधारमा वृत्ति विकास गर्ने।

७) सरुवा, पदस्थापन, लामो बिदा, तालिमको रिक्त समयमा शैक्षिक क्षति हुन नदिने र शिक्षक मेन्टोरीङ  कार्यविधि २०८० कार्यान्वयनमा ल्याउने।

**कार्यनीतिहरु**

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत विषयगत शिक्षक दरबन्दी मिलान गर्ने।

१. स्थानीय स्रोत शिक्षक नियुक्ति सेवा सुविधा निर्देशिका निर्माण गर्ने।

२. स्थानीय तहमा योग्य शिक्षक छनौट परीक्षा सञ्चालन गर्ने।

३. कम्तिमा तीन वर्षमा विद्यार्थी सङ्ख्याको पुनरावलोकन र  दरबन्दी मिलान गर्ने।

४. प्रत्येक विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र ICT सामग्रीको सुनिश्चितता गर्ने।

५. कक्षा ५, ८,१० र १२ को सिकाइ उपलब्धि परीक्षणको अध्यावधिक गर्ने।

६. प्रविधियुक्त शिक्षण सिकाइ सञ्चालनका लागि सहयोग गर्ने।

७. कार्यसम्पादनको आधारमा शिक्षकलाई पुरस्कार तथा दण्डको व्यवस्था गर्ने।

८. नगरपालिका अनुदान शिक्षक नियुक्तिको कार्यविधि तयार गर्ने।

९. सेवा निवृत्त शिक्षकहरुको विज्ञताको उपयोग गर्दै विज्ञ समूहको सञ्जाल तयार गर्ने।

१०. शिक्षक सिकाइ समूह निर्माण गरी मासिक रुपमा एउटा एजेण्डामा छलफल गर्ने ।

११. विद्यालयमा कुनै शिक्षक लामो समय अनुपस्थित हुने अवस्थामा वैकल्पिक शिक्षकको व्यवस्था गर्ने ।

१२. शिक्षकहरुले तालिमबाट फर्केपछि अनिवार्य रुपमा विद्यालयमा अरु शिक्षकहरुलाई विषयवस्तुहरु बारे अभिमुखीकरण गर्ने ।

१३. विभिन्न विद्यालयको अनुभव दिलाउनका लागि चक्रीय प्रणालीका आधारमा शिक्षकको सरुवा गर्ने ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार हुनेछन :-

१. सक्षम र योग्य शिक्षकको व्यवस्थापन भएको हुनेछ ।

२. शिक्षकहरुले पेसागत विकासका अवसरहरू प्राप्त गरी न्यूनतम सिकाइ उपलब्धि ( कम्तीमा ५१% ) प्राप्त हुने भएको हुनेछ ।

३. शिक्षकहरुले कक्षाकोठामा प्रयोग गर्ने शिक्षण विधि, शैली र कौशलतामा सुधार भएको हुनेछ ।

४. सबै विद्यालयहरुमा प्रचलित कानुन बमोजिम प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक दरबन्दी मिलान | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ |
| २ | तहगत योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | लाइसेन्स प्राप्त शिक्षक (%) | ९२ | ९२ | ९५ | ९५ | ९८ | १०० |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | १०० | १५१ | २०० | २५० | ३०० | सबै |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ३ | १२ | १९ | ५१ | ५१ |
| ६ | विषयगत शिक्षक सञ्जाल | २ | ७ | ७ | ७ | ७ | ७ |
| ७ | शिक्षकले प्रधानाध्यापक र प्रधानाध्यापकले पालिका सग कार्यसम्पादन सम्झौता | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक  लक्ष्य

प्युठान नगरपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विज्ञताको उपयोग गर्दै विज्ञ समूहको सञ्जाल तयार गर्ने । | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ३ | उपचारात्मक शिक्षण सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ४ | कार्यसम्पादन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | प्रधानाध्यापक व्यवस्थापन | वटा | ३ | ३६ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |
| ६ | अंग्रेजी, गणित, विज्ञान विषयको थप सिकाइ कक्षा सञ्चालन | वटा | १९ | १९ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |
| ७ | शिक्षण सिकाइमा सूचना, सञ्चार प्रविधिको प्रयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | शिक्षक विद्यार्थी निर्मित सामग्री विकास तथा व्यवस्थापन | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |

### ४.३ शैक्षिक समता र समावेशीकरण

देश भित्र रहेका सम्पूर्ण दलित, आदिवासी, जनजाति, मधेसी, महिला, मुस्लिम, अल्पसंख्यक, सिमान्तकृत, पिछडावर्ग, विपन्न, भूमिहीन, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, उत्पिडीत वा पिछडिएको क्षेत्रका बालबालिकाहरुको शिक्षामा समतामूलक सहभागिता उनीहरुको संवैधानिक अधिकार हो । शिक्षामा विशेष अवसर प्राप्त गर्नु उनीहरुको सामाजिक न्यायको हक पनि हो । यसै तथ्यलाई मनन गर्दै राष्ट्रिय शिक्षा नीति, २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ द्वारा सबै प्रकारका बालबालिकाहरुलाई विद्यालय शिक्षाको दायरामा लिइ माध्यमिक तहसम्मको शिक्षालाई विशेष सुविधा सहित निःशुल्क गराउनुपर्ने आशय प्रकट गरिएको छ । बञ्चितीकरणमा परेका बालबालिकाहरु विशेष सुविधा सहित समतामूलक शिक्षा उपलब्ध गराइ विद्यालय शिक्षाको मूलधारमा सहभागी गराउने उद्देश्य अनुरुप एकीकृत समता रणनीति २०७१ समेत कार्यान्वयनमा आइसकेको छ । हालसम्म भएका विभिन्न प्रयासहरुले लक्षित वर्गका बालबालिकाहरुको शिक्षामा पहुँच बढ्दै गइरहेको देखिएता पनि पूर्ण रुपमा सन्तोष हुनुपर्ने अवस्था भने अझै आउन बाँकी छ । ती वर्गका बालबालिकाहरुलाई उनीहरुको आवश्यकता अनुसार थप सहयोग गरी पहुँच वृद्धि, निरन्तरता एवम् शैक्षिक उपलब्धिलाई अन्य सुविधा सम्पन्न वर्गका बालबालिका सरह गराउनु टड्कारो आवश्यकता छ ।

प्युठान नगरपालिका पनि विभिन्न जातजाति, भाषिक समुदाय, दुर्गम बस्ती, अल्पसंख्यक, भूमिहीन तथा अति विपन्न वर्गले बनेको समाज हो । उनीहरुका बालबालिकाहरुलाई समतामूलक सहभागी गराइ समान शैक्षिक उपलब्धि निकाल्नु एक चुनौतीपूर्ण कार्य हो । यसै गाम्भिर्यतालाई मनन गर्दै प्युठान नगरपालिकाले नगरपालिका भित्र रहेका, शिक्षाबाट बन्चित रहेका बालबालिकाहरु विद्यालय शिक्षाको पहुँच सुनिश्चितता गर्दै उक्त वर्गको सामाजिक, आर्थिक, सांस्कृतिक उत्थानमा टेवा पुऱ्याउने नीति अघि सारेको छ । शिक्षाको माध्यमबाट उक्त वर्गको रुपान्तरण गर्न सके मात्र उनीहरुले राष्ट्रहितको लागि योगदान दिन सक्नेछन् ।

#### ४.३.१ वर्तमान अवस्था

प्युठान नगरपालिकामा निम्न विषय क्षेत्रहरुको आधारमा शैक्षिक समता र समावेशीकरणको अवस्थाः

शिक्षाबाट बञ्चितीकरणमा परेका दलित, आदिवासी, जनजाति, सिमान्तकृत, अपाङ्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुलाई समतामूलक, सर्वसुलभ, जीवनोपयोगी प्रविधिमैत्री विद्यालय शिक्षामा सहभागी बनाइ आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरणको मूल प्रवाहमा समाहित गर्ने मूल लक्ष्य लिएर हाम्रो यस प्युठान नगरपालिकाले अगाडी बढ्नु पर्ने हुन्छ । कक्षा १-५ ०.८३, ६-८ १.००, ९-१० ०.९८ लैंगिक अनुपात छ , दलित विद्यार्थीको कुरा गर्दा कक्षा १-५ ०.८८ , ६-८ १.०५, ९-१० १.०३ लैङ्गिक अनुपात छ भने जनजाति विद्यार्थीको कक्षा १-५ ०.९३, ६-८ १.०१, ९-१० को १.०३ लैङ्गिक अनुपात छ ।

#### ४.३.२ उद्धेश्यहरु

शैक्षिक समता र समावेशीकरणसँग सम्बन्धित उद्देश्यहरुः

१) लक्षित वर्गका बालबालिकाहरुको विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

२) लक्षित वर्गका बालबालिकाहरुको लक्ष्य अनुरुप सिकाइ उपलब्धि वृद्धि गर्नु ।

३) विद्यालयमा बालमैत्री वातावरण सृजना गर्नु ।

४) सबै खालका भेदभावको अन्त्य गरी समतामूलक वातावरण निर्माण गर्नु ।

**४.३.३ रणनीति**

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि अपनाउने रणनीतिहरु

**४.३.५ रणनीतिहरु**

१) विद्यालय भवन लगायत अन्य भौतिक संरचनाहरु अपाङ्गमैत्री, लैङ्गिक मैत्री बनाइ बसाइ व्यवस्थापन गर्ने ।

२) विपन्न, असहाय एवम् अनाथ बालबालिकाको तथ्याङ्क अध्यावधिक गरि त्यस्ता बालबालिकाहरुलाई विशेष सहयोगको व्यवस्था मिलाउने ।

३) पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।

४) स्वास्थ्य, सरसफाइ, प्राथमिक उपचार कक्षको व्यवस्थाका साथै किशोरी लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।

५) बालबालिकाको उमेर, सिकाइ क्षमता, रुची, आवश्यकताको आधारमा शिक्षण गर्न सक्ने शिक्षकहरु व्यवस्थापन गर्ने ।

६) कुनै पनि प्रकारका भेदभाव वा पूर्वाग्रह झल्किने खालका सङ्केत, चित्र, व्यवहार आदि विद्यालय भित्र हुन नदिने संयन्त्र तयार गरी बालमैत्री वातावरण सिर्जना गर्ने ।

७) स्थानीय भाषा, संस्कृति, रीतिरिवाज, स्थानीय ज्ञान सीप तथा कौशल इत्यादिलाई समाहित गरी शिक्षण गतिविधि अघि बढाउने ।

**४.३.६ कार्यनीति**

१. विद्यालय भवन निर्माण गर्दा बालमैत्री तथा अपाङ्गमैत्री संरचना निर्माण गर्ने ।

२. सुविधा विहीन बालबालिकाहरुको आवश्यकता हेरी आर्थिक, मनोवैज्ञानिक सहयोग, छात्रावास, शैक्षिक सामग्री, पोसाक, स्यानिटरी प्याड तथा आवश्यकता अनुरुप उपकरणहरु जस्तै व्हील चीयर, Hearing device, चस्मा इत्यादि वितरण गरिने ।

३. औपचारिक, अनौपचारिक शिक्षा एवम् वैकल्पिक शिक्षा जस्तै भौचर प्रणाली, खुला शिक्षा इत्यादिको व्यवस्था मिलाउने ।

४. शिक्षकहरुलाई आवश्यकताको आधारमा तालिम, कार्यशाला, गोष्ठी आदि उपलब्ध प्रभावकारी शिक्षण गर्न सक्षम बनाउने ।

५. स्थानीय सीप र ज्ञानमा आधारित शिक्षा र तालिमको व्यवस्था गरेर बालबालिकालाई श्रम र उत्पादनसँग जोड्ने कार्यक्रम तय गर्ने ।

६. विद्यालय भित्र Gender focal person, प्रकोप व्यवस्थापन focal person, किशोर किशोरी focal person, बाल क्लव, विद्यार्थीसँग नगरपालिका कार्यक्रम जस्ता संयन्त्र निर्माण गरी बालबालिकालाई सहयोग र प्रोत्साहन गर्ने ।

७. विशेष आवश्यकता भएका बालबालिका पहिचान गरी आवासीय विद्यालय सञ्चालन कार्यक्रमलाई निरन्तरता दिने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू*

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भइ सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिका | ४.९ प्रतिशत | ४ | २ | ० | ० | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.८९ | १ | १ | १ | १ | १ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.१५ | १.१० | १.१० | १.१० | १.०५ | १.० |
| ४ | विद्यालय भवन लगायत अन्य भौतिक संरचनाहरु अपाङ्गमैत्री, लैङ्गिक मैत्री बनाइ बसाइ व्यवस्थापन गर्ने | ५ | ५ | ७ | ५ | ० | ३ |
| ५ | विभेद रहित विद्यालयको संयन्त्र तयारी | ० | १० | १० | १० | १० | १० |
| ६ | बालबालिकाको क्षमता, रुची, आवश्यकताको आधारमा शिक्षण गर्नका लागि शिक्षकलाई तालिम | १ | १ | १ | १ | १ | १ |
| ७ | यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धी जीवनोपयोगी सिप प्रदान | १ | १ | १ | १ | १ | १ |
| ८ | शिक्षामा समता र समावेशीकरण बृहत कार्यशाला | १ | १ | १ | १ | १ | १ |

### ४.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

प्युठान नगरपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | बालबालिकाहरू शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण र सो अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रम मार्फत सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | अपाङ्गता भएका बालबालिकाको | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वर्गीकरणका आधारमा अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | | | | | | | | | |
| ३ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | संस्थागत विद्यालयका लागि छात्रवृत्ति वितरणको आधार निर्माण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) अपाङ्गतामैत्री विद्यालय सङ्ख्या | विद्यार्थी सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ६ | विपन्न, असहाय एवम् अनाथ बालबालिकाको तथ्याङ्क अध्यावधिक गरि त्यस्ता बालबालिकाहरुलाई विशेष सहयोगको व्यवस्था मिलाउने | जना | २८ | २८ | ३० | ३० | ३० | ३५ | ४० | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

''स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ'' भन्ने मान्यतालाई आत्मसात् गर्दै नेपाल सरकारले यस आ. व. २०७७/०७८ देखि देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बाल विकास देखि पाँच कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ एवम् नियमावली २०७७ ले दिवा खाजाको प्रावधानलाई कानुनी रुपमा स्थापित गरेको छ ।

बालबालिका स्वस्थ नभएसम्म उनीहरुले राम्रोसँग शिक्षा हासिल गर्न सक्दैनन् । बालबालिको वृद्धि र विकासका लागि पोषणयुक्त खाना अनिवार्य तत्व हो शारीरिक र मानसिक दुबै वृद्धि विकास सन्तुलित रूपले हुनका लागि पोषणयुक्त खाना, स्वच्छ खानेपानी सरसफाइ स्वास्थ्य जाँच तथा खोपको व्यवस्था गर्नु अभिभावक तथा विद्यालय दुवैको कर्तव्य हो । प्रारम्भिक बालविकास देखि ५ कक्षा सम्म पढिरहेका विद्यार्थीहरुका लागि नेपाल सरकारले बजेटको व्यवस्था गरेको छ । दिवा खाजाको रकमबाट खाजाको व्यवस्था गर्नु, सफा शौचालय उपलब्ध गराउनु, विद्यालय वातावरण सरसफाइ, हरियाली वातावरण निर्माण भिटामिन A, फोलिक एसिड, आइरन चक्की, स्वच्छ पिउने पानी, सफा कक्षाकोठा आदि आधारभुत कुराहरुको उचित व्यवस्थापनबाट बालबालिकाहरुको शारीरिक मानसिक व्यवस्थापन गरी सिकाइ क्षमता वृद्धि गर्न सकिन्छ।

### ४.४.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले प्रत्याभुत गरे बमोजिम नि:शुल्क र आधारभूत शिक्षा सुनिश्चितताको लागि सहयोग पुऱ्याउन विद्यालय पोषण अन्तर्गत दिवा खाजा कार्यक्रम र नि:शुल्क स्वास्थ्य जाँच तथा सुरक्षाका कार्यक्रम लागु गरिएको छ । बालबालिकाको वृद्धि , विकास र सिकाइका लागि पौष्टिक खाना तथा खाजाले अहम् भूमिका खेल्छ । यसमा भएको लगानीलाई मानव पूँजी विकासका दृष्टिले महत्वपूर्ण मानिन्छ । भोक मेटाउने मात्र नभई शरीरलाई आवश्यक पर्ने पोषण तत्त्व आपूर्तिका लागि खाना खाजाको आवश्यकता पर्दछ । देशभरका सामुदायिक विद्यालयका बालविकास कक्षा देखि ५ कक्षा सम्मका विद्यार्थीहरुलाई खाजा व्यवस्थापन गर्ने सङ्घीय कार्यान्वयन बमोजिम २०७७/०७८ आ. व. देखि दिवा खाजा व्यवस्थापन को कार्यक्रम अगाडि आएको हो । यस कार्यक्रमलाई सफल पार्ने स्थानीय सरकार, शिक्षक, अभिभावक तथा सबै सरोकारवाला प्रतिवद्धता हुनु जरूरी छ । हाल बजारमा पाइने चाउचाउ बिस्कुट तयारी खाजा हानिकारक छन् । यस्ता जङ्क फुड लाई हटाएर ताजा सफा स्थानीय क्षेत्रमा उपलब्ध हुने पोषणयुक्त खाजा दिवा खाजाको रुपमा स्थापित गरी बालबालिकाको स्वास्थ्य रक्षा गर्ने र सिकाइ उपलब्धि वृद्धि गर्ने यस विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको प्रमुख ध्येय रहेको छ । बालबालिकाको अहित गर्ने अखाद्य पदार्थ खाजालाई हटाएर गम्भिरतापूर्वक विद्यालय स्वास्थ्य र पोषण सम्वन्धि कार्यक्रमहरु सञ्चालन गरिनु आजको शैक्षिक पक्षको एक आवश्यकता बनेको छ ।

हाम्रो पालिकामा पनि विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम अन्तर्गत बालविकास देखि ५ कक्षा सम्म दिवा खाजा छात्राहरुका लागि आइरन, फोलिक एसिड विद्यार्थी सबैका लागि भिटामिन A, महिनावारी स्वच्छताको लागि सेनिटरी प्याड वितरण, खोप कार्यक्रम आदि सञ्चालनमा छन् । विद्यालयहरुको हाता, कक्षा कोठा, शौचालय सरसफाइयुक्त र स्वच्छ अवस्थामा राख्न अझै प्रयासहरु गरिनु आवश्यक रहेको छ।

| | |
|---|---|
| अवसरहरु | १. दिवा खाजा कार्यक्रम (बाल विकास- कक्षा ५) सञ्चालन गरी अपुग रकमको लागि स्थानीय सरकारलाई बढी जिम्मेवार बनाइएको<br>२. दिवा खाजाको मापदण्ड निर्धारण<br>३. बालबालिकालाई खोप, जुकाको औषधी, आइरन, फोलिक एसिड, भिटामिन A को व्यवस्था<br>४. महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको उपलब्धता<br>५. रक्त समूह परीक्षण, स्वर परीक्षण आँखाको दृष्टि परीक्षण, श्रवण शक्ति परीक्षण |
| चुनौतीहरु | १. गुणस्तरीय स्थानीय खाद्य पदार्थ उत्पादन<br>२. प्राकृतिक स्वादको अलावा तयारी खाजाले कृत्रिम स्वादको भ्रम हटाउने<br>३. खाद्य पदार्थ सङ्कलन भण्डारण र सुरक्षा<br>४. महामारी तथा संक्रामक सरुवा रोगहरू भाइरल झाडापखाला जुका पर्ने जस्ता स्वास्थ्य सजगता अपनाउने<br>५. अभिभावकहरुमा स्थानीय खानेकुरा पोषणयुक्त हुन्छ भनी चेतना फैलाउने<br>६. जङ्कफुडको स्वादका कारण बालबालिकाले विद्यालयमा खुवाउने खाजा कम रुचाउनु<br>७. कम दररेटमा (रु१५मा) गुणस्तरीय खाजाको प्रबन्ध |

प्युठान नगरपालिकामा बालबालिकाहरुका लागि दिवा खाजाको सम्भाव्य मेनुहरु

| | | |
|---|---|---|
| १) पोषिलो जाउलो गेडागुडी | ५) मासु चिउरा | ९) पूरी, तरकारी |
| २) चामल, मास, अन्य दाल, चना गेडागुडीको खिचडी | ६) गर्मी समयमा दहि चिउरा | १०) चिउरा, तरकारी |
| ३) मकै/चामलको खीर आलुको अचार | ७) गेडागुडी क्वाँटी, छोले चना, केराउ, सिमी | ११) दाल, भात, तरकारी |
| ४) कोदो, गहूँ, सुजी, चामलको पिठोको हलुवा र तरकारी | ८) छोले चिउरा | |

### ४.४.२ उद्देश्य

दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धित उद्देश्यहरु:-

१) विद्यालय जाने उमेरका सबै बालबालिकालाई स्वस्थ एवम पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।

२) विद्यालयको वातावरणीय सरसफाइमा सुधार गर्ने।

३) बालबालिकाको पोषण स्वास्थ्य, सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.४.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि स्थानीय तहले अपनाउने रणनीतिहरु

१) स्वास्थ्य तथा पोषणका विषयमा अभिभावकहरुलाई अभिमुखिकरण गरी बालवलिकाहरुलाई घरमा बनेको पोषणयुक्त खानेकुरा खान अभिप्रेरित गर्ने ।

२) दिवा खाजा कार्यक्रमलाई आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालयले र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि अभिभावकले खाजाको प्रबन्ध गर्ने ।

३) अभिभावकको अग्रसरतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजको प्रबन्ध गर्ने ।

४) दिवा खाजाका लागि आवश्यक पूर्वाधार विकास गर्ने ।

५) विद्यालयमा स्वच्छता र सरसफाइको वातावरण मिलाउने ।

६) विद्यार्थीको स्वास्थ्य परीक्षण, जुकाको औषधी भिटामिन बि, फोलिक एसिड, आइरन चक्की, स्यानिटरी प्याडको व्यवस्था प्रभावकारी बनाउने ।

७) दिवा खाजा, स्वास्थ्य, सुरक्षाका निम्ति स्थानीय सरोकारवाला गै. स. स. अभिभावक निजी स्रोत, समाजसेवीसँग हातेमालो गर्ने ।

८) दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्रलाई प्रभावकारी बनाउने ।

**कार्यनीतिहरु**

१) अभिभावकलाई स्वास्थ्य तथा पोषण कार्यक्रमको जानकारी गराई बालबालिकाको स्वास्थ्यको लागि विशेष जिम्मेवार बनाउने ।

२) पौष्टिक स्वस्थकर खानाको सम्बन्धमा सचेतना वृद्धि गरी घर घरमा स्थानीय रैथाने खाजालाई प्रबर्द्धन गर्ने ।

३) विद्यालय स्वस्थ्य तथा पोषण कार्यक्रम को तथ्याङ्क अध्यावधिक गर्ने।

४) विद्यार्थीको स्वास्थ्य परीक्षण, जुकाको औषधी, भिटामिन, आइरन चक्कि, प्राथमिक उपचार बाकस, सेनेटरी प्याडको उचित व्यवस्थापन गर्ने ।

५) विद्यार्थीको व्यक्तिगत सरसफाइ कक्षाकोठा, विद्यालय हाता शौचालय सरसफाइलाई सुनिश्चितता गरिने ।

६) छात्र छात्रा शौचालय, सरसफाइ साबुन, फिनायलको व्यवस्थापन गर्ने ।

७) स्वास्थ्य र पोषणको विषयमा अभिभावक सचेतना कार्यक्रम गर्ने ।

८) विद्यालयमै स्थानीय रैथाने उत्पादनबाट निर्मित खाजाको सेडुल बनाउने ।

९) खाजाको गुणस्तर परीक्षण गर्ने ।

१०) स्वास्थ्य शिविर सञ्चालन गर्ने ।

११) किट बाकस सामग्री व्यवस्था गर्ने ।

१२) पानीको परीक्षण र शुद्धीकरणका लागि युरोगार्ड फिल्टर पानीको व्यवस्थापन गर्ने ।

१३) सेनिटरी प्याडको नियमित वितरणको प्रबन्ध गर्ने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको कार्यान्वयनवाट हासिल हुने क्रमागत मुख्य उपलब्धिहरु निम्नानुसार हुनेछन :-

१) सबै बालबालिकाहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार आएको हुनेछ।

२) बालबालिकाको विद्यालयप्रति सन्तुष्टी र आत्मविश्वासको अभिवृद्धि भएको हुनेछ।

३) बालबालिकाको मनोसामाजिक कुशलतामा अभिवृद्धि भएको हुनेछ।

४) बालबालिकाको पठन रुचि वृद्धि भई रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालविकासमा भर्ना भएका बालबालिकाले आवश्यक खोप प्राप्त गरेका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | जुकाको औषधी, भिटामिन A, आइरन चक्कि, प्राथमिक उपचार बाकस भएका विद्यालय | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ०-५ | ०-५ | ०-५ | ०-५ | ०-५ | ०-५ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | - | सबै | सबै | सबै | सबै | सबै |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय (%) | - | ९० | ९५ | ९८ | ९९ | १०० |
| ६ | छात्र छात्रा शौचालय, सरसफाइ साबुन, फिनायलको व्यवस्थापन गर्ने विद्यालय | - | ९५ | ९८ | ९९ | १०० | १०० |

## ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५१ | निरन्तर | |
| ३ | छात्रामैत्री शौचालय निर्माण तथा बर्निङ पिट व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | बालबालिकाको नियमित सरसफाइमा सहयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | स्थानीय स्तरमा उत्पादित ताजा खाद्यवस्तु सङ्कलन तथा प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | छात्र र छात्राहरुका लागि अलग अलग शौचालयका साथै सफाइ सामग्रीहरुको प्रयोग | निरन्तर | ६४ | ६४ | ६४ | ६४ | ६४ | निरन्तर | निरन्तर | |
| ७ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | जुकाको औषधी, भिटामिन A, आइरन चक्की वितरण | निरन्तर | २ | २ | २ | २ | २ | १० | २० | |
| ९ | प्राथमिक उपचार बाकस भएका विद्यालय | वटा | ६४ | ६४ | ६४ | ६४ | ६४ | ६४ | ६४ | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

प्राकृतिक तथा मानव सृजित  घटनाहरु जसले मानव, आवास, अर्थतन्त्र, पशु (पंक्षी) धनसम्पति तथा वातावरणमा गम्भीर  नोक्सान पुराउने संकटपूर्ण अवस्थाको सृजना गर्दछ त्यो नै विपत् वा आपतकालिन अवस्था हो । यस प्रकारको संकटपूर्ण अवस्थामा बालबालिकाहरुलाई सुरक्षित गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न योजना निर्माण अनावश्यक हुन्छ । यो असमान अवस्थाको वैज्ञानिक  एवम् व्यवहारिक तवरले सामना र व्यवस्थापन  गर्दै बालबालिकाहरुको शारीरिक, मानसिक अवस्थाको ख्याल गर्दे शैक्षिक क्षति न्यूनीकरण गर्दै जोखिमबाट बच्ने  र बचाउने प्रयास निरन्तर जारी राख्न स्थानीय तह, विद्यालय परिवार समुदाय एवम् अभिभावकको  सङ्लग्नता जरुरी हुन्छ। प्राकृतिक विपत्तीलाई रोक्न सकिदैन तर पनि यसको प्रतिकार्य, उद्धार एवम् उत्थानको लागि  ठोस योजना तथा तत्परता, सामुहिक प्रयास, सहयोग, सहभागिता, सहकार्यले प्रतिकार्यलाई प्रभावकारी बनाइ  क्षति न्यूनीकरण गर्न सकिन्छ भने उत्थान कार्यदललाई  तत्काल उद्धारकार्यमा परिणाममुखी तवरले अगाडि बढाउन मद्धत मिल्छ। हरेक विद्यालयले एउटा प्रतिकार्य योजनाको निर्माण गरी कार्यान्वयन गर्न सकेमा मात्र जोखिम न्यूनीकरण गर्न एवम् उत्थानशील कार्य गर्न सम्भव हुन्छ। समयमा नै जानकारी, चेतावनी, उद्धार, प्राथमिक उपचार, औषधि, अस्पताल पुऱ्याउने व्यवस्था पानी, खाना एवम् आश्रयस्थलको प्रबन्ध गर्न सक्ने गरी तयारी अवस्थामा रहनु विद्यालय, विद्यार्थी , शिक्षक, समुदाय सबैको लागि अपरिहार्य छ। यस कुराको गम्भीरतालाई  आत्मसाथ गर्दै  प्युठान नगरपालिकाको तर्फबाट आपतकालीन तथा संकटपूर्ण अवस्थामा  शिक्षा योजना निर्माण गरिएको छ।

### ४.५.१ वर्तमान अवस्था

नेपाल भुकम्पिय जोखिमको दृष्टिले उच्च जोखिम क्षेत्रमा पर्दछ। वर्षेनि  बाढी, पहिरो, डुबान, भूक्षय, आगलागी, डढेलो एवम् महामारीजन्य रोगहरूबाट ठूलो जनधनको  क्षति भइहन्छ। यस्ता  प्राकृतिक  विपत्तिहरुबाट विद्यालय, शिक्षक, कर्मचारी तथा  विद्यार्थीरुलाई सुरक्षित गरी प्रकोप न्यूनीकरण गर्नु प्रत्येक  विद्यालय एवम् प्युठान नगरपालिकाको मुख्य चुनौति हो । बालबालिकालाई शारीरिक र मनोवैज्ञानिक  रूपमा सुरक्षा प्रदान गर्न, बालबालिकाको आत्मविश्वास बनाउन, उनीहरुमा भएका क्षमता अभिवृद्धि गर्न, प्रत्येक बालबालिकाको विद्यालय क्रियाकलापमा सहभागिता बनाउन, बालबालिकालाई निडर, अनुशासित र मर्यादित बनाउन, जीवनोपयोगी सीप र ज्ञान आर्जनको लागि सजिलो पार्न, भेदभावरहित समान रूपमा व्यवहार पाउने अवसर दिन तथा गुणात्मक शिक्षाका लागि विद्यालय छोड्ने परिपाटी घटाउन।

कोभिड १९ को असरसँगै स्थानीय तहमा आपतकालीन शिक्षा योजना निर्माण गर्ने कार्यमा तीब्रता आएको देखिन्छ। यस कार्यमा विभिन्न विकास साझेदार सङ्घसंस्थाहरूको सक्रियता पनि बढिरहेको छ ।  बालबालिकाहरूलाई आपतकालीन अवस्थामा पनि सहज समायोजन गर्दै सिकाइ निरन्तरताको वातावरण निर्माण गर्न आवश्यक छ । आपतकालीन शिक्षा योजना निर्माण गर्दा भैपरी आउने असामान्य परिस्थिति वा विपत्को आँकलन गरी सोसँग सम्बन्धित कार्ययोजना निर्माण गर्नुपर्ने हुन्छ। हाम्रा शैक्षिक संस्थाहरूको अवस्था, सम्भावित जोखिमको पूर्वानुमान, विपद्पूर्व गरिनुपर्ने कामहरू, विपत्को समयमा ध्यान दिनुपर्ने पक्षहरू र विपद् पश्चातको शैक्षिक व्यवस्थापन र सिकाइ निरन्तरताको सवालमा वस्तुगत अध्ययन गरी योजना निर्माण गर्न सकेको अवस्था छैन। शिक्षाका लागि न्यूनतम मापदण्ड पूर्व तयारी, प्रतिकार्य र सुधारका मार्ग पहिल्याउन हाम्रो प्युठान नगरपालिकाले खासै पहल गरेको छैन।

बाढीजन्य विपत्को क्षतिपूर्ती र अवलोकन तथा मूल्याङ्कन गरी पालिका स्तर कै वृहत विपद् प्रतिकार्य योजनालाई मुर्त रुप दिनुपर्ने हुन्छ।

स्थानीय तहमा आइपरेका विपत्ती जस्तै आगलागी, बाढी, पहिरो तथा अन्य विपत्तीहरूबाट बच्न प्रभावकारी रुपमा विद्यालयहरुमा कुनै अभ्यास गर्न सकेको छैन। विद्यालय तहको पाठ्यक्रमलाई केन्द्रित गरी विभिन्न विषयमा अनलाईन, अफलाईन सिकाइ सामग्री तयार भइ वेबसाइटमा राखिएको भएपनि कक्षा १ देखि १० सम्मका लागि रेडियो तथा दूर शिक्षा पाठ प्रसारणको माध्यमबाट खासै उपलब्धि हासिल गर्न प्युठान नगरपालिकाले सकेको छैन। यसका अतिरिक्त कोभिड महामारीको अवस्थामा सुरक्षाका सामान्य उपायहरू सहित सिकाइलाई निरन्तरता दिन सहयोग पुग्ने र विद्यार्थी शिक्षकमा परेको मनोसामाजिक असरलाई कम गर्ने खालका चेतनामूलक सन्देश तयार गरी मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा राखिएको र केही रेडियो टिभीबाट प्रसारण समेत गरिदै आएको भएतापनि त्यस्ता कुराहरुमा सबैको पहुँच पुऱ्याउन र यसलाई प्रभावकारी बनाउनु पर्ने हुन्छ।

| | |
|---|---|
| सबल पक्ष एवम् अवसरहरू | विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ जारी। बालबालिकालाई भयरहित वातावरण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था भएको।<br>बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ अनुसार प्रकोपजन्य अवस्थामा पनि विद्यार्थी सिकाइ निरन्तरतालाई प्रोत्साहन गरेको।<br>जिल्ला विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण कार्य समिति निर्माण भइ सक्रिय रहेको।<br>कोभिड १९ को समयमा विभिन्न वैकल्पिक शिक्षा पद्धति अपनाएको।<br>स्थानीयतहमा वारुण यन्त्रको व्यवस्था भएको।<br>अनाथ, असहाय एवम् संकटपूर्ण अवस्थामा रहेका बालबालिकालाई सम्पूर्ण सुविधा सहित छात्रावासको सुविधा । |
| समस्या तथा चुनौतिहरू | सबै विद्यालय भवनहरु विभिन्न विपत् तथा प्रकेपवाट सुरक्षित हुने गरी निर्माण गरिएका छैनन।<br>बाढी, पहिरो तथा डढेलोको जोखिम भएका स्थानमा विद्यालय स्थापना गर्दा जोखिम कायम रहेको छ।<br>बालबालिकाहरुको घरदेखि विद्यालयको बाटो सुरक्षित छैन।<br>विद्यालयमा First Aid box and Go bag को व्यवस्था छैन।<br>विपद् एवम् संकट प्रतिकार्य बारेमा समुदाय तथा अभिभावकहरुलाई जनचेतना अभिवृद्धि गर्नु ।<br>विपदको उच्च जोखिममा रहेका विद्यालय संरचनालाई पुनः नक्साङ्कन गरि उपयुक्त स्थानमा सार्नु ।<br>विपत् व्यवस्थापनका लागि साधन स्रोत पहिचान र आकस्मिक कोष नहुनु।<br>विद्यालय स्तरीय विपत् व्यवस्थापन एवम् विद्यालय सुरक्षा योजना निर्माण नगरिनु। |

### ४.५.२ उद्देश्य

आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षासँग सम्बन्धित स्थानीय तहका उद्देश्यहरुः

१. प्युठान नगरपालिकाको विपत् कोषलाई शिक्षा क्षेत्रमा भएको क्षतिको पुनर्स्थापनाका लागि समेत परिचालन गर्नु ।

२. प्रत्येक विद्यालयमा विद्यालय सुरक्षा योजना निर्माण गर्नु ।

३. प्रत्येक विद्यालयमा विपत् व्यवस्थापन फोकल शिक्षक छनोट गरि आवश्यक तालिम प्रदान गर्नु ।

४. सम्पूर्ण भौतिक संरचनाहरू सबलीकरण गरी सुरक्षित कक्षाकोठा निर्माण गर्नु ।

५. प्राकृतिक प्रकोपजन्य घटनाबाट सृजित अवस्थामा वैकल्पिक शिक्षालाई प्राथमिकता दिनु ।

६. विपत्का कारणबाट पालिकाको आर्थिक, भौतिक एव मानवीय क्षतिमा कमी ल्याउनु ।

७. विद्यालयभित्र र बाहिर वृक्षारोपण कार्यक्रम आयोजना गर्नु ।

८. नगरपालिकाको शिक्षा ऐनले शिक्षा विकास कोषको परिकल्पना गरे अनुसार कोषको स्थापना गर्नु ।

### ४.५.३ रणनीतिहरु

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि प्युठान नगरपालिकाले अपनाउने रणनीतिहरुः

१. विपत् व्यवस्थापन तथा क्षति न्यूनीकरणका लागि भौतिक, आर्थिक तथा मानव स्रोत तयारी अवस्थामा राख्ने ।

२. सम्भावित सङ्कटको पूर्वानुमान गरी त्यसको व्यवस्थापन एवम् उत्थानशीलताको लागि स्रोत खोजी, पहिचान एवम् तयारी गर्ने ।

३. विद्यालय सुरक्षा योजना अनुरुप तयार हुने र योजना निर्माण गर्ने ।

४. शिक्षक विद्यार्थी, अभिभावक समुदायलाई विपत्पूर्ण अवस्थाको सामना, विपत् प्रतिकार्य उत्थानशीलताको बारेमा क्षमता विकास गर्ने र प्रकोप सँग जुध्ने क्षमताको सुनिश्चितता गर्ने ।

५. प्राथमिक उपचार, महामारी, आकस्मिक दुर्घटना तथा अन्य प्रकोपको रोकथाम र प्रतिकार्यको लागि तयारी गर्ने ।

६. विपत्पूर्ण अवस्थामा वैकल्पिक शिक्षाका विकल्पहरु कार्यान्वयन, सञ्चालन गर्ने ।

७. वैकल्पिक शिक्षणको लागि साधन स्रोतको व्यवस्था गरि विद्यालयको क्षमता अभिवृद्धि गर्ने ।

८. विभिन्न सरोकारवाला निकाय, सङ्घ संस्थाहरु सँग समन्वय गरी मौसमी पात्रो, कार्ययोजना निर्माण गर्ने ।

### कार्यनीति

१. आपतकालिन अवस्थाकोलागि स्थानीय एवम् विद्यालय स्तरमा कोष खडा गर्ने ।

२. हरेक विद्यालमा आपतकालिन अवस्थाको लागि एक फोकल शिक्षक तयार गर्ने र आपतकालिन अवस्थाको लागि पूर्वाभ्यास तालिम गर्ने ।

३. विद्यार्थी, शिक्षक एवम् अविभावकहरुलाई रेडक्रस स्काउट, नेपाल प्रहरी लगायतका मुख्य सरोकारवालाहरु मार्फत विपद् न्यूनीकरण, रोकथाम एवम् प्रतिकार्य सम्बन्धी सचेतना तालिम प्रदान गर्ने ।

४. दूर शिक्षा, घुम्ती शिक्षा, टोल शिक्षा, छायाँ शिक्षा (Home tuition) जस्ता वैकल्पिक सिकाइका माध्यमको विकल्प खुला गर्ने ।

५. पढाइको क्षति भएका बालबालिकाहरूको पहिचान गरी, शैक्षिक क्षति कम गर्न सहयोग गर्ने ।

६. हरेक विद्यालयमा प्राथमिक उपचार बाकस, उपचार सामग्री, मनोसामाजिक परामर्श र स्तनपान कक्ष, स्ट्रेचर, झटपट झोला जस्ता अत्यावश्यक कुराहरु तयारी अवस्थामा राख्ने ।

७. जिल्ला विपत् व्यवस्थापन समिति, प्रहरी, एम्बुलेन्स, स्वास्थ्य संस्था एवम अस्पताल, वारुण यन्त्र, वडा कार्यालय, नगरपालिका, सशस्त्र प्रहरी, नेपाल आर्मी रेडक्रस अन्य सङ्घ संस्थाका सम्पर्क नम्बरहरु प्रत्येक विद्यालयमा राख्ने ।
८. विद्यालयको वार्षिक कार्य पात्रोमा मौसमी, प्रकोप एवम् महामारी उत्पन्न हुने समयलाई स्पष्ट सङ्केत गर्ने ।
९. कम्पाउण्ड तथा हलकोठा निर्माण गर्दा आपतकालीन ढोकाको प्रबन्ध गर्ने ।
१०. विद्यालय परिसर एवम् वरिपरिको वातावरण सफा राख्ने ।
११. शारीरिक, मानसिक एवम् भावनात्मक रुपले प्रभावित बालबालिकालाई मनोपरामर्श दिने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशील योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू

१. प्युठान नगरपालिकामा विपद् प्रतिकार्य संयन्त्र कोष निर्माण भइ कार्यान्वयनमा आएको हुनेछ ।
२. प्रत्येक विद्यालयमा विद्यालय सुरक्षा योजना निर्माण भएको हुनेछ ।
३. प्रत्येक विद्यालयमा विपत् व्यवस्थापन फोकल शिक्षक तोकी आवश्यक तालिम प्रदान भएको हुनेछ ।
४. सम्पूर्ण भौतिक संरचनाहरू सवलीकरण गरी सुरक्षित कक्षाकोठा निर्माण भएको हुनेछ ।
५. प्राकृतिक प्रकोपजन्य घटनाबाट सृजित अवस्थामा वैकल्पिक शिक्षालाई प्राथमिकता रहेको हुनेछ ।
६. विपत्को कारणबाट पालिकाको आर्थिक, भौतिक एवम् मानवीय क्षतिमा कमी आएको हुनेछ ।
७. विद्यालयभित्र र बाहिर वृक्षारोपण कार्यक्रम आयोजना भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | १० | १० | १० | १० | १० |
| २ | हरित विद्यालय सङ्ख्या | ० | २ | ३ | ३ | २ | २ |
| ३ | जलवायु परिवर्तन सम्वन्धि कार्यक्रमहरु सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ५ |
| ४ | विपत्को समयमा वैकल्पिक सिकाइको माध्यमवाट शिक्षा प्रदान गर्ने विद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ५ |
| ५ | विपत्को व्यवस्थानका स्रोत सामग्री भएका विद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ५ |
| ६ | विद्यालय सुरक्षा योजना निर्माण गरेका विद्यालय सङ्ख्या | ० | १० | १० | १० | १० | १० |
| ७ | सुरक्षित कम्पाउण्डको व्यवस्था भएका विद्यालय सङ्ख्या | १८ | ५ | ५ | ५ | ५ | ५ |

### ४.५.५ प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य

प्युठान नगरपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति पुनरावलोकन | पटक | १ | - | - | - | - | १ | २ | |
| २ | पालिका र विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ४ | शिक्षक तथा वि. व्य. स. पदाधिकारीहरुको तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विपत् प्रतिरोधी विद्यालय सङ्ख्या | वटा | ५ | ५ | ५ | ५ | ५ | ३० | ५० | |
| ६ | प्राथमिक उपचार बाकस, स्ट्रेचर, झटपट झोला व्यवस्थापन भएका विद्यालय सङ्ख्या | वटा | ५ | १० | १० | १० | १० | ४५ | ६४ | |
| ७ | विद्यालय सुरक्षा योजना निर्माण गरेका विद्यालय सङ्ख्या | वटा | १० | १० | १० | १० | ११ | ५१ | ५१ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

सबै प्रकारका विद्यार्थीहरुलाई विद्यालय भित्र शान्त र भयरहित वातावरणमा अध्ययन गर्नका लागि भौतिक पूर्वाधारको अहम् भुमिका रहेको हुन्छ । उपयुक्त प्रकारको भौतिक पूर्वाधारको विकासले विद्यार्थीलाई विद्यालयमा आकर्षित गर्दछ र पठनपाठनमा सहजता प्रदान गर्दछ । स्थानीय समुदाय, शिक्षक, अभिभावक, विद्यालय प्रशासन र व्यवस्थापन समितिको कुशल नेतृत्वदायी भूमिका भएमा विद्यालयले भौतिक पूर्वाधार निर्माण गर्न सफल भएको थुप्रै उदाहरण सुन्न र देख्न पाइन्छ । विद्यालयको कक्षाकोठालाई बालमैत्री, अपाङ्गमैत्री र सिकाइमैत्री बनाउन विद्यालयमा भौतिक पूर्वाधार आधारभूत आवश्यकताको रुपमा लिनुपर्ने हुन्छ । विद्यालयमा भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० ले पनि विद्यालयमा हुनैपर्ने न्यूनतम पूर्वाधारको व्याख्या गरेको छ त्यो अनुसार पूर्वाधार निर्माण गर्न नसकेपनि न्यूनतम सक्षमताका सर्त पूरा हुनु पर्ने हुन्छ । त्यसैगरी PMEC का सर्तहरु पूरा हुनु पर्ने कुरा पनि विद्यालय क्षेत्र सुधार योजनाले अघि सारेको थियो । विद्यालयलाई सिकाइ सङ्गठनको रूपमा विकास गर्नका लागि समता, गुणस्तर, सक्षमता, सुशासन तथा उत्थानशीलता सहित आदर्श शैक्षिक वातावरण निर्माण गरिनुपर्छ । खास गरी विद्यालयमा बालबालिकाको प्रतिभा प्रस्फुटन गर्ने, बालबालिकालाई सपना देख्न सिकाउने र निरन्तर सिकाइ कार्यको अभ्यास गर्न सक्ने वातावरण र पूर्वाधार विद्यालयमा उपलब्ध हुनु पर्छ । शैक्षिक सामग्रीको उपलब्धता र शिक्षकको सहजीकरण यसका लागि सहायक हुन्छन् । विद्यालयमा विद्यार्थी परामर्श पद्धतिको कार्यान्वयन समेत उत्तिकै आवश्यक हुन्छ । यसका लागि विद्यार्थी माझ डिजिटल डिभाइड कम गर्ने, STEM लाई अन्तर सम्बन्धित गर्ने, विद्यालयको कार्य सम्पादन र विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण गर्ने, मातृ भाषाको प्रयोगलाई प्रवर्द्धन गर्ने, सम्पूर्ण पूर्वाधार सहितको विद्यालयको अवधारणा कार्यान्वयन गर्ने, ICT मा आधारित लेखा व्यवस्थापन प्रणाली अनुसरण गर्ने जस्ता कार्यहरूलाई अवलम्बन गर्न सकिन्छ र गर्नुपर्दछ । १७ वटा भौतिक संरचनाहरु मध्ये कक्षाकोठा भुकम्प प्रतिरोधी, घामपानी छेक्ने छाना भएको, प्लास्टर गरीएको वा राम्रोसँग लिपिएको भित्ता र भुइँ भएको, लेख्न, पढ्न बाधा नहुने खालको पर्याप्त उज्यालो भएको कोठाहरु भएको भवन, कम्तीमा कक्षा १ देखि ८ सम्म प्रति

विद्यार्थी न्यूनतम १.०० र मा. वि. को लागि १.२० वर्गमिटर र कक्षाकोठा ६० वर्गमिटर भन्दा कम तथा कक्षाकोठा बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार सहितको कक्षाकोठाको लेख्ने पाटी बाट अन्तिम बेन्चको दूरी ७ मिटर भन्दा टाढा नहुने गरी हुनुपर्ने कुरालाई कार्यान्वयन गर्नुपर्ने छ।
फर्निचरमा कक्षा १ देखि ३ को लागि भुइँमा बसी शिक्षण गर्न गुन्द्री , चकटी वा २.५ से. मि. बाक्लो काठको भूई, आदिको व्यवस्था र कक्षा ४ देखि माथि उमेर र उचाइ अनुसार डेक्स बेञ्चको व्यवस्था हुनुपर्ने हुन्छ। प्रयोगशाला जम्मा विद्यार्थी सङ्ख्याको १० प्रतिशत लाई आधार मानेर प्रति विद्यार्थी २.४० वर्ग मिटर क्षेत्रफल हुनुपर्ने प्रावधान छ। शौचालयः बालविकास देखि क्रमशः १५०, २५०, ६५०, ८५० वर्ग मिटर का साथै छात्र र छात्राको लागि छुट्टाछुट्टै, बालमैत्री र अपाङ्गमैत्री र लैङ्गिकमैत्री शौचालयको व्यवस्थापन पनि विद्यालय भौतिक पूर्वाधारको महत्वपूर्ण पक्ष हो। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने गरेको नीतिगत व्यवस्थालाई पनि ख्याल गर्दै संरचनाको निर्माण गर्नुपर्ने हुन्छ।

### ४.६.१ वर्तमान अवस्था

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सरसफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्।

एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्गमिटर र आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको र विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० ले १७ वटा भौतिक संरचनाहरु निर्धारण गरी कक्षा १ देखि ८ सम्म प्रति विद्यार्थी न्यूनतम १.०० र मा.वि. को लागि १.२० वर्गमिटर र कक्षाकोठा ६० वर्गमिटर भन्दा कम, कक्षाकोठाको लेख्ने पाटी बाट अन्तिम बेन्चको दूरी ७ मिटर भन्दा टाढा नहुने, फर्निचरमा कक्षा १ देखि ३ को लागि भुइँमा बसि शिक्षण गर्न गुन्द्री , चकटि वा २.५ से.मि बाक्लो काठको भूई, प्रयोगशालामा जम्मा विद्यार्थी सङ्ख्याको १० प्रतिशत लाई आधार मानेर प्रति विद्यार्थी २.४० वर्गमिटर , शौचालयको हकमा बालविकास देखि क्रमशः १५०, २५०, ६५०, ८५० वर्ग मिटर , छात्र र छात्राको लागि छुट्टाछुट्टै, बालमैत्री र अपाङ्गमैत्री र लैंगिकमैत्री शौचालयको व्यवस्थापन गरेको भएपनि हाम्रो यस प्युठान नगरपालिका स्थित सबै विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त गर्ने मापदण्ड बमोजिम सुविधा नभएको अवस्था छ।

| | |
|---|---|
| सबल पक्षहरू | १. प्युठान नगरपालिकाले बालविकास देखि माध्यमिक तहसम्म शिक्षाको दायित्व बहन गर्नु ।<br>२. भौतिक पूर्वाधारको लागि नगरपालिका स्वयम् स्रोत खोजी र परिचालन गर्नु ।<br>३. भौतिक पूर्वाधार मर्मत तथा सुधारमा नगरपालिकाले चासो दिनु । |
| कमजोर पक्षहरू | १.कतिपय विद्यालयमा केही भौतिक पूर्वाधार विकास गर्न बाँकी हुनु ।<br>२.भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु । |
| अवसरहरु | १. नियमित बजेटको अभाव हुनु ।<br>२.विद्यालय स्वयम् सँग भौतिक पूर्वाधार विकासका लागि लगानी गर्न क्षमता नहुनु । |
| चुनौतीहरु | १. विद्यालयको समग्र भौतिक पूर्वाधार विकासका लागि सामुदाय तथा अभिभावको लगानी प्रति आकर्षण नहुनु ।<br>२. छात्राका लागि छुट्टै शौचालयको व्यवस्था नहुनु । |

**४.६.२ उद्देश्य**

विद्यालय भौतिक पूर्वाधार विकाससँग सम्बन्धित स्थानीय तहका उद्देश्यहरु निम्नानुसार हुनेछन :-

१. बालबालिकालाई सुरक्षित,भय रहित भावना विकास गराउने ।

२. बालबालिकालाई विद्यालयमा आकर्षित गर्ने ।

३. प्रविधिमैत्री वातावरण निर्माण गर्ने ।

४. बालमैत्री र अपाङ्गैत्री वातावरण निर्माण गर्ने।

५. बालबालिकालाई प्रयोगात्मक कार्यका लागि प्रोत्साहित गर्नु ।

६. बालबालिकालाई सुरक्षित खानेपानी आपूर्ति गर्नु ।

७. बालबालिकालाई सुरक्षित र सफा खाजा खाने प्रबन्ध मिलाउने ।

८. बालबालिकालाई खाली समयमा मनोरञ्जनका लागि खेल खेल्ने वातावरण सिर्जना गर्नु ।

### ४.६.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि स्थानीय तहले अपनाउने रणनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. उपयुक्त सामग्री सहितको छुट्टै बालविकास कक्षाकोठाको व्यवस्था गर्ने ।<br>२. हाल प्रयोगमा रहेका कक्षाकोठाहरुको बालमैत्री बसाइ व्यवस्थापन गर्ने ।<br>३. प्रयोगशाला कक्षको व्यवस्थापन, नभएका ठाउँमा निर्माण र त्यसको अधिकतम प्रयोग गर्ने।<br>४. सबै विद्यालयहरुमा खानेपानीको उचित प्रबन्ध गर्ने ।<br>५. सबै विद्यालयहरुमा स्वस्थकर चमेना गृहको व्यवस्थापन गर्ने ।<br>६. भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० ले तोके बमोजिम विद्यालयहरुमा न्यूनतम पूर्वाधारको व्यवस्थापन गर्न पहल गर्ने ।<br>७. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक पूर्वाधारहरु मर्मत संभार तथा सबलीकरण गर्दा बालमैत्री, अपाङ्गमैत्री तरीकाले गर्ने । | १. बालविकास कक्षाकोठालाई छापामय र आकर्षक बनाउने ।<br>२. थप भवन तथा कक्षाकोठा निर्माण गर्नका लागि स्रोत खोजी गर्ने, मर्ज भएका विद्यालयको संरचनाको सदुपयोग गर्ने ।<br>३. विषयगत प्रयोगशाला प्रवर्द्धन तथा थप नयाँ प्रयोगशाला आवश्यकता अनुसार निर्माण तथा व्यवस्थापन गर्ने ।<br>४. बालमैत्री, अपाङ्गमैत्री धारा तथा स्वस्थ खानेपानीको उचित प्रबन्ध गर्ने ।<br>५. नगरपालिका भित्रका बालबालिकाहरुको चौतर्फी विकास गर्न खेलकुदलाई पनि प्राथमिकतामा राखेर काम गर्ने ।<br>६. विद्यालयहरु मर्ज भएपछि त्यस्ता विद्यालयका संरचनालाई भरपूर सदुपयोग गर्ने । |

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार हुनेछन :-

१. सबै बालविकास केन्द्रहरु छापामय भएका हुनेछन् ।

२. अपुग कक्षाकोठाहरुलाई व्यवस्थित गरिएको हुनेछ ।

३. विषयगत प्रयोगशाला निर्माण गरी प्रयोग भएको हुनेछ ।

४. स्वस्थ्य खानेपानी र सफा चमेनागृह व्यवस्थापन भएका हुनेछन् ।

५. खेलकुद सम्बन्धी कार्यक्रम नियमित सञ्चालन हुनेछन् ।

६. विद्यालयमा विद्यार्थीहरु आकर्षित हुनेछन् ।

७. नगरपालिकाका सबै विद्यालयहरु स्रोत सम्पन्न भएका हुनेछन् ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय भवनको सङ्ख्या तथा निर्माण | ४ | ४ | ४ | ४ | ४ | ४ |
| २ | सुरक्षित खानेपानीको उपलब्धता भएका विद्यालय सङ्ख्या | ५५ | २ | ३ | ४ | | |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सङ्ख्या | | १० | १० | १० | १० | १० |
| ४ | नयाँ निर्माण गर्नु पर्ने बालमैत्री, अपाङ्गमैत्री शौचालय सङ्ख्या | | १ | १ | १ | १ | १ |
| ५ | प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सङ्ख्या | | १ | १ | १ | १ | १ |
| ६ | सुरक्षित खेलमैदान, घेरावार भएका विद्यालय सङ्ख्या | ४६ | ३ | ३ | ४ | ४ | ४ |
| ७ | बाल उद्धान भएका विद्यालयको सङ्ख्या | ० | ० | १ | १ | १ | १ |

### ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा नयाँ कक्षाकोठा निर्माण | सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | १०० | |
| २ | विद्यालयहरूमा बनेका संरचनाको मर्मत सम्भार, फर्निचर व्यवस्थापन | सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ३ | बालमैत्री, अपाङ्गमैत्री संरचना सहित छात्रा र छात्रलाई अलग्गै शौचालय, पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | बालमैत्री, अपाङ्गमैत्री कक्षाकोठाको मर्मत | सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ५ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजुसूची भर्ने | विद्यालय सङ्ख्या | | | १० | १० | १० | ३० | ६० | |
| ६ | विषयगत प्रयोगशाला निर्माण गरी प्रयोग भएका हुनेछन् । | विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

आजको युगलाई विज्ञान तथा सूचना प्रविधिको युग मानिन्छ। सूचना प्रविधिमा आएको अभूतपूर्व विकासले आज विश्व एउटा आँगन साबित हुन पुगेको छ। संसारको कुनै एउटा कुनामा घटेको घटना छिनभरमा विश्वव्यापी बन्ने कुरा सूचना प्रविधिको विकासले सम्भव तुल्याएको छ । इमेल इन्टरनेटको विकासबाट व्यक्तिको कार्य कौशलतामा सुधार र छिटो छरितो भएको छ । आज अविकसित एवम् विकासशील मूलुकहरु पनि सूचना प्रविधिको प्रयोगद्वारा कयौ नयाँ कार्यहरू गर्न सक्षम भएको अवस्था छ । सूचना प्रविधिको विकासबाट आज शिक्षा क्षेत्र पनि लाभान्वित बनेको अवस्था छ । आजको विकसित सूचना प्रविधिको जमानामा शिक्षा र सूचना प्रविधिको बिचमा गहिरो सम्बन्ध रहेको छ । नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय शिक्षा निति २०७६ र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ मा ५ उद्देश्य, १९ रणनीति र ५० कार्यनीति समेटेर तयार गरेको छ । नेपालमा विज्ञान तथा प्रविधिको क्षेत्रमा काम गर्ने अनुमानित १२० भन्दा बढी संस्था र ९० हजार जनशक्तिहरु छन् ।

विद्यार्थीमा सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‍याई सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुर्‍याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुर्‍याउन सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। राष्ट्रिय तथ्याङ्क, सुचना व्यवस्थापन र साइबर सुरक्षाको लागि उपयुक्त प्रविधिको विकास गरिने लगायतका कार्यनीति समावेश गरे अनुरुप हामीले पनि यस प्युठान नगरपालिकालाई सूचना र प्रविधिको क्षेत्रमा अघि बढाउनु पर्ने हुन्छ । आजको युग सूचना तथा प्रविधिमा अगाडि भएता पनि सबै विद्यालयमा सूचना तथा सञ्चारका साधनहरू पुग्न सकेको अवस्था छैन । धेरै जसो माध्यमिक विद्यालय र आधारभूत तहको (६-८) मा सूचना तथा सञ्चारका साधनहरुको पहुँच भएता पनि प्राथमिक विद्यालयमा सो सुविधा पुगेको छैन जसले गर्दा विद्यालयको शैक्षिक वातावरणलाई सूचना तथा प्रविधिमैत्री बनाउन सकिएको छैन । स्रोत तथा साधनको प्रयोग बिना सूचना तथा सञ्चारका बारेमा शिक्षण गर्दा काग कराए सरह नै भए जस्तो लाग्छ । वर्तमान अवस्थामा विद्यालयमा सूचना तथा प्रविधिका साधनहरू कतै पर्याप्त त कतै अपुगकै अवस्था रहेको छ । भएका विद्यालयमा पनि प्रविधिमैत्री शिक्षकको व्यवस्था नभएकोले प्रभावकारी रुपमा प्रयोग हुन सकेको छैन । त्यसैले विद्यालयलाई सूचना तथा प्रविधिमैत्री बनाउन दक्ष तथा योग्य प्रशिक्षकको व्यवस्था गर्नु आजको आवश्यकता महशुस गरिएको छ।

### ४.७.१ वर्तमान अवस्था

विज्ञान प्रविधिको प्रयोगबाट देशमा सुशासन कायम गर्ने राज्यको लक्ष्य रहेको स्थितिमा यसको प्रयोग बढाउनुका साथै पहुँच विस्तार गर्नु आजको आवश्यकता हो । प्युठान नगरपालिकाका सामुदायिक विद्यालयहरुमा पहिलेको तुलनामा केही मात्रामा सूचना प्रविधिको पहुँच बिस्तार भएको भएपनि कक्षा शिक्षण सिकाइ क्रियाकलापमा सूचना प्रविधिको प्रयोगको अवस्था भने कमजोर नै रहेको छ । कतिपय विद्यालयहरुमा इन्टरनेट सेवाको पहुँच पुगेको भएपनि कतिपयमा त्यो सुविधा समेत पुग्न नसकेको अवस्था छ । इन्टरनेट सेवा पुगेका विद्यालयहरुमा पनि प्रविधिमैत्री शिक्षण सिकाइ हुन नसकेको अवस्था छ । विद्यालयहरुमा कम्प्युटर , प्रिन्टरको व्यवस्था भएको भए पनि त्यो केवल कार्यालय सँग सम्बन्धित कामको लागि मात्र प्रयोगमा आएको अवस्था छ ।

प्युठान नगरपालिका भित्रका सबै मा. वि. तथा आधारभूत तह (६-८) का विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको सुविधा पुगि सकेको अवस्था छ । तर पनि सबै विद्यालयमा प्रयोगको अवस्था सन्तोषजनक छैन । उपलब्ध

व्यवहारिक रुपमा लागु नभइ स्रोत र साधनमै सीमित रहेको छ । कतिपय विद्यालयमा स्रोत साधन छ तर शिक्षण सिकाइ गर्न दक्ष र योग्य शिक्षकको व्यवस्था छैन । कम्प्युटर छ नेट छैन जसले गर्दा विद्यालयलाई प्रयोगात्मक रुपमा कम्प्यूटरको ज्ञान दिन शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण तथा विकास गरेका विभिन्न Digital material र तिनीहरूको प्रयोग कुनैपनि विद्यालयहरुले नगरेको अवस्था छ । माध्यमिक विद्यालयमा उपलब्ध गराएको इ हाजिरी को व्यवस्था केही समय प्रयोगमा ल्याएतापनि धैरै जसो ठाउँमा अहिले प्रयोग विहीन भएको छ । सूचना तथा सञ्चार प्रविधिको सुविधा भएको विद्यालयमा स्थानीय तहको निरन्तर अनुगमन गरी प्रयोगमा ल्याउन र Digital material हरुको प्रयोग गरी विद्यार्थीहरुको सूचना प्रविधिमा पहुँच पुऱ्याउनु पर्ने कार्य अति आवश्यक रहेको छ ।

| | |
|---|---|
| सबल पक्षहरू | क) माध्यमिक तथा आधारभूत तह ( कक्षा ६ देखि ८ सम्म) मा ICT को उपलब्धता ।<br>ख) माध्यमिक विद्यालयहरुमा इ हाजिरीको व्यवस्था गराएको ।<br>ग) सूचना तथा सञ्चार प्रविधि भएका विद्यालयहरूमा इन्टरनेट को जडान गरिएको छ ।<br>घ) शिक्षकलाई तालिमको व्यवस्था गरिएको छ ।<br>ङ) ७ वटा विद्यालयमा सि.सि.टि.भी को व्यवस्था मिलाएको छ । |
| सुधार गर्नुपर्ने पक्षहरु | क) स्रोत साधनको वृहत्तम उपयोग<br>ख) सामग्रीको सरसफाइ र हेरविचार |
| अवसरहरु | क) विद्यालयमा उपलब्ध इन्टरनेटको सुविधालाई विद्यार्थीहरुको सिकाइ सँग जोडिने अवस्था हुनु ।<br>ख) नगरपालिकाले पनि प्रविधिमैत्री शिक्षामा जोड दिन तदारुकता देखाउनु ।<br>ग) विभिन्न विद्यालयमा ICT को प्रयोग हुनु ।<br>घ) सूचना प्रविधिप्रति सबैको चासो बढ्नु । |
| चुनौतीहरु | क) दक्ष तथा योग्य ICT शिक्षकको व्यवस्था नहुनु<br>ख) विद्यालयमा इन्टरनेटको स्पीड कमजोर अवस्था<br>ग) विद्यालय सूचना तथा सञ्चार प्रविधिलाई प्रभावकारी सिकाइ सँग जोड्न नसकिएको । |

**४.७.२ उद्देश्य**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित उद्देश्यहरु

१. सबै विद्यालयहरु सूचना तथा सञ्चार प्रविधि मैत्री बनाउनु ।

२. प्रविधि मैत्री शिक्षण क्रियाकलापको प्रयोगबाट सिकाइ सहजीकरण गर्नु ।

३. सबै बालबालिकाहरुका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु ।

### ४.७.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि स्थानीय तहले अपनाउने रणनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| क) सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्वन्धमा विद्यालयका सम्पूर्ण शिक्षकलाई ICT तालिमको व्यवस्था गर्ने ।<br>ख) विद्यालयमा भरपर्दो इन्टरनेट र उपकरणको उपलब्धता सुनिश्चित गरी पहुँच विस्तार गर्ने ।<br>ग) कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीहरूको उचित प्रबन्ध र प्रयोग गर्ने ।<br>घ) उपलब्ध स्रोत साधनलाई बढी भन्दा बढी प्रयोगमा ल्याउन जोड दिने ।<br>ङ) सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण क्रियाकलाप गराइ सिकाइ उपलब्धि वृद्धि गर्ने ।<br>च) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण तथा विकास गरेका विभिन्न Digital material र तिनीहरूको समुचित प्रयोग गर्नु । | क) विद्यालय मा ICT को प्रभावकारी प्रयोग गर्ने ।<br>ख) प्युठान नगरपालिकाबाट प्रशिक्षक खटाइ सबै शिक्षकलाई सूचना तथा सञ्चार प्रविधिको तालिम दिने ।<br>ग) विद्यार्थीहरुलाई सूचना तथा सञ्चार प्रविधिको अधिकतम सदुपयोग गर्न लगाइ पठन पाठन क्रियाकलापलाई थप व्यवस्थित गर्ने ।<br>घ) ICT सँग सम्बन्धी दक्ष र योग्य सहजकर्ता प्रशिक्षकको व्यवस्था गर्ने । |

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू

१) सबै विद्यालयहरुमा सूचना प्रविधिको पहुँच पुगेको हुनेछ ।

२) सबै विद्यार्थी र शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धी तालिम प्रदान भएको हुनेछ ।

३) सिकाइ उपलब्धिको प्रमुख आधार सूचना प्रविधिको प्रयोगबाट बालबालिका/विद्यार्थीहरुले सिकेको ज्ञान र सिपमा अभिवृद्धि भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सङ्ख्या | ३९ | ३९ | ४५ | ५१ | ५७ | ६४ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधि एवम सिकाइ चौतारीको उपयोग भएका विद्यालय सङ्ख्या | १२ | १२ | १५ | १८ | २१ | २४ |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १२ | १२ | १५ | १८ | २१ | २४ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५९ | ५९ | ६४ | ६४ | ६४ | ६४ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | ६१ | ६१ | ६४ | ६४ | ६४ | ६४ |
| ६ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण क्रियाकलाप गराइ शिक्षण गर्ने विद्यालयहरुको सङ्ख्या | १६ | १६ | २१ | २६ | ३१ | ३६ |
| ७ | सूचना तथा सञ्चार प्रविधि सम्बन्धी तालिम प्राप्त गरेका शिक्षक सङ्ख्या | १०३ | १०३ | १५४ | २०५ | २५६ | ३०७ |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | ICT संरचना विस्तार गरी ई लाइब्रेरी स्थापना भएका विद्यालय | वटा | ६ | ८ | १० | १३ | १६ | १६ | ३२ | |
| २ | Internet Connectivity को व्यवस्था विद्यालय | वटा | ३९ | ४५ | ५१ | ५७ | ६४ | ६४ | सबै | |
| ३ | शिक्षकहरूको ICT सम्बन्धी क्षमता विकास | जना | १०३ | १५४ | २०५ | २५६ | ३०७ | ३०७ | ६१४ | |
| ४ | दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीहरूको उचित प्रबन्ध गर्ने विद्यालय | वटा | १ | १ | १ | १ | १ | १ | १ | |

## परिच्छेद ५ : विद्यालय समुदाय सम्बन्ध

विद्यालय भनेको विद्या आर्जन गर्ने पवित्र मन्दिर हो । जहाँ हामीले शिक्षा आर्जन गर्दछौं । शिक्षा हाम्रो जीवनको अनिवार्य पक्ष हो । कुनै पनि बालक जन्मदा नै उसले केही न केही अन्तरनिहित क्षमता लिएर आएको हुन्छ । त्यो क्षमतालाई प्रस्फुटन गराउन उसको बाबुआमा, अभिभावक, घरपरिवार, छिमेकी, समुदाय, विद्यालय तथा समाजको वातावरणले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हाम्रो जस्तो बहुलजाती भाषा र धर्म, विभिन्न किसिमका सामाजिक मूल्य मान्यता, सांस्कृतिक आदर्शहरू बोकेको समाजमा त्यस्तै सामाजिक, संस्कृतिका आधारमा नै त्यो समाजको बालबालिकाहरुको भविष्य निर्धारित हुन्छ । विद्यालय पनि एउटा यस्तो सामाजिक स्थल हो जहाँ प्रत्येक विद्यार्थीले आफ्ना शैक्षिक गतिविधिहरु गर्ने र भविष्य निर्माणको रेखा कोर्दछ त्यसैले कुनै पनि क्षेत्रका लागि कुशल व्यक्तित्व उपार्जन गर्ने पवित्र स्थल भनेको विद्यालय नै हो । आफुलाई समाजमा मर्यादित  जीवनयापन गर्ने योग्यता आचरण र उपयुक्त व्यवहार विद्यालयबाट नै सिकाइने भएकाले, प्रत्येक समुदायको विकासमा विद्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विद्यालय र समुदायको नङ र मासुकै सम्बन्ध हुन्छ, दुबै एकअर्काका परिपुरक भएकाले दुइटैको सक्रियताबाट सामाजिक विकास तथा शैक्षिक विकास असम्भव हुन्छ । शिक्षा प्राप्त गर्ने पहिलो औपचारिक कदम भनेको बालबालिकालाई विद्यालयमा भर्ना गर्नु हो ।

अंग्रेजी भाषाको community शब्द ल्याटिन भाषाको communis बाट आएको हो, जसको अर्थ सँगै मिलेर काम गर्नु भन्ने हुन्छ अर्थात एउटै भूभागमा बस्ने रहनसहन, चालचलन, भेषभुषा, रितिरिवाज जस्ता साझा सामाजिक परिवेशमा घुलमिल हुने मानिसको समूहलाई समुदाय भनिन्छ । समुदायमा साझा सामुदायिक भावना बढी हुन्छ त्यसैले समुदायमा सहयोगी भावना, जिम्मेवारी, सुरक्षा, एकता र सहकार्य हुन्छ । समुदाय बिना विद्यालय चल्न सक्दैन भने विद्यालय बिना समुदायमा शिक्षा अनुशासन र सचेतनाको विकास हुन सक्दैन । त्यसैले विद्यालय र समुदायको निकै गहिरो अन्तरसम्बन्ध रहेको छ । विद्यालय रहेको समुदायमा बसोबास गर्ने सीमान्तकृत समुदायका सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन बालबालिकाको सिकाइ उपलब्धि, घरको वातावरण, परिवारको आर्थिक अवस्था र समुदायको वातावरण बुझ्नु जरूरी भएकाले विद्यालय समुदाय सम्बन्ध अपरिहार्य छ ।

### ५.१.१ वर्तमान अवस्था

विद्यालयलाई स्थानीय सरकारले पहिलो प्राथमिकतामा राखेको छ । विद्यालयले समुदायमा शिक्षाको ज्योति फैलाउने काम गर्छ भने विद्यालय सञ्चालनका लागि विद्यार्थीको स्रोत समुदाय रहेको छ । समुदाय बिना विद्यालय सञ्चालन सम्भव छैन । यति हुँदाहुँदै पनि वर्तमान अवस्थामा हेर्दा विद्यालय प्रति समुदायको अपनत्व घट्दै गएको देखिन्छ । जसले गर्दा विद्यालयको आर्थिक, भौतिक र शैक्षिक गुणस्तर वृद्धि सोचेजस्तो हुन सकेको छैन । यसको प्रमुख कारण बसाइसराइ पनि एक हो । समुदायका केही मानिस रहरले शहरमुखी भएका छन् भने केही मानिस जंगली जनावरको आतङ्कले खेतीपाती नष्ट हुने हुँदा जीवन निर्वाहको लागि शहरमुखी भएका छन् । जसले गर्दा समुदायका लागि बनेका विद्यालय रित्तिँदै गएका छन् । बसाइसराइको कारणले विद्यालय उमेर समूहका बालबालिका गाउँमा कमै भैटिन थालेका छन् । समुदायका मानिसले अशिक्षा र गरिबीको कारणले पनि विद्यालयप्रति चासो दिँदैनन् । जबसम्म समुदायमा सचेतना फैलाउन सकिन्न तबसम्म त्यस्ता समुदायबाट आएका बालबालिकालाई विद्यालय एक्लैले सबल र योग्य बनाउन सक्दैन । विद्यालय जस्तो पवित्र स्थलमा राजनैतिक अखडा बनाउनु नकारात्मक पक्ष हो । विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घको गठन प्रक्रियामा कतिपय विद्यालयमा अभिभावकलाई ललाईफकाइ त कतिपय विद्यालयमा राजनैतिक दवावमा गठन गर्नुपर्ने अवस्था छ । यी दुवै

प्रकृतिबाट बनेका विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घले विद्यालय प्रति कम चासो दिएको पाइन्छ । जसले गर्दा विद्यालयको चौतर्फी विकासमा प्रत्यक्ष रुपमा बाधा पुगेको देखिन्छ । त्यसैले विद्यालयको हितको लागि समुदायलाई नै अगाडि सार्नुपर्ने देखिन्छ । विद्यालयको चौतर्फी विकास र विद्यालय समुदाय सम्बन्ध सुमधुर बनाउन जबसम्म विद्यालय र समुदायबीच सहकार्य हुन सक्दैन तबसम्म विद्यालयले कुनै नवीनतम उपलब्धि हासिल गर्न सक्दैन । निःशुल्क शिक्षाको कारणले पनि विद्यालयप्रति समुदायको अपनत्व घटेको पाइन्छ । समुदाय स्थानीय सरकारमा निर्भर हुन थालेकोले अभिभावकले न त विद्यालयप्रति न त आफ्ना बालबालिकाको पढाइप्रति चासो दिन्छन् । जहाँ आफ्नो लगानी हुन्छ त्यहाँ बढी अपनत्व भएको पाइन्छ । बिना लगानीको शिक्षामा अभिभावक तथा समुदायको चासो एकदमै कम भएको पाइन्छ । यसको ज्वलन्त उदाहरण वर्षभरिमा अभिभावक विद्यालयमा आइ शिक्षक भेट्ने तथा बच्चाको बारेमा सोधपुछ गर्ने गर्दैनन् जब वार्षिक परीक्षाको नजिकै केही शुल्क सहित अतिरिक्त कक्षाको सञ्चालन हुन्छ तब विद्यार्थीको नियमित उपस्थिति र अभिभावकको चासो दुवै बढ्छ । यस्तो अवस्थामा रहेको समुदायलाई विद्यालय प्रति उत्तरदायी बनाउन स्थानीय सरकारले नीति निर्माण गरी पूर्ण निःशुल्क भन्दा केही शुल्क सहित विद्यालय सञ्चालन गरने परिपाटी बसाल्नु आवश्यक देखिन्छ ।

स्थानीय चाडपर्वदेखि अन्य सांस्कृतिक भेला वा समारोहमा खुला आत्मीयतासाथ सहभागिता गराउने , विद्यालयमा हुने विभिन्न दिवसहरुमा आमन्त्रण गर्ने, विद्यालयको विभिन्न सुशासनका कार्यक्रमका बारेमा समुदायलाई जानकारी दिएर पारदर्शी नीति लिने तथा विद्यालय व्यवस्थापन समिति, अभिभावक सङ्घ, शिक्षक अभिभावक, विद्यार्थी स्थानीय निकाय, गैरसरकारी संस्था सहकारी सङ्घ संस्थाहरू बिच समय समयमा अन्तरक्रिया  कार्यक्रम गर्ने काम यस प्युठान नगरपालिकाले गर्दै आईरहेको छ ।

| | |
|---|---|
| सबल पक्षहरू | क. समुदायको सहभागितामा वि. व्य. स. गठन<br>ख. समय समयमा अभिभावकहरु सँग अन्तरक्रृया<br>ग. सामाजिक परीक्षणमा समुदायको सहभागिता<br>घ. विद्यालयको कार्यक्रममा अभिभावकहरुको सकृय सहभागिता<br>ङ. वार्षिक उत्सवमा अभिभावकहरुको सहभागिता |
| सुधार गर्नुपर्ने पक्षहरु | क. विद्यार्थीको पढाइ प्रति अभिभावकको चासो<br>ख. अभिभावकीय शिक्षाको कमी<br>ग. शिक्षक अभिभावक बिच नियमित भेटघाट छलफल र अन्तरक्रृया<br>घ. विद्यालयको सम्पत्तिको संरक्षणमा चासो |
| चुनौतीहरु | क. विद्यार्थीको पढाइ प्रति अभिरुचि सृजना<br>ख. अभिभावकलाई बालबालिकाहरुको पठनपाठन प्रति सचेत गराउनु<br>ग. शिक्षक अभिभावक बिच अपनत्त्व बोध । |

**५.१.२ उद्देश्य**

विद्यालय समुदाय सम्बन्ध सँग सम्बन्धित उद्देश्यहरु

१) विद्यालय प्रति समुदायको सकारात्मक भावनाको विकास गर्नु ।

२) विद्यालय क्षेत्रको समुदायको आवश्यकता पहिचान गरी आवश्यक सहयोग गर्नु ।

३) विद्यालय समुदायको सम्बन्ध सुमधुर र मजवुत बनाइ सिकाइ उपलब्धि अभवृद्धि गर्नु ।

**५.१.३ रणनीति**

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि अपनाइने रणनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १) शिक्षक सङ्घ तथा अभिभावक सङ्घ दुबैलाई सक्रिय बनाउने ।<br>२) विद्यालयको योजना, नीति तथा कार्यक्रम निर्माण सञ्चालनमा बुद्धिजीवी अभिभावकलाई पहिलो प्राथमिकताको आधारमा अनिवार्य रूपमा संलग्न गराउने ।<br>३) स्थानीय अभिभावक तथा समुदायका समाजसेवी तथा प्रबुद्ध वर्गसँग शिक्षकहरूले अनिवार्य रूपमा भेटघाट र अन्तरक्रिया गर्ने ।<br>४) समुदायमा सचेतना फैलाइ हातेमालो गर्ने ।<br>५) समुदायका कार्यमा अभिभावक, विद्यार्थी र शिक्षकलाई सहभागी गराउने ।<br>६) विद्यालयको समग्र सुधारको पक्षमा समुदायलाई सरिक बनाउने ।<br>७) अभिभावकको सहयोगमा स्थानीय शैक्षिक सामग्री संकलन तथा निर्माण गर्ने ।<br>८) विद्यालयमा विद्यार्थीको नियमितता एवम् पहुँचको सुनिश्चित गर्ने । | १) विद्यालय समुदायको सम्बन्ध प्रगाढ बनाउन स्थानीय सरकारले अभिभावक सचेतनामूलक कार्यक्रम, अभिमुखीकरण कार्यक्रम एवम अन्तर्क्रिया कार्यक्रम गर्ने ।<br>२) समुदायमा आइपर्ने आपतकालीन समस्यामा समुदाय, विद्यालय, विद्यार्थी, शिक्षक कर्मचारीहरु संयुक्त परिचालन गर्ने ।<br>३) विद्यालयको हरेक काम तथा कार्यक्रम, नीति निर्माण प्रक्रियामा समुदायको उल्लेख्य सहभागिता गराउने ।<br>४) निःशुल्क शिक्षाको प्रत्याभूती गरी अभिभावकहरुको सहयोग, दान, दातव्य प्राप्त भएमा उचित सम्मान गर्ने ।<br>५) विद्यालय र समुदायको सहकार्यमा स्थानीय शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन गर्ने ।<br>६) स्थानीय सरकारसँग समन्वय गरी अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने |

**५.१.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू

१. सबै विद्यालयहरुमा सूचना प्रविधिको पहुँच पुगेको हुनेछ ।

२. सबै विद्यार्थी र शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धी तालिम प्रदान भएको हुनेछ ।

३. सिकाइ उपलब्धिको प्रमुख आधार सूचना प्रविधिको प्रयोगबाट बालबालिका/विद्यार्थीहरुले सिकेको ज्ञान र सिपमा अभिवृद्धि भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

*योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | अभिभावकलाई विद्यालय अनुगमन तथा पृष्ठपोषणको वातावरण सृजना गर्ने | १२ | १२ | ६४ | ६४ | ६४ | ६४ |
| २ | प्रत्येक महिनाको एक पटक अभिभावक भेला गराइ विद्यालयको असल तथा सुधार गर्नुपर्ने विषयमा छलफल गर्ने | ५ | ५ | १५ | ३५ | ६४ | ६४ |
| ३ | उत्कृष्ट अभिभावकलाई विद्यालयले सम्मान तथा प्रोत्साहन गर्ने। | ५ | ५ | ६४ | ६४ | ६४ | ६४ |
| ४ | शिक्षा नियमावली अनुसार विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको बैठक | ६४ | ६४ | ६४ | ६४ | ६४ | ६४ |
| ५ | विद्यालयका विभिन्न उत्सव तथा कार्यक्रममा अभिभावकहरुलाई सहभागी गराउने विद्यालय | ६४ | ६४ | ६४ | ६४ | ६४ | ६४ |

## ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रत्येक महिनाको अन्तिम शुक्रवार अभिभावकहरु सँग अन्तर्क्रिया गर्ने विद्यालय | वटा | ५ | १५ | ३५ | ६४ | ६४ | ६४ | सबै | |
| २ | पढाइ मेला कार्यक्रममा अभिभावकहरुको सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | अभिभावकहरुको सहभागितामा शैक्षिक सामग्री निर्माण कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालयका विविध क्रियाकलापमा अभिभावकहरुको सहभागिता | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | सबै | |
| ५ | विद्यालयमा अभिभावक उपस्थितिको log book व्यवस्थापन | वटा | २५ | ६४ | ६४ | ६४ | ६४ | ६४ | सबै | |

## परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

असल शासनबाट नै कुनैपनि क्षेत्रको व्यवस्थापनको पाटो थाहा पाउन सकिन्छ । सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जवाफदेहीता, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । शिक्षाका उद्धेश्य प्राप्तिका निमित्त उपलब्ध समय, प्रविधि तथा स्रोत साधनको समुचित रुपमा प्रयोग तथा परिचालन गरी अधिकतम शैक्षिक उपलब्धि हासिल गर्ने कार्य शैक्षिक व्यवस्थापन हो । सक्षम, प्रभावकारी र गुणस्तरीय शैक्षिक कार्य सम्पादन गर्न सिङ्गो शिक्षा प्रणाली देखि विद्यालय सम्म शैक्षिक गतिविधिको व्यवस्थापन गर्ने कार्य नै शिक्षाको व्यवस्थापन हो । शैक्षिक व्यवस्थापनको जिम्मेवारी पूरा गर्न नेपालमा सङ्घीय व्यवस्थामा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ, प्रदेशमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास डिभिजन कार्यालय, पालिकामा शिक्षा, युवा तथा खेलकुद शाखा र विद्यालयहरु रहेका छन् । व्यवस्थित, प्रभावकारी र कुशल शैक्षिक व्यवस्थापनको लागि योजना, सँगठन, निर्देशन, नियन्त्रण, समन्वय, नेतृत्व, बजेटिङ, रिपोर्टिङ तथा विविध कुराहरुको व्यवस्थापकीय कार्य प्रक्रिया अवलम्बन गर्नु पर्दछ । आम जनताले खोजे जस्तो र रोजे जस्तो व्यवस्था भएको जनहित र उत्थानमा केन्द्रित सेवामा पहुँच भएको र गुणस्तर उच्च भएको शासन नै शैक्षिक सुशासन हो । शिक्षामा हुने गुणस्तरीय सेवा पद्धति शैक्षिक सुशासन हो । उपलब्ध स्रोत साधनहरुको विवेकपूर्ण ढंगले सञ्चालन गरी अपेक्षित उपलब्धि हासिल गर्न मिलाईने चाँजोपाँजो नै व्यवस्थापन हो । आर्थिक, भौतिक, प्राविधिक, सूचना तथा मानवीय स्रोत नै साधन स्रोत हुन् जसको समुचित परिचालन र गुणस्तरीय प्रतिफल तथा नतिजा प्राप्तिको असल विधि पद्धति व्यवस्थापन हो । सुशासन तथा व्यवस्थापन अन्तरसम्बन्धित सेवामुखी कुशलताहरु हुन् ।

तसर्थ कुनै पनि शैक्षिक सङ्घ संस्था, कार्यालय, विद्यालयमा काम गर्न खटिएका मानवीय शक्तिहरुको क्षमता विकास, भौतिक संरचना विकास, उत्प्रेरणा, मनोबल वृद्धि, काम गर्न सक्ने सीप, सक्षमता अभिवृद्धि गर्ने कार्य नै संस्थागत क्षमता विकास हो । बदलिंदो समय, परिवेश, स्थान र माग अनुसार शासन प्रक्रिया, स्रोत व्यवस्थापन, क्षमता विकास गरेमा मात्र शैक्षिक गुणस्तरमा सुधार आउनेछ । सूचना तथा सञ्चार प्रविधिको द्रुत विकासले विश्व नै एक सानो गाउँको रुपमा परिणत भएको समयमा ज्ञान विज्ञानको विष्फोट, सामाजिक चेतनाको विकास र सेवा प्रदायकको सेवाग्राही प्रतिको उत्तरदायित्व जस्ता कुरालाई केन्द्रबिन्दुमा राख्दा स्थानीय तहको संस्थागत संरचना तथा क्षमता विकास सम्बन्धी क्रियाकलापहरुलाई सुशासन तथा व्यवस्थापनसँग जोडेर अगाडि बढाउन अत्यावश्यक छ ।

### ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

#### ६.१.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिएको र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा सम्बन्धी २३ ओटा अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ । आधारभूत तहको कक्षा ८ को परीक्षा सञ्चालनको जिम्मा, बालविकास देखि कक्षा १२ सम्मको सञ्चालन र रेखदेखको जिम्मा समेत स्थानीय निकायलाई छ । तरपनि SEE र कक्षा १२ प्रदेश तथा सङ्घीय सरकारसम्मको रेखदेखमा छन् । विद्यालयमा शिक्षकहरुको पेसागत विकास तथा अनुगमन, सुपरिवेक्षण, निरीक्षणलाई अझै व्यवस्थित बनाउनुपर्ने आवश्यकता छ । स्थानीय तहले शिक्षाको क्षेत्रमा थप सकृयता देखाइ सङ्घ र प्रदेशसँग

सहकार्य गर्दै वर्तमान शिक्षा क्षेत्रको व्यवस्थापन, संरचना विकास तथा क्षमता विकास गरी शैक्षिक योजनाको कार्यान्वयन गर्न सके मात्र सबै क्षेत्रको विकासको पूर्वाधार शिक्षा क्षेत्र मजवुत हुने देखिन्छ।

प्युठान नगरपालिका भित्रका शैक्षिक संरचना तथा तहहरु निम्नानुसार छन् :
स्नातकोत्तरसम्म पढाइ हुने क्याम्पस १, स्नातकसम्म पढाइ हुने क्याम्पस १, कक्षा ११,१२ सञ्चालित विद्यालय ४, प्राविधिक धार सञ्चालित विद्यालय ३, सामुदायिक मा. वि. १२, संस्थागत मा. वि. ४, आधारभूत विद्यालय ११ (सामुदायिक ८ र संस्थागत ३), कक्षा ५ सम्म सञ्चालित विद्यालय सङ्ख्या संस्थागत समेत २४, कक्षा ३ सम्म सञ्चालित विद्यालय सङ्ख्या संस्थागत समेत १२, विद्यालयमा आधारित बालविकास ५०, समुदायमा आधारित बालविकास २५,सामुदायिक सिकाइ केन्द्रहरु ५, खुला विद्यालय १, वैकल्पिक विद्यालय २, स्रोत कक्षा सञ्चालित विद्यालय २ रहेका छन।

सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गरिएको छ। । प्युठान नगरपालिकाले विद्यालयको भौतिक पूर्वाधार विकास, शिक्षकको सिकाइ क्षमता विकास, लेखा व्यवस्थापन तालिम, प्राविधिक तालिम, विज्ञान प्रयोगशाला, पुस्तकालयको स्थापना, विद्यार्थीको लागि अतिरिक्त क्रियाकलाप, खेलकुद सञ्चालन, सिकाइ सहजीकरण तालिम, विद्यालय व्यवस्थापन समितिको क्षमता विकास र जिम्मेवारी उत्तरदायित्व बोध गराउने तालिम, बालविकास सहजकर्ता तालिम, सरोकारवालालाई विद्यार्थीको सिकाइ अभिवृद्धि गराउने तालिम, ट्राफिक सचेतना तालिम, लागुपदार्थ तथा बाल दुर्व्यवहार विरुद्ध सचेतना कार्यक्रम, ICT तालिम आदि कार्यक्रम सञ्चालन गर्दै आएको पाइन्छ । यसका साथै नगर शिक्षा ऐन निर्माण र कार्यान्वयन, विद्यालयहरुले विद्यालय सञ्चालन कार्यविधि निर्माण र प्रयोग, विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण, जनशक्ति व्यवस्थापन, सामाजिक परीक्षण, लेखा परीक्षण, अभिभावक भेला, विद्यालयमा गुनासो पेटिका, रेडक्रस, स्काउट, बाल सञ्जाल गठन, विद्यालयको सिकाइ, मूल्याङ्कन, शिक्षक विद्यार्थी प्रोत्साहन कार्यक्रम तथा मूल्याङ्कन र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै सुशासन र क्षमता विकासको मार्गमा अग्रसर रहेको पाइन्छ।

| अवसर | चुनौतीहरु |
|---|---|
| १. इन्टरनेटको पहुँच विस्तार<br>२. विद्यालयको समस्या स्थानीय तहबाटै समाधान<br>३. स्थानीय तहको नतिजामुखी शैक्षिक व्यवस्थापन तथा संस्थागत जनशक्तिको क्षमता विकास | १. नगरपालिकामा पर्याप्त जनशक्तिको उपलब्धता<br>२. प्रविधिमैत्री सिकाइ सहजीकरण<br>३. बालबालिकालाई विद्यालयमा झिकाउने, टिकाउने, सिकाउने र बिकाउने कार्य<br>४. प्रविधिको दुरुपयोगलाई न्यूनीकरण गर्ने कार्य |

**६.१.२ उद्देश्य**

संस्थागत क्षमता विकाससँग सम्बन्धित स्थानीय तहका उद्देश्यहरु निम्नानुसार छन :-

१. स्थानीय तह र विद्यालयबीच प्रभावकारी अन्तर सम्बन्ध र संस्थागत संयन्त्रको विकास गर्नु।

२. स्थानीय तह र विद्यालयमा आवश्यक जनशक्ति व्यवस्था गर्नु।

३. उत्तरदायी र जवाफदेही सुशासन पद्धतिको विकास गर्नु।

४. जनशक्तिको क्षमता विकास र संस्थाको कार्यसम्पादन वृद्धि गर्नु।

### ६.१.३ रणनीति

माथि उल्लेखित उद्धेश्य हासिल गर्नका लागि निम्न बमोजिमका रणनीतिहरु अपनाइने छन् :-

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति, ऐन, कानुन निर्माण गर्ने
२. संस्थागत संरचना अनुसार जनशक्ति व्यवस्थापन गर्ने
३. सबै तहमा आवश्यक कार्यरत जनशक्तिको क्षमता विकास गर्ने
४. शिक्षक पेशागत सहयोग प्रणाली स्थापना गर्ने
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घलाई थप जिम्मेवार बनाउन क्षमता विकास गर्ने
६. सक्षम र प्रभावकारी कार्यसम्पादनको लागि स्रोत साधन व्यवस्थापन गर्ने।
७. विद्यालयमा कार्यसम्पादन र सक्षमताको आधारमा प्रधानाध्यापक नियुक्ति गर्ने।
८. शैक्षिक तथ्याङ्क सङ्कलन र विश्लेषण गरी शैक्षिक सुधारको योजना कार्यान्वयन गर्ने।
९. बनाइने संरचनाको पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री र दिगो विकासको अवधारणा अनुरुप गर्ने।
१०. समुदायमा रहेका शैक्षिक प्रबुद्ध व्यक्तित्वको समूह बनाइ शैक्षिक सुदृढीकरण गर्ने।
११. शैक्षिक नीति, नियम, कानुन, मापदण्ड, कार्यविधि निर्माण गरी लागु गर्ने।
१२. नगर शिक्षा समितिलाई विद्यालयको अनुगमन निरीक्षणमा जिम्मेवार बनाउने।
१३. शिक्षालाई समावेशी, समतामूलक, विविधता र पहुँचयोग्य बनाउने।
१४. पेशागत सहायताबाट शिक्षकको कार्यसम्पादन वृद्धि गर्ने।
१५. समय समयमा अभिभावक शिक्षा, उत्प्रेरणात्मक कक्षा र अन्तर्किया कार्यक्रम सञ्चालन गर्ने।
१६. संस्थागत विकासको लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य गर्ने।
१७. नगरपालिकामा शिक्षालाई पहिलो प्राथमिकतामा राखी साधन स्रोत सम्पन्न बनाउने।
१८. प्रचलित नीति, नियम र शिक्षा नियमावली अनुसार प्रधानाध्यापक व्यवस्थापन गर्ने।

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु

१. स्थानीय तह र विद्यालयमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ।
२. संस्थागत क्षमता अभिवृद्धि भइ उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।
३. स्रोत साधनको उचित परिचालन भइ प्रभावकारी कार्यसम्पादन भएको हुनेछ।
४. विद्यालय तथा शैक्षिक संस्थाहरुमा प्रवर्द्धन भइ उत्तरदायी र जवाफदेही प्रणालीको विकास भएको हुनेछ।

**प्रमुख नतिजा**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्युतीय हाजिरी भएका विद्यालय | १० | १० | १२ | १५ | १९ | १९ |
| २ | मापदण्ड बमोजिम प्र.अ. नियुक्ति भएका विद्यालय | ० | ० | ३ | ३६ | ५१ | ५१ |
| ३ | नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्र. अ. | १५ | १५ | १६ | १७ | २७ | ५१ |
| ४ | समयमै लेखापरीक्षण तथा सामाजिक परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ६४ | ६४ | ६४ | ६४ | ६४ | ६४ |
| ५ | समयमै वि व्य. स. / शि. अ. स गठन भएका विद्यालय सङ्ख्या | ६४ | ६४ | ६४ | ६४ | ६४ | ६४ |
| ६ | गुनासो सुझाव पेटिका, सूचना पाटी, प्राथमिक उपचार कक्ष व्यवस्थापन गर्ने विद्यालय सङ्ख्या | १ | १ | १२ | १९ | ६४ | ६४ |
| ७ | विभिन्न विभागका सम्पर्क व्यक्तिहरुको व्यवस्था गर्ने विद्यालय सङ्ख्या | २ | २ | १२ | १९ | ६४ | ६४ |

### ६.१.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु निम्नानुसार हुनेछन ।

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नगरपालिकाको शिक्षा नियमावली निर्माण | वटा | १ | ० | ० | ० | ० | १ | १ | |
| २ | आवश्यक निर्देशिका, कार्यविधि निर्माण तथा परिमार्जन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | शिक्षा क्षेत्रको तथ्याङ्क प्रणालीको सुदृढीकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | नगरपालिका शिक्षा पार्श्वचित्र निर्माण | निरन्तर | १ | ० | ० | ० | ० | १ | १ | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने गराउने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ, सुरक्षा, विपत् तथा महामारी सम्बन्धी संयन्त्र विकास गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | |

### ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना साध्य होइन लक्ष्यमा पुग्ने साधन हो भने कार्यान्वयन योग्य योजना नै सफल योजना हो । अतः कुनै पनि योजना लागु गर्न सकिने गरी निर्माण गर्नु पर्दछ । यसर्थ योजना निर्माणको जति महत्त्व छ त्यो भन्दा धेरै महत्व त्यसको कार्यान्वयन प्रबन्धमा रहन्छ । शैक्षिक योजना सँगै योजनाको कार्यान्वयन प्रबन्ध अनिवार्य सर्त हुन आउँछ । प्रबन्ध सहितको शिक्षा योजनाले मात्र शिक्षामा अपेक्षित परिवर्तन ल्याउन सक्छ ।

सामान्यतया स्थानीय तहमा शिक्षा योजना बनाउँदा त्यस पालिकाको भौगोलिक, आर्थिक अवस्था, सामाजिक सांस्कृतिक संरचना तथा उपलब्ध जनशक्ति एवम् अन्य साधन र स्रोतलाई ख्याल गरिएको हुन्छ । यी तत्त्वहरूलाई मध्यनजर गरी निर्माण भएका शिक्षा योजना नै लागु गर्न सकिन्छ । त्यस्तो योजना परिणाममुखी हुन सक्छ तसर्थ, शिक्षा योजना वस्तुवादी बन्नु आवश्यक छ ।

नगर शिक्षा योजना लागु गर्ने मुख्य जिम्मेवारी नगरपालिका तथा नगर शिक्षा समितिको हो । तथापि, विद्यालय, शिक्षक, विधार्थी वडा कार्यलय, सङ्घीय एवम् प्रदेश सरकार, स्थानीय समुदाय, अभिभावक विद्यालय व्यवस्थापन समिति एवम् अन्य सरोकारवाला सबैको महत्वपूर्ण भूमिका रहनेमा दुई मत हुन सक्दैन । स्थानीय समुदाय तथा अविभावकहरुलाई जिम्मेवार बनाइ शिक्षा योजना प्रति स्वामित्वको भावना जागृत हुनु योजना कार्यान्वयन को लागि अत्यावश्यक हुन आउछ । यी सबै पक्षहरुलाई एकतावद्ध गरी कार्यान्वयन चरणमा प्रवेश गर्नु प्रधानाध्यापकको केन्द्रीय भूमिका रहन्छ । प्रधानाध्यापक सक्षम, क्षमतावान, सबल, धैर्य, योग्य, आत्मविश्वासपूर्ण, स्वतन्त्र, निष्पक्ष, निडर, सदाचार एवम् पारदर्शी र जवाफदेही हुनु अनिवार्य छ । प्रद्यानाध्यापकको मातहतमा रही योजना कार्यान्वयन गर्ने महत्वपूर्ण व्यक्तिहरु भनेका शिक्षकहरु पनि हुन् । शिक्षकहरु क्षमतावान हुनुका साथै समर्पित, धैर्यवान, कार्यकुशल, सहनशील, समदर्शी, निरन्तर प्रयासरत, इमान्दार तथा जवाफदेही, हुन नसकेमा शिक्षा योजना कार्यान्वयन हुन सक्दैन । त्यसैगरि शिक्षा योजना सफल कार्यान्वयनको लागि वार्षिक शैक्षिक योजना र कार्यक्रम, आर्थिक व्यवस्थापन जनशक्ति उत्पादन एवम् व्यवस्थापन, र विविध क्रियाकलापको निर्धारण एवम् तिनीहरुको प्रभावकारी कार्यान्वयन बिना सम्भव हुँदैन ।

प्युठान नगरपालिका द्वारा निर्मित १० वर्षे शिक्षा योजना लागु गर्नु र निर्दिष्ट लक्ष्य हासिल गर्नु चुनौतिपूर्ण कार्य हो । तथापि यस नगरपालिको वस्तुस्थितिलाई ख्याल राख्दै योजना निर्माण अघि बढाइएकोले सफल कार्यान्वयन गर्न सकिन्छ भन्नेमा विश्वस्त हुन जरुरी छ । सफल कार्यान्वयनका लागि सफल प्रबन्धको आवश्यकतालाई कदापि नकार्न सकिदैन । यसको सफल कार्यान्वयनका लागि नै यो प्रबन्ध तयार गरिएको छ ।

#### ६.२.१ वर्तमान अवस्था

प्युठान नगरपालिकाले आफ्नो स्थानीय तहमा निर्माण गरिएका विभिन्न योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी आईपरेको छ । स्थानीय तहमा कार्यरत जनशक्तिको व्यवस्था, वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनको अवस्था, आवश्यक स्रोत साधनको व्यवस्थापन लगायत विभिन्न ऐन, नियम, कार्यविधि निर्माण गरी प्रबोधीकरण गरेको छ ।

प्युठान नगरपालिकाले यस पूर्व वि. सं. २०७४ मा केहि विषय वस्तु समेटी त्रिवर्षीय शैक्षिक योजना निर्माण गरेको थियो । " सबैका लागि शिक्षा" कार्यक्रम बमोजिम प्युठान नगरपालिकाले सम्पुर्ण नगरबासी बालबालिकालाई

विद्यालय भित्र्याउन र टिकाउन सकारात्मक प्रयास गरेका साथै नगरपालिका भित्रका सबै विद्यालयहरुमा बालविकास देखि कक्षा १० सम्म निःशुल्क नीतिलाई कार्यन्वयनमा ल्याएको छ। यस पालिकामा रहेका विभिन्न गैर सरकार संस्थाहरुले भर्ना कार्य, पुस्तकालय, शैक्षिक सामाग्री एवम् विद्यालय भवन निर्माण तथा विद्यालय सुशासन कार्यमा भौतिक, आर्थिक, कार्यक्रमिक, एवम् अन्य सुधारमा सहयोग गरेको थियो भने शिक्षक दरबन्दी मिलान, दरबन्दी थप, पालिका अनुदान शिक्षक वितरण जस्ता कार्य सम्पन्न गरी विद्यार्थी शिक्षक अनुपातलाई संयोजन गर्न प्रयत्न गरेको थियो।

| | |
|---|---|
| सबल पक्षहरू | १. नगर शिक्षा ऐन निर्माण भइ लागु गरिएको।<br>२. विद्यार्थी, शिक्षक तथा अभिभावक आचारसंहिता निर्माण<br>३. जनता मा. वि. बाग्दुला सङ्घीय सरकारको नमुना माध्यमिक विद्यालय घोषित भई सहयोग प्राप्त<br>४. मुक्ति मा. वि. रातामाटा प्रदेश अर्न्तगत नमुना मा. वि. घोषित<br>५. नगरपालिका द्वारा शैक्षिक क्यालेन्डर निर्माण गरि विद्यालयहरूलाई वितरण गरिएको।<br>६. मुक्ति मा. वि. असहाय एवम् अनाथ बालबालिकालाई आवासीय सुविधा सहित सम्पूर्ण सेवा सुविधा दिइ पठन-पाठनमा सरिक गराइरहेको |
| चुनौतीहरु | ७. शिक्षामा अपर्याप्त लगानी<br>८. समुदाय एवम् अभिभावकहरुको विद्यालय एवम् विद्यार्थीको सिकाइ प्रति चासो घट्दै जानु।<br>९. कक्षा ११-१२ को शुल्कलाई कम गरी (affordable) गराउन।<br>१०.शैक्षिक क्यालेण्डरका साथै प्रत्येक विद्यालमा शिक्षा योजना कार्यान्वयनका खातिर वार्षिक एवम् बहुवर्षिय कार्यक्रम निर्माण।<br>११. एउटै विद्यालय भित्र विभिन्न थरिका शिक्षकहरू बीचमा संयोजन, एकता, समनता कायम गरी समान जोस, जाँगर तथा जिम्मेवारी बोध गराउनु।<br>१२.शिक्षक दरबन्दी मिलानको लागि शिक्षक तालिम, विषय थप,दरबन्दी मिलान इत्यादि मा चुनौति।<br>१३.आचार संहिताहरु कडाइका साथ लागु नभएको अवस्था। |

### ६.२.२ उद्देश्य

योजनाको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित उद्देश्यहरु

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।
२. आवश्यक साधन स्रोत साधाको खोजि, पहिचान एवम् परिचालन गर्नु।
३. शिक्षा योजना कार्यान्वयन गर्न बजेट तर्जुमा गर्न लगाउनु।
४. कार्यक्रमहरुको नियमित अनुगमन, सुपरिवेक्षण, मुल्याङ्कन गर्नु।

### ६.२.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि स्थानीय तहले अपनाउने रणनीतिहरु

१. शैक्षिक योजना कार्यान्वयन खातिर संयन्त्रहरुको निर्माण गर्ने ।

२. तहगत एवम् विद्यार्थी सङ्ख्या र विषयगत आधारमा दरबन्दी कायम गर्नु ।

३. स्थानीय तह शिक्षा, युवा तथा खेलकुद शाखा एवम् विद्यालयलाई सक्षम र साधन स्रोत सम्पन्न गराउने ।

४. स्रोत जुटाउन सङ्घ प्रदेश तथा अन्य सङ्घ संस्था सँग समन्वय गर्ने।

५. विद्यालयमा शैक्षिक वातावरण कायम राख्ने एवम् गुणस्तर वृद्धि गर्ने ।

६. प्रत्येक विद्यालयमा शैक्षिक कार्यक्रम निर्माण गर्न लगाई लागु गर्ने ।

७. प्रधानाध्यापक एवम् शिक्षकहरुलाई क्षमता वृद्धि गराउने ।

८. समुदाय एवम् अविभावकहरुलाई जिम्मेवारपूर्ण बनाइ शैक्षिक कार्यक्रम सञ्चालन कार्यमा सहजीकरण गर्न लगाउने ।

९. विद्यलयहरुमा रहेको शैक्षिक असमानता हटाई समान शैक्षिक उपलब्धि हासिल गराउने ।

१०. विद्यालयहरुलाई बाह्य हस्तक्षेपवाट मुक्त बनाउने ।

११. परीक्षा प्रणालीमा सुधार ल्याउने ।

१२.अनुगमन तथा सुपरिवेक्षणका कार्यहरु मर्यादित, व्यवस्थित एवम् परिणाममुखी बनाउने ।

१३. अनुगमन तथा सुपरिवेक्षणका विभिन्न सूचक तथा सुचाङ्कहरु निर्माण गर्ने ।

१४. प्रत्येक विद्यालय एवम् अध्ययन केन्द्रहरुमा वार्षिक बजेट निर्माण गरी रकम विनियोजन गर्ने ।

१५. सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू गर्ने ।

**कार्यनीतिहरु**

१. नगरपालिका स्तरमा जनप्रतिनिधि, शिक्षा शाखा, शिक्षा समिति, अविभावक शिक्षक प्रतिनिधि, सम्मिलित योजना कार्यान्वयन संयन्त्र निर्माण ।

२. विद्यमान शिक्षक दरबन्दीहरु पुनरावलोकन र मिलान गर्ने ।

३. पालिका स्तरमा शिक्षा सम्बन्धी विषयमा कार्यशाला-गोष्ठी, सेमिनार शैक्षिक सम्मेलन तथा प्रदर्शनीको आयोजना गर्ने तथा शिक्षक तालिम दिने ।

४. शिक्षा शाखालाई आवश्यक जनशक्ति थप गरी तालिमको व्यवस्था गर्ने ।

५. सूचना तथा सञ्चार प्रविधिको भरपर्दो व्यवस्था गर्ने ।

६. निःशुल्क शिक्षालाई थप प्रभावकारी बनाउन विद्यालयलाई आवश्यक अनुदान वितरण, व्यवस्थित गर्दै निरन्तरता दिने । प्राथमिकताको आधारमा बजेट निर्धारण एवम् वितरण गर्ने ।

७. विद्यालयहरुमा भौतिक संरचना, खानेपानी, खेल मैदान, कक्षाकोठा, छात्रावासको सङ्ख्या एवम् गुणस्तर वृद्धि गर्ने ।

८. स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र सामाग्रीहरु निर्माण गरी लागु गर्ने ।

९. विद्यालय पुग्न नसकेका विभिन्न उमेर समुहका बालबालिकाहरुलाई वैयक्तिक शिक्षा एवम् व्यवसायिक तालिमको व्यवस्था गर्ने ।

१०. अभिभावहरुलाई अभिभावकीय शिक्षाको व्यवस्था गरी योजना कार्यान्वयन प्रति जिम्मेवार बनाउने ।

११. सामुदायिक एवम् संस्थागत विद्यालयहरू बीचको शैक्षिक असमानता हटाउन शिक्षकहरुको बीचमा असल अभ्यासको आदन प्रदान गरी लागु गर्ने ।

१२. विद्यालय शान्ति क्षेत्रको मान्यतालाई कडाइका साथ लागु गरी विद्यालय भित्र कुनै राजनैतिक कार्यक्रम सञ्चालन नगर्ने ।

१३. विद्यार्थी एवम् शिक्षकहरु माथि हुने राजनैतिक दबाबबाट मुक्त गर्ने ।

१४. लिखित परीक्षालाई मात्र महत्व नदिई Project work, interview, प्रयोगात्मक assignment system, समूह छलफल इत्यादिलाई पनि शैक्षिक मूल्याङ्कनको मूल प्रवाहमा ल्याउने ।

१५. STEAM वा STEM शिक्षामा जोड दिई आधारभूत तहका कक्षा १ देखि ४ सम्म एकिकृत पाठ्यक्रमको मर्मअनुसार शिक्षण गर्ने

१६. नगरपालिका द्वारा निर्मित संयन्त्रद्वारा नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

१७. योजनाको कार्यन्वयन एवम् शैक्षिक उपलब्धिको सहि मुल्याङ्कन गर्न सूचक तयार गरी लागु गर्ने ।

१८. विद्यालय व्यवस्थापन समिति प्रधानाध्यापक एवम् शिक्षक तथा कर्मचारीहरुलाई पुरस्कार एवम् प्रोत्साहनको व्यवस्था गर्ने ।

१९. शिक्षा विकास तथा समन्वय इकाइ प्युठानसँग सहयोग, सहकार्य, समन्वय कायम गर्ने ।

### ६.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

२. विद्यालय, अभिभावक, समुदाय, प्युठान नगरपालिका तथा अन्य सरोकारवालाहरुको बिचमा राम्रो समन्वय भई योजना कार्यन्वयवमा देखिएका समस्या एवम् चुनौतिलाई समाधान गर्न सफलता मिलेको हुनेछ ।

३. विद्यालयहरुमा नियमित रूपमा बजेट विनियोजन भएको हुनेछ ।

४. नियमित रुपमा अनुगमन, सुपरिवेक्षण एवम् मुल्याङ्कन भएको हुनेछ ।

५. स्थानीय पाठ्यक्रम लागु भएको हुनेछ ।

६. प्रधानाध्यापक एवम् शिक्षकहरूको क्षमता वृद्धि भई समग्र शैक्षिक गतिविधिमा उल्लेख्य सुधार भएको हुनेछ ।

**प्रमुख नतिजा**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक बजेट तथा कार्यक्रम | १२ | १२ | १५ | १९ | ६४ | ६४ |
| २ | वार्षिक शैक्षिक कार्ययोजना | १२ | १२ | १५ | १९ | ६४ | ६४ |
| ३ | विद्यालय सुरक्षा योजना निर्माण एवम् अध्यावधिक | १२ | १२ | १५ | १९ | ६४ | ६४ |
| ४ | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण | ६४ | ६४ | ६४ | ६४ | ६४ | ६४ |

## ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

योजना कार्यान्वयनका लागि गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक पेशागत सहयोगको लागि अनुगमन कार्यविधि निर्माण | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | वार्षिक शैक्षिक कार्ययोजना निर्माण तथा अद्यावधिक गर्ने विद्यालय | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |

## परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

प्युठान नगरपालिकामा विगतमा तयार गरिएका योजना बाट शिक्षा क्षेत्रमा के कति उपलब्धिहरु हासिल भए भन्ने शिक्षाका लक्ष्य र उद्देश्यहरु के कति परिपूर्ति भए भन्ने आधार शिक्षा क्षेत्रमा भएको लगानीमा निर्भर रहन्छ ।प्युठान नगरपालिका को दिर्घकालीन शैक्षिक हितको लागि शैक्षिक योजना निर्माण गर्दा आर्थिक स्रोतको सहि पहिचान र परिचालन गर्नुपर्ने आधारहरु तय गरिनु पर्दछ । आर्थिक स्रोतको व्यवस्थापन गर्दा कतिपय क्रिकलापलाई निरन्तरता दिने र कतिपय नयाँ कार्यक्रम थप गर्ने कुरामा विचार पुऱ्याउनु पर्दछ । नेपालको संविधान २०७२, शिक्षा ऐन २०२८ को नवौ संशोधनले नि:शुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ ले परिलक्षित गरेको अनिवार्य तथा नि:शुल्क आधारभुत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षा प्रदान गर्न सङ्घ तथा प्रदेश सँग समन्वय गरी प्युठान नगरपालिकाले आवश्यकता अनुसार बजेट उपलब्ध गराउनु पर्दछ ।

बालविकास देखी कआ १२ सम्मको शिक्षा सञ्चालन, व्यवस्थापन र रेखदेखको सबै जिम्मेवारी स्थानीय तहलाई दिइए पनि प्युठान नगरपालिकामा कतिपय भौतिक पूर्वाधार निर्माण केही छात्रवृत्ति दिवा खाजा सेनेटरी प्याड लगायतका कार्यक्रममा सङ्घ तथा प्रदेशबाट पनि प्युठान नगरपालिकालाई सहयोग उपलब्ध हुँदै आएकोछ। तसर्थ पुराना प्रभावकारी कार्यक्रमको निरन्तरता र नयाँ योजनाको कार्यान्वयनको प्युठान नगरपालिकाको शिक्षा क्षेत्रका लागि लगानी तथा स्रोत व्यवस्थापन अपरिहार्य देखिन्छ ।

### ७.१ वर्तमान अवस्था

प्युठान नगरपालिका भित्रका सबै बालबालिकाको शिक्षामा पहुँच पुऱ्याउनको लागि शिक्षा क्षेत्रमा लगानी र स्रोतको सुनिश्चितता हुने लक्ष्यका साथ शिक्षा क्षेत्रमा जति लगानी बढाइन्छ त्यति नै दशक मान संशोधन विकास हुन्छ भन्ने कुरामा प्युठान नगरपालिका दृढ देखिन्छ । तर वर्तमान अवस्थामा शिक्षामा अन्य क्षेत्रको तुलनामा लगानी बढाउनुपर्दछ भन्ने विभिन्न सङ्घ, संगठन, कार्यहित र विज्ञको सुझावका बाबजुद पनि प्युठान नगरपालिकाले आ. व. ०८१/८२ मा आन्तरिक तर्फको कुल बजेटको १४.६% विनियोजन गरेको पाइन्छ । त्यस बजेटबाट आधारभूत तह र नि:शुल्क र अनिवार्य तथा माध्यमिक तह नि:शुल्क गर्ने प्रयोजनको लागि विद्यालयहरुलाई विद्यार्थी सङ्ख्याको आधारमा रकम अनुदान, नि:शुल्क छात्रवृत्ति व्यवस्था गरिएको छ । बालविकास देखि कक्षा ५ सम्म दिवा खाजा ६-१२ सम्म सेनेटरी प्याडको व्यवस्था गरिएको छ । यसरी नेपालका संविधान २०७२ बमोजिम प्युठान नगरपालिकाले शिक्षा क्षेत्रमा केही गर्ने जमर्को गरेपनि केही निम्न चुनौतिहरु सामना गर्नु परेको देखिन्छ ।

१. विद्यालय शिक्षामा लगानी वृद्धि गर्नुपर्ने र सो को लागि दिगो स्रोत व्यवस्थापन ।
२. विद्यार्थी सङ्ख्याको आधारमा प्रदान गरिने अनुदान (कम को वृद्धिर निरन्तरताको लागि दिगो स्रोत व्यवस्थापन गरिनु पर्छ) ।
३. अनाथ बालबालिकाका लागि नि:शुल्क अवस्था मा शिक्षा प्रदान गर्ने कार्यक्रमलाई दिगो रुपमा सञ्चालन गर्ने संयन्त्र निर्माण ।
४. नगरपालिका भित्र सञ्चालित प्राविधिक धारका कार्यक्रम र pre-diploma programme लाई थप सुधार र विस्तार गर्न बजेट तर्जुमा गर्नु ।
५. वित्तीय प्रबन्धको लागि सङ्घ संस्था तथा दाताहरु सँग सहकार्य गरी उपयुक्त सञ्जाल निर्माण गर्नु ।
६. निजी क्षेत्रलाई शैक्षिक लगानीमा आकर्षित गर्नु ।

### ७.२ उद्देश्य

यस प्युठान नगरपालिकाको शिक्षामा लगानी र स्रोत व्यवस्थापनको लागि निम्नानुसारका उद्देश्यहरु राखिएको छ।

१. १० वर्षे शिक्षा योजना अनुसार विद्यालय शिक्षामा आवश्यक बजेट प्रक्षेपण गर्नु।

२. योजना अनुसार तय गरिएका नयाँ शैक्षिक कार्यक्रमको लागि आवश्यक बजेट र मानव संशाधन पहिचान गर्नु

३. उपलब्ध लगानी तथा स्रोतलाई प्राथमिकताका आधारमा खर्च गर्ने संयन्त्र निर्माण गर्नु।

४. लगानी प्रकृया, उपयोगीता, उपलब्धि हासिल गर्न को लागि उपयुक्त पद्धतिको विकास गर्नु।

### ७.३ रणनीति

*माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि नगरपालिकाले अपनाउने रणनीतिहरु*

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने।

२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने।

३. वार्षिक रूपमा कुल बजेटको १७ प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने।

४. शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने।

५. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने।

**कार्यनिति** :-

१. सङ्घ र प्रदेशबाट प्राप्त स्रोतको अधिकतम प्रयोग गरिने र थप स्रोत व्यवस्थापन गर्ने।

२. सङ्घ र प्रदेशवाट प्राप्त नमूना विद्यालय गुरुयोजना अनुसारको बजेट र ससर्त अनुदान कार्यक्रम विस्तार गर्ने।

३. सुचना तथा सञ्चार प्रविधिको विस्तारका लागि विभिन्न सङ्घसंस्था सँग प्युठान नगरपालिकाले समन्वय गरी संयुक्त प्रयासमा सञ्चालन गर्ने।

४. शिक्षाको पेशागत विकास र क्षमता विकास गर्नको लागि सङ्घ र प्रदेशले ल्याएका समता विकास कार्यक्रमका अतिरिक्त प्युठान नगरपालिकाले थप क्षमता विकास कार्यक्रम गर्नका लागि आवश्यक बजेट स्थानीय सरकारको लगानीमा गर्ने।

५. प्युठान नगरपालिकाले पालिका अनुदान शिक्षकलाई व्यवस्थित गर्न स्रोत व्यवस्थापन गर्ने ।

६. बालविकास देखि माध्यमिक तहसम्म प्राविधिक धार, pre-diploma program शैक्षिक सुधार गर्नको लागि सङ्घ र प्रदेशबाट बजेट माग गर्ने र अपुग रकम प्युठान नगरपालिका बाट प्रबन्ध गर्ने।

७. पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT Lab विस्तार, व्यवस्थापन गर्न सङ्घीय र प्रदेश सरकार मार्फत पहल गरिनेछ। अपुग ठाउँमा प्युठान नगरपालिकाले कार्यक्रम सञ्चालन गर्ने।

८. प्युठान नगरपालिकाका प्रत्येक वडामा खेलमैदान, बालउद्यान, वैकल्पिक सिकाइ केन्द्र स्थापना तथा व्यवस्थापनका लागि बजेट व्यवस्थापन गरिनेछ।

९. भौतिक पूर्वाधार विकासका लागि प्राप्त बजेट र पालिकाले छुट्याएको बजेटका अलावा अधिकतम जन श्रमदान परिचालन गरिनेछ।

## ७.४ प्रमुख उपलब्धि तथा नतिजा

*योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि तथा नतिजाहरू*

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुनेछ।

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ।

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट(रु हजारमा)**

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान<br>विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक, कर्मचारीहरु समेत | १३८५५४ | १५२४०९ | १६७६५० | १८४४१५ | २०२८५७ | ८४५८८६ | १६९१७७२ |
| २ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान, प्राविधिक धार सहित | ३०७५३ | ३३८२८ | ३७२११ | ४०९३२ | ४५०२५ | १८७७५० | ३७५५०० |
| ३ | प्रारम्भिक बालविकास सहजकर्ताहरुको पारिश्रमिक, तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | १६८१५ | १८४९६ | २०३४६ | २२३८० | २४६१८ | १०२६५७ | २०५३१४ |
| ४ | स्थानीयको साझेदारीमा विद्यालय, भवन निर्माण अनुदान | १८००० | १८००० | १८००० | १८००० | १९८०० | ७२००० | ९१८०० |
| ५ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | १३९७५ | १३९७५ | १३९७५ | १३९७५ | १३९७५ | ६९८७५ | १३९७५० |
| ६ | विद्यालय सञ्चालन, तथा व्यवस्थापन अनुदान | ३७५० | ३७५० | ३७५० | ३७५० | ३७५० | १८७५० | ३७५०० |
| ७ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम परम्परागत विद्यालय वैकल्पिक<br>विद्यालय साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत | १८५२ | १८५२ | १८५२ | १८५२ | १८५२ | ९२६० | १८५२० |
| ८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ७६०९ | ७६०९ | ७६०९ | ७६०९ | ७६०९ | ३८०४५ | ७६०९० |
| ९ | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | ३१८५ | ३१८५ | ३१८५ | ३१८५ | ३१८५ | १५९२५ | ३१८५० |
| १० | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | १३९२ | १३९२ | १३९२ | १३९२ | १३९२ | ६९६० | १३९२० |
| ११ | विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपूरण तथा उक्त सिकाइ योजना कार्यान्वयन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५००० |
| १२ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका कक्षा ६ देखी १२ मा अध्ययनरत | १७३६ | १७३६० | १७३६ | १७३६ | १७३६ | ८६८० | १७३६० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थीका लागि छात्रवृत्ति | | | | | | | |
| १३ | माध्यमिक तह कक्षा ९- १० मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ७५१४ | ७५१४ | ७५१४ | ७५१४ | ७५१४ | ३७५७० | ७५१४० |
| १४ | आधारभुत तह कक्षा ६- ८ मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ३६९२ | ३६९२ | ३६९२ | ३६९२ | ३६९२ | १८४६० | ३६९२० |
| १५ | प्रतिविद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान | ४२७१ | ४२७१ | ४२७१ | ४२७१ | ४२७१ | २१३५५ | ४२७१० |
| १६ | CTEVT को मापदण्ड बमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | ७००० |
| १७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति, आवासीय तथा गैरआवासीय | ३१४० | ३१४० | ३१४० | ३१४० | ३१४० | १५७०० | ३१४०० |
| १८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | ७२९७ | ७२९७ | ७२९७ | ७२९७ | ९००० | ३८१८८ | ७६३७६० |
| | कुल जम्मा | २६४७३५ | २८३३४७ | ३०३८२० | ३२६३४१ | ३५२९१४ | १५३११५८ | ३०६२३१६ |

## ख) स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट(रु हजारमा)

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | शिक्षक, कर्मचारी अनुदान | ३४३०० | ३४३०० | ३५१०० | ३५१०० | ३५१०० | ३५१०० | १७४७०० | ३४९४०० |
| २ | विद्यालय सुपरीवेक्षण | १२० | २०० | २०० | ३०० | ३०० | ३०० | १३०० | २६०० |
| ३ | शैक्षणिक योजना निर्माण | ५३० | ३०० | ३०० | ३०० | ४०० | ४०० | १७०० | ३४०० |
| ४ | आधारभूत लेखन पठन/ सीप विकास कार्यक्रम | ४०० | ५०० | ५०० | ६०० | ६०० | ६०० | २८०० | ५६०० |
| ५ | अतिरिक्त क्रियाकलाप तथा खेलकुद सञ्चालन | १६०० | २००० | २००० | २२०० | २२०० | २२०० | १०६०० | २१२०० |
| ६ | नेपाल स्काउट | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५००० |
| ७ | मर्मत सम्भार | ४०० | ५०० | ५०० | ८०० | ८०० | ८०० | ३४०० | ६८०० |
| ८ | विद्यालय तहका परीक्षा सञ्चालन | ९५० | १२५० | १२५० | १२५० | १२५० | १२५० | ६२५० | १२५०० |
| ९ | विद्यालय शिक्षक विद्यार्थी प्रोत्साहन कार्यक्रम | २५० | ३०० | ४०० | ४०० | ५०० | ५०० | २१०० | ४२०० |
| १० | बैठक व्यवस्थापन खर्च | ८०० | ८०० | ८०० | १००० | १००० | १००० | ४६०० | ९२०० |
| ११ | क्षमता विकास कार्यक्रम | ९०० | ५०० | ५०० | ६०० | ६०० | ६०० | २८०० | ५६०० |
| १२ | आवासीय विद्यालय सञ्चालन खर्च | २००० | २००० | २००० | २००० | २००० | २००० | १०००० | २०००० |
| १२ | प्रति विद्यार्थी अनुदान | ४३०० | ४३०० | ४५०० | ४५०० | ५००० | ५००० | २३३०० | ४६६०० |
| | **जम्मा** | **४७०५०** | **४७४५०** | **४८५५०** | **४९५५०** | **५०२५०** | **५०२५०** | **२४६०५०** | **४९२१००** |

### ७.६ योजनाको बार्षिक बजेट तर्जुमा प्रक्रिया

योजनामा उल्लेखित परिच्छेद ३, ४, ५ र ६ मा उल्लेखित प्रमुख क्रियाकलाप र लक्ष्यलाई प्रस्तावित भौतिक लक्ष्य मानी वार्षिक रुपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी इकाइ लागत निर्धारण गरिएको छ । सो इकाइ लागतले लक्ष्यलाई गुणन गरी वार्षिक बजेट निर्धारण गरि क्रियाकलापगत बजेटको जम्मा जोड हिसाब गरी उक्त उपक्षेत्रमा आवश्यक पर्ने बजेट हिसाब गरीएको छ ।

### ७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

योजना कार्यान्वयन गर्दा वार्षिक रुपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिक रुपमा रुपमा सङ्घ प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिक रुपमा स्रोत सुनिश्तितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गर्नुपर्दछ । यसमा योजनाका रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने र स्रोत सुनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाई समावेश गर्नुपर्छ । योजना निर्माण गर्दा स्थानीय तहको ५ वर्षे बजेट सहितको वार्षिक योजनामा उल्लेखित क्रियाकलापमा केन्द्रित भइ वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन रणनीति तयार गर्नुपर्छ । वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण गर्दा योजनाको ढाँचालाई आधार मानी तयार गर्नुपर्नेछ ।

## परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

कुनै पनि कार्यक्रम सञ्चालनको समग्र रुपरेखा तयार गर्नु योजना हो भने निर्माण भएको योजना कार्यान्वयनमा गइसके पछि त्यसको प्रभावकारिता बारे रेखदेख र लेखाजोखा गर्नु अनुगमन र मूल्याङ्कन हो । जब कुनै कार्ययोजना कार्यान्वयनमा जान्छ त्यसको सञ्चालन गर्ने पक्षबाट सो योजना अवधिभर कार्यस्थलमै उपस्थित भएर प्रत्यक्ष रुपमा रेखदेख, सुधार, सुझाव एवम् समन्वय गर्ने संस्थागत र आन्तरिक प्रक्रिया अनुगमन हो भने योजना सञ्चालनको सुरुवात, मध्य भाग र अन्त्यमा योजनाको सञ्चालन, त्यसको लगानी, प्रतिफल र प्रभावकारिता अनि देखिएको कमी कमजोरी बारे लेखाजोखा गरी त्यसबारे भावी योजनाको लागि पाठ सिकेर कार्य गर्नु मूल्याङ्कन हो । अनुगमन योजनाको प्रक्रिया, लगानी र प्रतिफलसँग सम्बन्धित हुन्छ भने मूल्याङ्कन योजनाको पूर्वनिर्धारित लक्ष्य र उद्देश्यसँग सम्बन्धित हुन्छ ।

हामीले यहाँ शिक्षा योजना निर्माण गरिरहँदा योजना निर्माण गर्नु महत्वपूर्ण पक्ष हो, त्यो भन्दा महत्वपूर्ण पक्ष योजनाको प्रभावकारी कार्यान्वयन अनि कार्यान्वयनको अवस्थामा योजनाले निर्धारण गरेका लक्ष्य, उद्देश्यहरु लक्षित वर्ग र समुदाय सम्म पुग्न सके सकेनन् त्यसबाट कस्तो प्रभाव पर्यो र कस्तो प्रतिफल प्राप्त भयो अनि निर्दिष्ट लक्ष्य उद्देश्यहरु प्राप्त भए भएनन्, योजनाका सकारात्मक र नकारात्मक पक्षहरु के के रहे, सम्बन्धित पक्ष र सरोकारवालाहरुको भूमिका र उनीहरु बीचको समन्वय एवम् सहकार्य कस्तो रह्यो यो निकै महत्वपूर्ण पक्ष हो । यही महत्वपूर्ण पक्षको लेखाजोखा नै अनुगमन र मूल्याङ्कनको पाटोभित्र पर्ने भएकाले शैक्षिक योजनाको समूल कार्यान्वयन र प्रभावकारी ढंगले लक्ष्य प्राप्ति गर्नमा अनुगमन र मूल्याङ्कन निकै महत्वपूर्ण रहेको छ । नेपाल सरकारले व्यक्त गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुप निःशुल्क एवम् अनिवार्य शिक्षा, दिगो विकास एवम् विद्यालय शिक्षा क्षेत्रसँग सम्बन्धित प्रगतिको सही अनुगमन र मूल्याङ्कन गर्नुपर्ने व्यवस्थाले पनि अनुगमन र मूल्याङ्कन शैक्षिक योजनाको महत्वपूर्ण एवम् अभिन्न अङ्गको रुपमा रहेको स्पष्ट छ ।

### ८.१ वर्तमान अवस्था

- अनुगमन संयन्त्रको व्यवस्था
- एकीकृत प्रतिवेदन प्रणालीको विकास
- सहभागितात्मक तथा सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता
- अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग विस्तार तथा व्यवस्थित
- नतिजामा आधारित अनुगमन
- शिक्षक सुपरिवेक्षण र पेशागत सहयोग
- विद्यार्थी उपलब्धि परीक्षण
- विद्यालय कार्यसम्पादन परीक्षण

नेपालमा सञ्चालित विभिन्न योजना आयोजनाहरु कार्यान्वयनमा आएको लामो समयसम्म पनि पूरा नभएको, प्रभावकारी कार्यान्वयनमा समस्या रहेको, सम्बन्धित पक्ष र सरोकारवाला बीच समन्वय र सहकार्यको अभाव रहेको, योजनामा आर्थिक पारदर्शिताको कमी रहेको, आयोजनामा जनसहभागिता र समावेशिताको कमी रहेको, कागजी रिपोर्टको आधारमा मूल्याङ्कन हुने गरेपनि प्रभावकारी अनुगमनको अभाव रहेको आदिजस्ता थुप्रै समस्याहरु रही आएको सन्दर्भमा प्युठान नगरपालिका पनि देशकै एउटा स्थानीय तह भएकोले माथि उल्लेखित देशका समस्याहरुको

धेरथोर प्रभाव यहाँ पनि परेकै छ र पर्नु स्वाभाविक पनि छ । प्युठान नगरपालिकामा शिक्षा क्षेत्रमा बनेका र कार्यान्वयनमा आएका योजनाहरु योजना निर्माणको हिसाबले निकै कमजोर रहेको कुरा यहाँको शैक्षिक गुणस्तर र प्राप्त परीक्षा नतिजा अनि सिकाइ उपलब्धिबाट प्रष्ट हुन्छ । वर्तमान अवस्थामा राज्यले स्रोत केन्द्र खारेज गरेको स्थितिमा नगरपालिका शिक्षा शाखामा नियमित र प्रभावकारी अनुगमनको लागि जनशक्ति अभाव भएको अवस्था छ । बन्दै गरेको यो नगर शिक्षा योजनाले योजनाको प्रभावकारी कार्यान्वयन र लक्षित उद्देश्य प्राप्तिको लागि प्रभावकारी मूल्याङ्कन प्रणाली र व्यवस्थित अनुगमन संयन्त्रको निर्माणको खाका सहित भावी दिनको लागि बाटो देखाउन आवश्यक छ ।

| | |
|---|---|
| सबल पक्ष | १. माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा आउनु<br>२. सूचना प्रविधिको पहुँचमा विस्तार हुनु सरोकारवाला र सर्वसाधारणमा समेत शैक्षिक गुणस्तर बारे चासो बढ्नु<br>३. राज्यले अनुगमन र मूल्याङ्कनलाई योजना कार्यान्वयनको अङ्ग बनाउनु |
| सुधार गर्नुपर्ने पक्ष | १. नियमित अनुगमन र मूल्याङ्कन हुन नसक्नु<br>२. अनुगमन र मूल्याङ्कन औपचारिकतामा मात्र सीमित हुनु<br>३. प्रभावकारी अनुगमन संयन्त्र निर्माण हुन नसक्नु |
| अवसर | १. स्थानीय तहले शैक्षिक गुणस्तर वृद्धिमा चासो बढाउनु<br>२. सूचना प्रविधिको विस्तार हुनु<br>३. नगरपालिका भित्रै शिक्षा क्षेत्रमा अनुभव प्राप्त विज्ञहरु उपलब्ध हुनु |
| चुनौति | १. नतिजामुखी अनुगमन र मूल्याङ्कन प्रणाली स्थापना गर्ने<br>२. प्रभावकारी अनुगमन संयन्त्र निर्माण र परिचालन गर्ने |

**८.२ उद्देश्य**

*अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित स्थानीय तहका उद्देश्यहरु*

१. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाउनु ।
२. नतिजामुखी अनुगमन प्रणालीको संस्कार विकास गर्नु ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
४. सम्बन्धित र सरोकारवाला निकाय बीच उचित समन्वय कायम गर्नु ।
५. कार्यस्थलमा गरिने मूल्याङ्कन र अनुगमनको आधारमा प्रोत्साहन र दण्डको व्यवस्था गर्नु ।

**८.३ रणनीति**

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि नगरपालिकाले अपनाउने रणनीतिहरु

१. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।
२. अनुगमन र मूल्याङ्कनलाई सूचना प्रविधिसँग तथा योजना कार्यान्वयनमा जोड्ने ।

३. नतिजामुखी अनुगमन प्रणालीमा जोड दिने।
४. कार्यस्थलमा अनुगमन र यथार्थ मूल्याङ्कनका आधारमा शिक्षक तथा प्रधानाध्यापकहरुलाई प्रोत्साहन र दण्डको व्यवस्था गर्ने ।

**कार्यनीतिहरु**

१. अनुगमन र मूल्याङ्कनका लागि शिक्षा शाखा र विद्यालय व्यवस्थापन समितिलाई बढी जिम्मेवार बनाउने
२. हरेक विद्यालयमा सूचना प्रविधिको पहुँच पुर्याइ त्यसलाई मूल्याङ्कन सँग जोड्ने
३. कार्यस्थलमा गएर अनुगमन गर्ने कुरा सुनिश्चित गर्ने
४. अनुगमन र मूल्याङ्कनकर्तालाई आवश्यक तालिम मार्फत क्षमता विकास गर्न कार्यक्रम सञ्चालन गर्ने
५. अनुगमनका क्रममा देखिएका कमीकमजोरी र समस्यालाई सम्बन्धित स्थानमा नै सुझाव प्रस्तुत गर्ने व्यवस्था मिलाउने

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू

१. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।
२. नगरपालिका भित्र प्रभावकारी अनुगमन संयन्त्र निर्माण भएको हुनेछ।
३. यथार्थ मूल्याङ्कनको आधारमा विद्यालय समायोजन गरिएको हुनेछ।
४. शैक्षिक गुणस्तर वृद्धि र सिकाइ उपलब्धि वृद्धिका लागि अनुगमन र मूल्याङ्कन गर्ने निकायलाई जवाफदेही बनाइएको हुनेछ।
५. सबै विद्यालयहरुमा सूचना प्रविधि मैत्री अनुगमन मूल्याङ्कन प्रणाली व्यवस्था भएको हुनेछ।
६. अनुगमन र मूल्याङ्कनको आधारमा प्रधानाध्यापक र शिक्षकलाई प्रोत्साहन र दण्डको व्यवस्था भएको हुनेछ।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू*

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ।
२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

## ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा अनुगमन तथा मूल्याङ्कनका लागि कार्यान्वियन गरिने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मुल्याङ्कन संयन्त्र निर्माण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३ | प्युठान नगरपालिका आफैले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | कार्यक्रम कार्यान्वियनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| ५ | कार्यक्रम कार्यान्वियन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वियनको अवस्थाको प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |